

● वर्ष १५ ● अंक २ ● काठमाडौं, शुक्रबार, जेठ ८, २०६६ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, May 22, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-

राजधानीमै छन् खुला अखडाहरू

● जितेन्द्र साह

क्षेत्रपाटीस्थित एक खण्डहरजस्तो पुरानो घर, जहाँ ढप्काइएको ढोका ठेल्दै भित्र पस्न सकिन्छ। बाहिरको उज्यालोबाट एक्कासि भित्र प्रवेश गर्दा अँध्यारोका कारण केही देखिँदैन। अलि भित्र छिरेपछि नगद काउन्टर अगाडि लहरै राखिएको टेबलमा झिलिमिली बलिरहेका टुकी, मैनबत्ती र केही युवती। उनीहरू त्यहाँ आउने हरेक आगन्तुकलाई नियालिरहेका हुन्छन्। प्रहरी र एकदमै नौलो अनुहार आएको देखेपछि उनीहरू पछिल्तिर रहेको गोदाममा गएर लुक्छन्।

चिसो पेय वा बियर लिएर ग्राहक टेबलमा बस्नेबित्तिकै समूहमा बसेका युवती कानेखुसी गर्न थाल्छन्। त्यसपछि उनीहरू ग्राहकको नजिक आएर आफूलाई पनि केही ख्वाउन आग्रह गर्छन्। केही बेरको कुराकानी र घुलमिलपछि उनीहरू माथिको कोठामा गएर कुरा गर्ने प्रस्ताव राख्छन्।

नयाँ आगन्तुकका लागि भुलभुलैयाझैं लाग्ने त्यो टुटेफुटेको घरमा थुप्रै कोठा छन्। अधिकांश कोठामा फोहोर ओछ्यान छ। बियरको बोत्तल, चुरोटको ठुटो र पान मसलाले दुर्गन्धित त्यो कोठामा रातभरि निदाउने कल्पनासम्म गर्न सकिँदैन। त्यहाँ दिनभरि चल्ने यौन व्यवसायको प्रमाण सिरानी, ओछ्यानको तन्ना र बाथरुमको कुनामा फालिएका परिवार नियोजनका अस्थायी साधनहरू नै हुन्।

लामो समयदेखि ठमेलको एउटा ट्राभल एन्ड ट्रेकिङ एजेन्सीमा कार्यरत एक कर्मचारी यसलाई राजधानीको सबैभन्दा सस्तो र अपत्यारिलो वेश्यालय भन्छन्। त्यहाँ ग्राहकले एकपटकमा न्यूनतम २ सयदेखि अधिकतम ४ सय रुपैयाँ तिर्नुपर्छ।

कोठा देखाउँदै त्यहाँका सञ्चालकले भने, 'राति बन्द हुन्छ, तलकामध्ये एउटी रोज्नुस्, केही घण्टा मोज गर्नुस्, साँझ नपर्दै घर फर्कनुस्।' यौनकर्मीका रूपमा त्यहाँ कार्यरत अधिकांश महिला गृहिणी र कलेजमा पढ्ने युवती भएको उनले बताए। 'इच्छा छ भने बसौं, परिचय लिएर के गर्नुहुन्छ ?' अधिकांश युवतीले ठाडो जवाफ दिए।

'उनीहरू अफिस टाइम मिलाएर १० देखि ५ बजेसम्मका लागि यहाँ आउँछन्,' सञ्चालकले भने, 'श्रीमान् र परिवारजनलाई शंका हुन नदिन रात नपर्दै फर्कन्छन्।' त्यहाँ काम गर्ने युवतीहरूमा उत्तिकै समन्वय देखियो। ग्राहकले एक हूल यौनकर्मीमध्ये रोजेर जसलाई कोठामा लगे पनि उनीहरूलाई कुनै आपत्ति हुँदैन। बिहानदेखि एउटै ग्राहक नपाएका साथीप्रति माया देखाउँदै उनीहरू भन्छन्, 'तिमी जाऊ न, तिमी।'

ठमेलको सात घुम्तीस्थित एक रेस्टुराँ। दिनभरि पर्यटकहरूको आवागमन हुने एउटा प्रतिष्ठित क्याफेसँग जोडिएको यो रेस्टुराँमा भनेको बेला यौनकर्मी पाउन सकिन्छ। यो स्थल भने तुलनात्मक रूपमा अलि महँगो छ।

'सर, त्रिशूलीबाट मोडलजस्तै नयाँ फुच्ची आएकी छे, माथि गएर हेर्नुस् न,' रेस्टुराँकी साहुनीले आफ्ना नियमित पाहुनालाई भनिन्। यहाँ न्यूनतम ५ सय रुपैयाँ तिरेर एकपटकलाई र २ हजार रुपैयाँ खर्च गरे रातभरिलाई भनेजस्ती यौनकर्मी

पृष्ठ १५ मा जारी

मध्यपृष्ठमा

सिमरन

Australia
UK
DIPLOMA
ADV. DIPLOMA
BACHELORS
MASTERS
THE NEXT

• रंगमञ्च •

गुरुकुलमा मनोवाद

गुरुकुलको रिमाल नाटक घरमा मनोवाद साइकोसिस ४:४८ मञ्चन भैरहेको छ। मार्टिन क्रेगद्वारा निर्देशित यो मनोवादमा निशा शर्माको मनोवाद छ। नववर्षको अवसर पारेर गुरुकुलले छवटा मनोवाद मञ्चन गरिरहेको छ। मञ्चित मनोवादमा सुनिल पोखरेलको 'एम्पायर न्यू क्लथ', भोजराज सापकोटाको 'अग्लि डकलिङ एन्ड द लिटिल म्याच गर्ल', कमलमणि नेपालको 'डाक्टर जेकल एन्ड मिस्टर हाइड' तथा सरिता गिरीको 'मिस मार्गारिडाज' छन्।

जलपरीको मञ्चन

गत मंगलबार तथा बिहीबार राजधानीमा नयाँ नाटक 'जलपरी' मञ्चन गरिएको छ। डबली थिएटरले उक्त नाटक मञ्चन गरेको हो। नेपाली रंगमञ्चको संरक्षण तथा समृद्धिमा टेवा पुर्‍याउने, नर्वे तथा नेपालबीचको सांस्कृतिक सम्बन्ध बढाउने तथा नयाँ कलाकारलाई अवसर प्रदान गर्ने उद्देश्यले डबली थिएटरले उक्त नाटक मञ्चन गरेको हो। हेन्रिक इब्सेनको 'लेडी फ्रम द सि' लाई नेपालीमा अनुवाद गरी 'जल परी' का रूपमा प्रस्तुत गरिएको हो। वैवाहिक जीवन तथा महिलाको मुद्दामा केन्द्रित यो नाटकले समाजमा महिलाको हक, अधिकार, स्वतन्त्रता तथा भूमिकाका बारेमा बहस सिर्जना गर्ने अनुमान डबली थिएटरको छ। नाटकमा नम्रता श्रेष्ठ, दयाहाङ राई, बिनिता लामा, कृतिशा जिसी, विक्रम परियार, मीन भाम, गंगा तिवारी तथा घनश्याम गौतमले अभिनय गरेका छन्। नाटकका निर्देशक पुष्कर गुरुङ हुन्।

• ग्यालरी •

अनुभूतिका चार विन्दु

ललितकलामा आफ्नो अलग पहिचान बनाएका चार जना महिला कलाकार गत साता एउटै थलोमा भेला भए। आ-आफ्ना कलात्मक सिर्जनामार्फत कलाकार सम्झना राजभण्डारी, विधाता केसी, सुनीता राणा तथा इरिना ताम्राकार दरबारमार्गस्थित द आर्ट सपमा सामूहिक चित्रकला प्रदर्शनीमा प्रस्तुत भएका थिए, जहाँ आ-आफ्नै शैलीका २१ थान चित्र समावेश गरिएको थियो। १० देखि ४५ हजार रुपैयाँसम्म मूल्य तोकिएका कलाकृतिहरूको उक्त प्रदर्शनी आगामी बुधबारसम्म जारी रहनेछ।

आजदेखि छवि मेला

स्वदेशी तथा विदेशी फोटोग्राफरहरूले खिचेका तस्बिरहरूको प्रदर्शनी 'छवि मेला' आज शुक्रबारदेखि राजधानीमा प्रारम्भ हुँदैछ। अन्तर्राष्ट्रिय फोटोग्राफी महोत्सवका रूपमा आयोजना गर्न लागिएको यो प्रदर्शनी बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा प्रारम्भ हुन लागेको हो। महोत्सवमा नेपाललगायत बंगलादेश, अर्जेन्टिना, नेदरल्यान्ड्स, नर्वे, फ्रान्स, नाइजेरिया, अमेरिका तथा जापानका चर्चित फोटोग्राफरहरूले खिचेका तस्बिरहरू प्रदर्शन गरिनेछ। प्रदर्शनीमा नेपालका फोटोग्राफर शैलेन्द्र खरेलले खिचेका तस्बिर 'लङ रग्ड रोड टु रिपब्लिक' शीर्षकमा प्रदर्शन हुँदैछ। आगामी बिहीबारसम्म चल्ने महोत्सवका क्रममा फोटोग्राफीसँग सम्बन्धित कार्यशालाहरू पनि सञ्चालन गरिनेछ।

सिक्किममा नेपाली कला

कलाकार अञ्जु डंगोलले तयार पारेका चित्रहरूको प्रदर्शनी 'स्ट्र आर्ट सोलो पेन्टिङ' सिक्किम तथा नाम्चीमा सम्पन्न भएको छ। आफ्ना चित्रकलाको प्रदर्शनी गर्न काठमाडौंबाट सिक्किम पुगेकी कलाकार डंगोलले गत अघिल्लो आइतबारदेखि गत शुक्रबारसम्म आफ्ना कलाकृतिहरू सिक्किमका नेपालीभाषी दर्शकमाझ प्रस्तुत गरिन्। कलाकार डंगोलले कलाकृतिमार्फत योगमार्फत उपचार गर्ने विधि पनि प्रस्तुत गरेकी थिइन्।

• चलचित्र •

परित्याग

श्रीअन्तु पिक्चर्स प्रा.लि. को ब्यानरमा निर्माण गरिएको कथानक चलचित्र 'परित्याग' मोफसलबाट सार्वजनिक भएको छ। सुवासचन्द्र खरेलले निर्माण गरेको यो चलचित्रमा कथा, गीत र निर्देशन दीपेन्द्र नेपालको छ। विशाल राई तथा एल.बी. गुरुङको संगीत समेटिएको यो चलचित्रमा निर्भीक राईको द्वन्द्व निर्देशन छ। चलचित्रमा निर्देशक दीपेन्द्र नेपाल र निर्मला भण्डारीले नायक-नायिकाका रूपमा अभिनय गरेका छन्। यो चलचित्र निर्माणमा स्थानीय प्राविधिक र स्रोत-साधन प्रयोग गरिएको छ। प्रविधिसम्पन्न चलचित्रको तुलनामा यो चलचित्रलाई सन्तोषजनक नै मान्नुपर्छ। चलचित्र युवा पुस्तालाई लक्षित गरिएको निर्माता सुवासचन्द्र खरेल बताउँछन्। प्रेमकथामा आधारित यो चलचित्रमा केही नौलोपन दिने प्रयाससमेत गरिएको छ। झापा, इलाम, मोरङ र सुनसरीका विभिन्न पर्यटकीय स्थलमा छायाङ्कन गरिएको 'परित्याग' को प्रदर्शन झापाको दमकस्थित दमक चलचित्र मन्दिरबाट प्रारम्भ भएको छ।

डिटेक्टिभ नानी

बलिउडमा आज शुक्रबार एकैपटक तीनवटा नयाँ चलचित्र प्रदर्शन हुँदैछन्। 'ऐश्वर्या', 'ये पल होना हो कल' तथा 'डिटेक्टिभ नानी' एकैपटक प्रदर्शन हुन लागेका हुन्। चलचित्र 'डिटेक्टिभ नानी' मा एउटी ७५ वर्षीया वृद्धालाई हजुरआमाको मुख्य भूमिकामा प्रस्तुत गरिएको छ। उनको जासुसी गर्ने भूमिकाका कारण चलचित्रको शीर्षक नै 'डिटेक्टिभ नानी' राखिएको चलचित्रकी निर्देशक रोमिला मुखर्जीले बताएकी छिन्। सस्पेन्स/कमेडी श्रेणीमा समावेश गरिएको यो चलचित्रमा आभा मुखर्जीले नानीको भूमिका निर्वाह गरेकी छिन्। बालकलाकार जियान खानसहित चलचित्रमा अंकुर नैयर, हेमु अधिकारी, अतुल पार्चुरे, हेमन्त पाण्डे, सञ्जीव वस्त, शुभांगी गोखले, सन्जय सिंह आदि नयाँ अनुहारले मुख्य भूमिका निर्वाह गरेका छन्। एउटी चार वर्षीया बालिकाको हत्या प्रयासपछि चलचित्रको कथाले गति लिन्छ। एउटा आपराधिक संगठनले बालिकाको हत्याको योजना बनाएपछि बालिकाका आमा-बुबाले कसरी जासुस नानीको सहयोगबाट उनलाई जोगाउँछन् भन्ने विषयलाई चलचित्रका आकर्षक ढंगले चित्रण गरिएको छ।

डान्स फ्लिक

हलिउडमा आज शुक्रबार प्रदर्शन हुने चलचित्र 'डान्स फ्लिक' शीर्षकअनुसार नृत्यमा आधारित भए पनि यसलाई एक्सन/एडभेन्चर तथा कमेडीको श्रेणीमा राखिएको छ। यद्यपि चलचित्रमा नृत्यलाई प्रमुख विषय बनाइएको छ। डेमिन वायान्सद्वारा निर्देशित यो चलचित्रमा क्रेग वायान्स, सोशाना बुस, एसेन्स एटिन्स, स्वान वायान्स आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। १ घण्टा २३ मिनेट लामो यो चलचित्रलाई एमटिभी फिल्म्स तथा पारामाउन्ट पिक्चर्सले विश्वव्यापी रूपमा वितरण गर्न लागेको हो। यसअघि निर्माण गरिएका 'स्टेप अप' तथा 'सेभ द लास्ट डान्स' जस्तै यसमा पनि संगीतको प्यारोडी पक्षलाई चित्रण गरिएको छ। चलचित्रमा दुई समूहबीचको द्वन्द्वलाई प्रस्तुत गरिएको छ, जसको खुबी नृत्यमा हुन्छ। उनीहरूको नृत्य प्रतियोगिताले चलचित्रको कथालाई रोमाञ्चक बनाएको छ। हलिउडमा विरलै निर्माण हुने नृत्यमय चलचित्रको सँचीमा डान्स फ्लिक कोसेढुंगा सावित हुने चलचित्र समीक्षकहरूको अनुमान छ।

तपाईंको यो साता



यो साताको पञ्चाङ्ग

जेठ ८ गते : अन्तर्राष्ट्रिय जैविक विविधता दिवस, अन्तर्राष्ट्रिय सगरमाथा दिवस, ९ गते : सिथि च:हे पूजा, १० गते : हलो बार्ने औंसी, बट सावित्री व्रत, ११ गते : दशहरा स्नान प्रारम्भ।

मेष

मानसम्मान एवं काममा सफलता मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। विवादतिर नलाग्नुहोला। धनमाल हराउन सक्छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

वृष

खर्च एवं विवाद बढ्नेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। घरेलु समस्याले सताउनेछ। मित्र बनेर धोका दिनेहरूबाट सावधान रहनुहोला। आइतबार, सोमबार र बिहीबार मानसम्मान एवं काममा सफलता मिल्नेछ। सभा-सम्मेलनतिर भाग लिने अवसर जुट्नेछ।

मिथुन

धन आर्जन गर्ने अवसर मिल्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने योग छ। अरूको मन जित्न सकिनेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। घरेलु समस्याले सताउन सक्छ।

कर्कट

समष्टिमा समय राम्रो छ। सोच्ने शक्ति बढ्नेछ भने धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रमको गति तीव्र हुनुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्य पनि गडबड हुनसक्छ।

सिंह

नैराश्यता एवं उदासीनता बढ्नेछ। काममा अवरोध आउनाले मनोबल कमजोर रहनेछ। आइतबारदेखि मानसम्मान मिल्ने, काममा सुधार आउने तथा धन आर्जन हुने योग छ। अध्ययनमा सफलता मिल्नेछ। सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ। बिहीबार खर्च एवं विवाद बढ्न सक्छ।

कन्या

स्वास्थ्य गडबड रहनेछ। काममा अवरोध आउन सक्छ भने नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय छन्। घरेलु समस्याले सताउन सक्छ। लेनदेनमा विवाद हुनसक्छ। मंगलबारदेखि मानसम्मान मिल्ने, पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

तुला

अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। जोस एवं जाँगर बढ्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा सफलता मिल्नेछ। आइतबारदेखि बुधबारसम्म स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। घरेलु समस्याले पनि सताउन सक्छ।

वृश्चिक

काममा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अरूको मन जित्न सकिनेछ। व्यवसायमा सफलताका साथै यात्रा गर्ने अवसर मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। मंगलबारदेखि स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

धनु

गलत विचार बढ्न सक्छ। काममा अवरोध आउनाले मनोबल घट्नेछ। घरेलु समस्याले सताउनेछ। स्वास्थ्य गडबड हुन सक्छ। आइतबारदेखि पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। रमाइलो यात्रा हुने तथा मानसम्मान मिल्ने योग छ।

मकर

घरेलु समस्याले सताउनेछ। काममा अवरोध आउनाले मनोबल घट्नेछ भने गलत विचार बढ्न सक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। स्वास्थ्य गडबड रहनेछ। मंगलबार, बुधबार र बिहीबार काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर

कुम्भ

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर मिल्नेछ। अध्ययनमा सफलता पाइनेछ। आइतबारदेखि घरेलु समस्याले सताउने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। विवादले सताउनुका साथै व्यवसायमा समस्या उत्पन्न हुनसक्छ।

मीन

विवादतिर नलाग्नुहोला। घरेलु समस्याले सताउनेछ भने खर्च एवं विवाद बढ्नेछन्। धनमाल हराउन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। आइतबार र सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायबाट लाभ होला। यात्रा गर्ने अवसर मिल्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ।

● क्यासेट ●

एब्रोड

गायक ज्ञान लामाका पप गीतहरूको संग्रह 'एब्रोड' श्रोतामाझ आएको छ। टाइम्स म्युजिकको योसंग्रहको एउटा गीतमा मिलन मोक्तानको संगीत छ भने बाँकी सातवटा गीत गायक लामाले संगीतबद्ध गरेका छन्। संग्रहका गीतहरू बुद्धवीर लामा तथा गायक लामाले रचना गरेका हुन्।

पारि गाउँ

लोकगायक कृष्ण लावती 'पारि गाउँ' शीर्षकको लोकगीत संग्रह लिएर आएका छन्। हलेसी म्युजिक प्रा.लि.को प्रस्तुति 'पारि गाउँमा' गायिका आभा मुकारुङको पनि स्वर पनि छ। एल्बमका पाँचमध्ये तीन गीत लावती आफैंले संकलन गरेका हुन् भने दुईवटा गीत अतीत सुब्बाले संकलन गरेका हुन्।

● पुस्तक ●

बीपी कोइराला र राष्ट्रिय मेलमिलाप नीति

पुराना पत्रकार, साहित्यकार तथा राजनीतिज्ञ गिरिराज आचार्यद्वारा लिखित यो पुस्तक बीपी कोइरालाको राष्ट्रिय मेलमिलाप नीतिको दस्तावेजका रूपमा आएको छ। २०३३ सालदेखि ०६४ सम्मका राजनैतिक घट्नाक्रमलाई समेट्ने प्रयास गरिएको यो पुस्तक अहिले बढेको द्वन्द्वको अवस्थाबाट निराश भएका तथा नेपालको राजनीति बुझ्न चाहनेहरूका लागि लाभदायक छ। निरजा आचार्यद्वारा प्रकाशित ३ सय ७१ पृष्ठको यो पुस्तकको मूल्य ५ सय रुपैयाँ छ।

कन्ट्रक्सन डिक्सनरी

विकास-निर्माणमा संलग्न नेपालका कन्ट्रक्सन कम्पनी, इन्जिनियर र आर्किटेक्चरहरूको सम्पर्क तथा ठेगाना समावेश गरिएको यो पुस्तक सम्बन्धित क्षेत्रका लागि निकै लाभदायक छ। मुलुकमा कार्यरत इन्जिनियरिङ सम्बद्ध प्रायः सबै व्यक्ति तथा संस्थाहरूलाई समेटिएको यो पुस्तक एड क्याम्पेन नेपालले प्रकाशित गरेको हो। पुस्तकको मूल्य उल्लेख गरिएको छैन।

एक्काइस वर्षदेखि सिक्रीमा

पाल्पा– चापपानी गाविस वडानम्बर४ लिनडाँडाका एक युवक २१ वर्षदेखि सिक्रीमा बाँधिएका छन्। ३७ वर्षीय दिलबहादुर सारु यसरी बाँधिएर बस्न बाध्य भएका हुन्। घरको आर्थिक अवस्था कमजोर भएकाले उपचार गर्न नसक्दा उनलाई बाँधेर घरमै राख्नुपरेको परिवारका सदस्यहरूले बताएका छन्। सारु १६ वर्षको उमेरदेखि बाँधिएका हुन्। सारुले तानसेनको पद्म पब्लिक माध्यमिक विद्यालयबाट २०४५ सालमा एसएसली दिएका थिए। त्यतिबेलैदेखि उनलाई घरमा बाँधेर राखिएको छ। एसएससी दिने क्रममा अंग्रेजीको व्याकरण बिग्रिएपछि उनले मादक पदार्थ सेवन गरी घरमा झगडा गरेका थिए। आफूले लगाएको कपडा च्यात्न थालेपछि उनलाई बाँधिएको हो।

पढाइमा भने सारु कक्षा प्रथम थिए। 'मादक पदार्थ सेवन गरी घरमा झगडा गर्‍यो,' आमा बालकुमारीले भनिन्– 'आफ्नै कपडा च्यात्न थालेपछि पागल भयो भनेर थुनिएको हो।' उनलाई राति घरको अँध्यारो कोठामा थुनेर राखिन्छ। दिउँसो भने घरबाहिरको दलानमा बाँधिन्छ। दिलबहादरका बुबा भुवनसिंह सारुको २०४६ सालमा छोराको पीरले मृत्यु भैसकेको छ।

लामो समयदेखि कोठामा थुनेर राख्दा दिलबहादुरको बोल्ने क्षमता समेत बिस्तारै गुम्दै गएको छ। उनले इसाराले खान माग्ने र दिसापिसाबका लागि संकेत गर्छन्। सारु परिवारका दुई छोरी र एक छोरा छन्। दुवै जना दिदीको विवाह भैसकेको छ। 'उपचार गर्न पैसा भएन, कसरी लानु,' आमा बालकुमारीले भनिन्, 'उपचारका लागि कतै लग्न सकिएन, घरमै राखिएको छ।' उनले गाउँकै धामीझाँक्रीबाट भने उपचार गराएको बताइन् तर उनलाई तैबिसेक पनि भएको छैन। 'अरूको केही बिगारिदिन्छ कि भन्ने डरले पनि बाँधेर राखेको हो,' आमा बालकुमारीले दुःखी हुँदै भनिन्।

घरको आर्थिक अवस्था दयनीय छ। खेतबारी केही नभएको उनको घरमा तीनवटा बाखा छन्। 'यही बाखाको कमाइ र ज्यालादारी गरेर दैनिक गुजारा गर्नुपरेको छ। उपचार पाए सन्चो हुन्थ्यो कि ?' दिलबहादुरकी आमाले भनिन्, 'सहयोगी मानिस कोही भेटेकी छैन।' गत माघमा गाविसले ८ सय रुपैयाँ सहयोग गरेको थियो। 'सबै जना भोट चाहियो भन्न आउँछन्,' उनले राजनैतिक दलहरूप्रति आक्रोश पोखिन्, 'यसको उपचारका लागि कोही सहयोग गर्न आउँदैनन्।' २१ वर्षदखि सिक्रीमा मानिस बाँधिएको कुरा जिल्लाका मानवअधिकारवादी, प्रहरी, प्रशासन, जिल्ला विकास समितिलाई भने जानकारी छैन।

–माधव अर्याल

नेपाली जोडाका पारखी

अश्विनी कोइराला

आम मध्यमवर्गीय नेपाली युवकको जे सपना हुन्छ, रामकृष्ण प्रसाईंको सपना त्योभन्दा बढी थिएन। रामेछापको दुर्गम गाउँमा जन्मिएका यी युवकले पाएको परिवेशमा सरकारी जागिर खाने मानिसलाई ठूलो मानिन्थ्यो। उनका बुबाको उद्देश्य भनेकै छोराले सरकारी जागिर खाओस् भन्ने थियो। बुबाले स्कुल अध्ययनताका रामकृष्णलाई ठूलो मानिसको सेवा गरेर जागिर खाने अर्ती दिइरहन्थे। यद्यपि उनको भाग्यमा भने अर्कै कुरा लेखिएको रहेछ।

जिल्लाको प्रयागेश्वर माध्यमिक विद्यालयबाट २०४८ सालमा प्रवेशिका उत्तीर्ण गरेपछि प्रसाईं परिवारमा जेठो छोरालाई कहाँ पढाउने भन्ने चिन्ता सुरु भयो। काठमाडौं पठाउने हो भने मासिक ५ हजार खर्च घरबाट खेप्नुपर्ने हुन्थ्यो, जुन खेती-किसानीबाट सम्भव थिएन। छर-छिमेक तथा अफन्तहरूले पनि काठमाडौंमा ठूलो खर्च गरेर पढाउने कुरामा सहमति दिएनन्। अन्त्यमा धनगढीमा जुत्ता पसल चलाइरहेका मावली दाजु कृष्ण मैनालीकहाँ पठाउने सल्लाह भयो। सहयोगीको खाँचो भएकाले कृष्णले पनि भाइ राख्न अप्ठ्यारो मानेनन्। यसरी पूर्व रामेछापको एउटा किशोर उच्च अध्ययनका सिलसिलामा धनगढी पुग्यो।

जुत्तासँग परिचय

धनगढी बहुमुखी क्याम्पसमा अध्ययन प्रारम्भ गर्दा देशको राजनीति तरल अवस्थामा थियो। नेपाली कांग्रेसको बहुमतको सरकार आफ्नै दलको असहयोगका कारण ढल्ने अवस्थामा थियो भने नेकपा (एमाले) ले सडक-क्याम्पस केन्द्रित आन्दोलन चलाइरहेको थियो। पढाइमा व्यवधान भएकाले रामकृष्ण प्रसाईंको अधिकांश समय जुत्ताको मोलतोलमा बित्थ्यो। फलस्वरूप उनको ध्यान अध्ययनमा भन्दा व्यापारमा बढ्न थाल्यो। हेर्दाहेर्दै किशोरवयमै उनले कुशल व्यापारीको छवि बनाए।

दुई वर्षमा सकिने पढाइ तीन वर्षमा पूरा भयो। यसबीच उनका दाजु आशातित आम्दानी नभएको भन्दै धनगढीको पसल बन्द गरेर काठमाडौं आए। आमा-बुबाले पनि रामकृष्णलाई काठमाडौंमै अध्ययन गर्ने सल्लाह दिए। वर्षको एकपल्ट पनि छोरो घर नआएका कारण उनीहरूले दुःख गरेर भए पनि काठमाडौंको खर्च धान्ने योजना बनाएका थिए। धनगढीमा खर्चको अभाव तथा घरबाट लामो दूरी भएका कारण उनका लागि पनि काठमाडौं बाध्यता बन्यो। २०५२ सालको ब्याचमा उनले स्नातक तहका लागि शंकरदेव क्याम्पसमा आफ्नो नाम दर्ता गराए।

धनगढी बस्दा केही खर्च घरबाट जान्थ्यो भने केही खर्च दाजुको पसलबाट आउँथ्यो। यिनै कारणले उनमा पैसा खर्च गर्ने लत बस्यो। साथीहरू बटुल्ने, सिनेमा हेर्न जाने, होटलमा खाने उनका सामान्य बानी थिए। काठमाडौंको महँगीमा बुबाले पठाएको सामान्य खर्चले उनको यो महँगो सौख पूरा गर्न सकेन। फलस्वरूप उनी छटपटिन थाले। यसले उनलाई पढाइभन्दा आम्दानी गर्न उक्सायो। तर गर्ने के ? उनी काठमाडौंको सडक नाप्दै योजना बुन्थे, गर्ने काम भने केही फेला पर्दैनथ्यो। जागिर ? जागिरबाट आएको पैसाले पनि उनको खर्च धान्न सक्दैन भन्ने उनले बुझिसकेका थिए। फेरि जागिर लगाइदिने मानिस पनि फेला पार्न सकेका थिएनन्। उनी काठमाडौं आएको ६ महिनाभित्रै काठमाडौं बस्न नसकिने हो कि भन्ने निष्कर्षमा पुगे।

उद्योग खोल्ने सपना

एकदिन उनी बागबजारको गल्ली नाप्दै थिए। एउटा सटरमा एक जना सार्की दाइले जुत्ता बनाइरहेका देखे। जुत्ता बेच्ने काम गरिसकेका रामकृष्णलाई जुत्ता निर्माण प्रक्रियाले तान्यो। उनी सटरभित्र बसेर सार्की दाइसँग कुराकानी गर्न थाले। कुराकानीकै क्रममा थाहा पाए, एउटा जुत्ता बनाउन ३ सय लाग्दो रहेछ। बजारमा भने उक्त जुत्ता ७ सयमा बिक्री हुँदो रहेछ। रामकृष्णलाई बिजुली चम्किएझैं आइडिया फुर्‍यो। त्यसपछि उनी चुपचाप डेरा फर्किए र रातभरि जुत्ताको पसल होइन, जुत्ता फ्याक्ट्री नै खोल्ने योजना बुन्न थाले।

भोलिपल्ट धनगढीमा जुत्ता पसल चलाउने दाइलाई आफूले जुत्ता फ्याक्ट्री खोल्ने योजना बनाएको कुरा सुनाए। दाइले उक्त कुरा हाँसोमा उडाए। अब के गर्ने ? उनी पहाड फर्किए। बुबासँग कुरा राखे। आफन्तको मन बुझ्न खोजे। सबैले सार्कीको काम बाहुनले गर्नु हुँदैन भनेर गाली गरे। आफैं हिम्मत गरौं पैसा छैन, अरूलाई भन्दा हाँसोमा उडाइदिन्छन्। गर्ने के ? उनी केही दिन घरमै टोलाएर बसे।

कहिलेकाहीं संयोगले ठूलो काम गर्दो रहेछ। पहाडको दुःखबाट पार पाउन रामकृष्णका बुबाले तराईमा जग्गा किन्ने योजना बनाएका रहेछन्। बारा जिल्लाको निजगढमा एउटा जग्गाका लागि १ लाख बैना पनि दिइएको रहेछ। घरमा छोरो आएका बखत बुबाले उनलाई जग्गा पास गर्न निजगढ लिएर गए। त्यहाँ पुगेपछि घडेरीधनीले जग्गा बेच्न मानेन। बुबाले भारी मनले उक्त पैसा छोरालाई नै जिम्मा दिएर काठमाडौंमै घडेरी किन्न अह्राएर पहाड उक्लिए। त्यसपछि त के थियो, उनी जग्गा होइन, जुत्ता फ्याक्ट्री खोल्ने योजनालाई मूर्त रूप दिन थाले। बागबजारमा भेटिएका सार्की दाइ (जसको नाम रामकृष्णले सम्झन सकेनन्) लाई आफ्नो पार्टनर बनाए। सार्कीदाइसँग जुत्ताका केही साँचो, एउटा मेसिन र सीप थियो। रामकृष्णले त्यसमा पुँजी मिसाए। त्यसपछि एउटा कोठामा ४ जना सहयोगी राखेर २०५३ सालमा काम प्रारम्भ गरे। घरमा भने जग्गा भेटिएकाले थप पैसा पठाउन आग्रह गर्दै चिठी पठाए। घरबाट बुबाले छोराले काठमाडौंमा जग्गा किन्न लाग्यो भनेर ऋण-पान गरेर ८ लाख रुपैयाँ पठाइदिए।

जुत्ता कसरी बनाउनुपर्छ, सार्की दाइलाई थाहा थियो। जुत्ता कसरी बिक्री हुन्छ त्यो रामकृष्णलाई थाहा थियो। सार्की दाइलाई छाला किन्न पैसा दिएर उनी देश दौडाहामा निस्किए। पश्चिम धनगढीदेखि पूर्व विराटनगर पुगेर उनले जुत्ताको अर्डर लिए। काठमाडौं फर्कंदा रामकृष्णसँग २ हजार ५ सय जुत्ताको अर्डर थियो। त्यसपछि उनले फ्याक्ट्रीको आकार परिवर्तन गरे। स्टाफ थपे र धमाधम जुत्ता उत्पादन गर्न थाले। अर्डर आउने र जुत्ता बिक्री हुने क्रम अकासिन थाल्यो।

दुर्दिनको प्रारम्भ

आक्रमक रूपमा बजार प्रवर्द्धन गरिरहेका रामकृष्णलाई त्यसबेला झड्का लाग्यो, जब देशभरिबाट धमाधम जुत्ता फिर्ता हुन थाल्यो। भएछ के भने भारतबाट मगाइएका जुत्ता बनाउने काठको साँचो पसाङ्गिएको रहेछ। पसाङ्गिएको साँचोबाट जुत्ता बनाउँदा एउटा जुत्ता ठूलो र अर्को सानो भएछ। त्यसमाथि कडा छालाका कारण उनले बनाएको जुत्ताले खुट्टामा घाउ बनाउन थालेछ। त्यसपछि भएका जुत्ता फिर्ता आउने र नयाँ अर्डर बन्द हुने क्रम सुरु भयो। यद्यपि उनी हार मान्ने खालका थिएनन्। उनले थप ऋण लिएर अत्याधुनिक साँचो मगाए। कामदारलाई पनि थप एक वर्ष नआत्ती काम गर्न आग्रह गरे। उनको कर्ममा विश्वास गर्नेहरूले कामलाई जारी राखे भने दैनिक गुजारा टार्नुपर्नेहरू बाहिरिए। यही क्रममा सार्की दाइसँग पनि उनको पार्टनरसिप टुंगियो।

असफलताले नै सफलता निम्त्याउँछ, यद्यपि त्यसमा टिकिरहनुपर्छ। रामकृष्णले थप लगानी गरेर ल्याएको साँचो तथा छालाले नाटकीय परिणाम दिन थाल्यो। महँगो मूल्य परे पनि यसपटक मगाएको छाला नरम र टिकाउ थियो। साँचो पनि भरपर्दो थियो, तर नेपाली जुत्ताको छवि नराम्रो भएकाले उनले आफ्नो नाममा जुत्ता बेच्न सकेनन्। चाइनिज जुत्ताको बजार उत्कर्षमा थियो। रामकृष्णले आफ्ना जुत्तालाई विदेशी ब्रान्डको नाम दिएर बेच्न थाले। बढी फाइदा आउने भएकाले पसलेहरूले पनि विदेशी जुत्तासँग मिसाएर उनका जुत्ता बेच्न थाले। उपभोक्ताले पछिल्लो उत्पादन रुचाएको कुरा पसलेहरूले पनि थाहा पाए। अब धमाधम विदेशी ब्रान्डमा नेपाली उत्पादन बजारमा जान थाल्यो। २०५७ सालमा आउँदा ग्राहकले नेपाली उत्पादनलाई विदेशी मानेर किनिरहेका थिए। यस्ता जुत्ता विशालबजारदेखि साधारण पसलसम्म पुग्थे।

'पहिले हाम्रो उत्पादन राखिदिनुहोस्, उधारो दिन्छु भन्दा पसलेको जवाफ सुनेर चित्त दुख्थ्यो। किनभने ग्राहक नै नेपाली उत्पादन राख्ने पसलले स्तरीय जुत्ता राख्दैन भन्थे।' लामो कुराकानीका क्रममा रामकृष्णले भने, 'विदेशी जुत्ताको आयतकर्ता हौं भनेर उनीहरूलाई जुत्ता दिनुपर्थ्यो।' २०५८ सालसम्म आइपुग्दा उनले आफ्नो ऋण मात्र चुक्ता गरेनन्, बुबाले आशा गरेको एउटा घडेरी पनि किने। 'यो अवस्थासम्म आइपुग्न मैले कति मेहनत गरें, त्यसको बयान शब्दमा गर्न सकिँदैन।' रामकृष्ण भन्छन्, 'मैले जीवन नै दाउमा लगाएको थिएँ, चारैतिरको ऋणमा च्यापिएर पनि मैले हिम्मत हारिनँ।' उनी साइकल लिएर काठमाडौं उपत्यकाभित्र मात्र होइन, बनेपा, धुलिखेलसम्म पुग्थे। चना खाएर नेपालभरि आफ्नो जुत्ताको मार्केटिङ गर्थे।

आफ्नै ब्रान्ड

जब आफ्नो जुत्ताले मार्केट लिन थाल्यो, रामकृष्णलाई ठूलो पीडा हुन थाल्यो। नेपाली जुत्तालाई विदेशी उत्पादन भनेर कति दिन बेच्ने ? आफ्नो ब्रान्ड, आफ्नो नाम कहिले बनाउने ? के पैसा मात्र सबै थोक हो ? उनले रिस्क लिएर २०६१ सालमा आफ्नो जुत्ताको नाम 'शिखर' राखेर बजारमा पठाउन थाले। त्यही नामको कम्पनी खडा गरे। त्यसपछि प्रचार-प्रसारमा लागे। जुत्ता पसलेलाई रामकृष्णले उत्पादन गरेको जुत्ताको गुणस्तर थाहा थियो। फलस्वरूप पसलेहरूले पनि उनको उत्पादनलाई स्वागत गरे। ग्राहक कन्भिन्स गर्न पसल-पसलमा धर्ना दिए। नभन्दै दुई वर्षयता 'शिखर' ब्रान्ड नेपालको सबैभन्दा बढी बिक्री हुने नेपाली जुत्ता बनेको छ। उनले ३ सय व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएका छन्। हालै मात्र गोलढुंगामा करोडौं मूल्य पर्ने जुत्ता प्लान्ट लगाउने अन्तिम तयारी गरिरहेका छन्। ३ करोड मूल्यको जग्गामा पूर्वाधार निर्माण जारी छ। 'पाँच वर्षभित्र नेपालीले विदेशी जुत्ता लगाउन छाड्छन् भन्ने उद्देश्यका साथ नेपाली जुत्ता व्यवसायीहरू काम गरिरहेका छन्।' नेपाल छाला उत्पादन तथा फुटवेयर एसोसिएसनका अध्यक्ष रामकृष्णले साप्ताहिकसँग भने, 'नेपालीलाई नेपाली जुत्ताको गुणस्तर थाहा भैसकेको छ, अब नेपाली उत्पादन सरल, सस्तो र ग्यारेन्टीका साथ उपभोक्ताकहाँ पुऱ्याउन मात्र बाँकी छ।'

केही वर्षअघिसम्म साइकलमा जुत्तापसल चहारिरहने ३६ वर्षीय रामकृष्णका लागि अहिले नयाँ ब्रान्डका गाडी ठूलो कुरा छैन। 'काम गर्दै गएपछि नाम र दाम प्राप्त हुनु सामान्य कुरा रहेछ, जबकि हिजो यो कल्पनाभन्दा बाहिर थियो।' रामकृष्ण भन्छन्, 'अब मेरो जीवनको उद्देश्य भनेको हरेक घरमा 'शिखर शु' का प्रोडक्ट पुऱ्याउने हो। यो पाँच वर्षभित्र पूरा गरेरै छाड्छु।'

पढाइमा व्यवधान भएकाले रामकृष्ण प्रसाईंको अधिकांश समय जुत्ताको मोलतोलमा बित्थ्यो। फलस्वरूप उनको ध्यान अध्ययनमा भन्दा व्यापारमा बढ्न थाल्यो। हेर्दाहेर्दै किशोर वयमै उनले कुशल व्यापारीको छवि बनाए।

धनगढी बस्दा केही खर्च घरबाट जान्थ्यो भने केही खर्च दाजुको पसलबाट आउँथ्यो। यिनै कारणले उनमा पैसा खर्च गर्ने लत बस्यो। साथीहरू बटुल्ने, सिनेमा हेर्न जाने, होटलमा खाने उनका सामान्य बानी थिए। काठमाडौंको महँगीमा बुबाले पठाएको सामान्य खर्चले उनको यो महँगो सौख पूरा गर्न सकेन। फलस्वरूप उनी छटपटिन थाले। यसले उनलाई पढाइभन्दा आम्दानी गर्न उक्सायो। तर गर्ने के ? उनी काठमाडौंको सडक नाप्दै योजना बुन्थे। गर्ने काम भने केही फेला पर्दैनथ्यो। जागिर ? जागिरबाट आएको पैसाले पनि उनको खर्च धान्न सक्दैन भन्ने उनले बुझिसकेका थिए। फेरि जागिर लगाइदिने मानिस पनि फेला पार्न सकेका थिएनन्।

धनगढीमा जुत्ता पसल चलाउने दाइलाई आफूले जुत्ता फ्याक्ट्री खोल्ने योजना बनाएको कुरा सुनाए। दाइले उक्त कुरा हाँसोमा उडाए। अब के गर्ने ? उनी पहाड फर्किए। बुबासँग कुरा राखे। आफन्तको मन बुझ्न खोजे। सबैले सार्कीको काम बाहुनले गर्नु हुँदैन भनेर गाली गरे। आफैं हिम्मत गरौं पैसा छैन, अरूलाई भन्दा हाँसोमा उडाइदिन्छन्। गर्ने के ? उनी केही दिन घरमै टोलाएर बसे।

सफलताको सूत्र

खर्चालु बानी : सामान्यतः खर्चालु बानी राम्रो मानिँदैन। मेरा लागि भने खर्चालु बानी नै सफलताको कारण बन्यो। जसले खर्च गर्ने हिम्मत गर्छ, उसैले कमाउने बाटो खोज्छ। खर्च गरेपछि कमाउनुपर्ने बाध्यताले जागिर छाडेर उद्यम गर्न थाल्छ।

जिद्दिपन : गलत कुरामा हठ गर्नु नराम्रो बानी हो। व्यवसायमा यही जिद्दीपन सफलताको माध्यम पनि बन्न सक्दो रहेछ। जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि सफलता प्राप्त गर्नुपर्छ भन्ने हठ नै सफलताको सँत्र हो।

असफलता : जीवनको उद्देश्य सफलता प्राप्त गर्नु हो। यद्यपि त्यही मानिसलाई सफलताको महत्त्व थाहा हुन्छ, जसले असफलता भोगेको हुन्छ। हरेक व्यवसायीले प्रारम्भमा असफलताको स्वाद चाख्नैपर्छ, त्यसो भएको खण्डमा ऊ त्यो असफलताबाट सधैं जोगिने प्रयास गर्छ। यही प्रयास नै सफलताको कडी बन्न पुग्छ।

एसिया क्षेत्रको उत्कृष्ट कम्पनी बनाउँछु

निर्वाणका समकालीन साथीहरूमध्ये कतिपय अध्ययन गर्दैछन् र कतिपय कुन स्थानमा क्यारियर बनाउने भनेर चिन्तित छन्, तर विनोद चौधरीका २७ वर्षीय छोरा निर्वाण नेपालको एक मात्र मल्टिनेसनल कम्पनी चौधरी ग्रुपका बोर्ड डाइरेक्टर छन्। ५ हजार व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएको उनको कम्पनीले वार्षिक २१ अर्ब रुपैयाँको कारोबार गरिरहेको छ। समयमै अध्ययन सकी घरजम गरेर आफ्नो बुबाले फैलाएको आर्थिक साम्राज्य हाँकिरहेका निर्वाणसँग साप्ताहिकले उनको व्यावसायिक तथा व्यक्तिगत जीवन खोतल्ने प्रयास गर्‍यो।

निर्वाण चौधरी, निर्देशक, चौधरी ग्रुप

तपाईंले उत्तराधिकारमा औद्योगिक साम्राज्य पाउनुभयो, आफूसँग यो साम्राज्यलाई धान्न सक्ने क्षमता छ भन्ने लाग्छ ?

मेरो क्षमता देखेरै बुबाले मलाई कम्पनीको जिम्मेवारी दिएर संविधानसभामा जानुभएको हो। यद्यपि चौधरी ग्रुप क्षमतावान् एवं कर्तव्यनिष्ठ व्यक्तिहरूको कम्पनी हो। हाम्रो समूह बुबाले आर्जन गरेको ख्यातिलाई अघि बढाउने क्षमता राख्छ।

भारतमा धीरुभाइ अम्बानीका छोरा मुकेश अम्बानी व्यावसायिक रूपमा बुबाभन्दा माथि उठेको उदाहरण छ, आफ्नै मूल्यांकन गर्दा तपाईंमा मुकेश अम्बानीको लक्षण देखिन्छ ?

म मेरो गुरुलाई च्यालेन्ज गर्न सक्दिनँ। मैले विनोद चौधरीजस्तो व्यावसायिक दृष्टिकोण भएको व्यक्ति देखेको त के, सुनेको पनि छैन। म द्रोणाचार्यको शिष्य अर्जुनजस्तो गुरु (बुबा) को विश्वासमा खरो उत्रन चाहन्छु।

चौधरी ग्रुपले यति प्रगति गर्नुको पछाडिको मुख्य कारण के हो ?

प्रतिकूलताभित्र पनि अनुकूलता देख्न सक्नु नै चौधरी ग्रुपको प्रगतिको कारण हो। मानिसहरू १० वर्षे द्वन्द्वभरि देश बिग्रियो, भत्कियो भनेर बसे। हामीले यी १० वर्षभित्रै व्यावसायिक फड्को मार्‍यौं। अनुकूलतामा जसले पनि प्रगति गर्न सक्छ, प्रतिकूलतामा अघि बढ्न सक्नु नै प्रगति हो।

हजुरबुवाले कपडा पसलबाट प्रारम्भ गर्नुभएको व्यवसाय बुबाले मल्टिनेसनल कम्पनीसम्म पुर्‍याउनुभएको छ, तपाईंले यसलाई कहाँ पुर्‍याउँछु भन्ने कल्पना गर्नुभएको छ ?

हामी कल्पनामा होइन, यथार्थमा विश्वास राख्छौं। त्यो के भने आजको २० वर्षपछि हाम्रो कम्पनी कहाँ पुग्छ, १० वर्षमा हामी के-के गर्छौं, अहिले नै भन्न सक्छौं।

ठीक छ, तपाईंको नेतृत्वमा आजको २० वर्षपछि चौधरी ग्रुप कहाँ पुग्छ ?

२० वर्षभित्र चौधरी ग्रुप एसिया क्षेत्रको उत्कृष्ट कम्पनीहरूको सूचीमा हुनेछ। अहिले एसिया क्षेत्रमा जति पनि उत्कृष्ट कम्पनी छन्, त्यही हाराहारीमा चौधरी ग्रुपलाई पाउनुहुनेछ। हाम्रो देश सानो होला, यहाँका जनताको बुद्धि सानो छैन, लक्ष्य सानो छैन। प्रगति गर्न चाहनेहरूका लागि यहाँ ठूलो सम्भावना र अवसर छ। म यसलाई प्रमाणित गर्न चाहन्छु।

तपाईं आठ वर्षदेखि बुबाको व्यवसायमा प्रत्यक्ष संलग्न हुनुहुन्छ, यसबीच त्यस्तो के काम गर्नुभयो, जसले भविष्यमा चौधरी ग्रुप एसिया क्षेत्रकै उत्कृष्ट कम्पनीमा पुग्छ भन्ने संकेत गर्छ ?

मैले रेमिटान्स तथा सिजी इलेक्ट्रोनिक्समा निर्देशकका रूपमा जुन काम गरें त्यसबाट म सन्तुष्ट छु। जुन बेला म रेमिटान्समा छिरें, त्यसबेला नेपालमा २४ करोड रुपैयाँ रेमिटान्स भित्रिन्थ्यो, त्यसमध्ये २० प्रतिशत मात्र वैधानिक बाटोबाट आउँथ्यो। आर्थिक वर्ष ०६४/६५ मा नेपालमा १ खर्ब ४२ अर्ब रुपैयाँ रेमिटान्स भित्रियो, त्यसमध्ये ७० प्रतिशत वैधानिक बाटोबाट भित्रिएको थियो। यो वर्ष यस्तो रेमिटान्स २ खर्ब पुग्ने अनुमान गरिएको छ। यो व्यवसायबाट सरकार र रेमिटान्स व्यवसायी दुवैले प्रगति गरेका छन्। यस्ता धेरै उदाहरण दिन सकिन्छ।

सानो उमेरमा ठूलो सपना देख्नुभएको हो कि ?

उमेर हेरर क्षमता मापन हुँदैन, बुद्धि र सीपले त्यसको मापन गर्छ। म विनोद चौधरीको चेलो हुँ। मेरो रगतमा केही गर्ने क्षमता जन्मँदै दौडिरहेको छ।

नेपालमा निजी क्षेत्रले प्रगति गर्नुको कारण केलाई मान्नुहुन्छ ?

निजी क्षेत्रले व्यक्तिको क्षमताअनुसारको काम दिन्छ। सरकारमा क्षमताको उपयोग गर्ने संयन्त्र छैन। हामीले सरकारी कर्मचारीलाई पनि काममा लगाएका छौं। उनीहरूबाट धेरै राम्रो परिणाम आएको छ। अर्को कुरा सरकारमा राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्ड-सजायको व्यवस्था देखिँदैन, निजी क्षेत्रमा यो राम्रोसँग उपयोग भएको छ।

अझै पनि सरकारी जागिरप्रति मानिसको आकर्षण उत्तिकै छ, किन होला ?

पुरानो सोचका मानिसहरू त्यस्तो सोच्छन्। अहिलेका पुस्ता आफ्नो क्षमताको पूर्ण उपयोग होस्, त्यसअनुसारको तलब एवं सुविधा होस् भन्ने चाहन्छ। निजी क्षेत्र विशेष गरी चौधरी ग्रुप त्यस्ता युवालाई सधैं प्रोत्साहन गर्छ।

नेपालका धेरैजसो युवाको सपना विदेश जाने र उतै सेटल हुने छ, किन होला ?

किनभने यहाँ वातावरण छैन। जुन दिन पूर्ण रूपमा काम गर्ने वातावरण बन्छ, त्यस बेलादेखि विदेशमा बसेका सबैजसो नेपाली फर्कनेछन्। मैले त्यस्ता सयौं व्यक्ति भेटेको छु।

युवा व्यवसायी भएका नाताले नेपाली युवालाई कुन व्यवसाय गर्ने सल्लाह दिनुहुन्छ ?

अहिले उद्यमी हुन फ्याक्ट्री नै सञ्चालन गर्नुपर्छ भन्ने छैन। जहाँ पनि अवसर छ, तर त्यसलाई चिन्न सक्नुपर्छ। आफ्नो रुचिको काम गरेरै पैसा तथा इज्जत कमाउन सकिन्छ।

धनी व्यक्तिमा केही कमजोरी हुन्छन्, तपाईंको कमजोरीचाहिँ के हो ?

धनी भन्ने शब्दप्रति मेरो असहमति छ। म धनी छैन तर सम्पन्न छु। धनी भन्नाले पैसा भएको व्यक्तिलाई जनाउँछ भने सम्पन्न व्यक्ति पैसा नभए पनि इज्जत एवं प्रतिष्ठामा बाँचेको हुन्छ।

ठीक छ, सम्पन्न निर्वाणको कमजोरी के हो ?

म कसैलाई नाईं भन्न सक्दिनँ। त्यसले कहिंलेकाहीं हानि पनि गर्छ।

तपाईंले सबैभन्दा बढी खर्च गरेको दिन कुन थियो ?

मेरो खर्च साह्रै कम छ। खर्च गर्ने बानी नै छैन। १३ वर्षको उमेरमा मैले बेलायतको एउटा साधारण रेस्टुराँमा वेटरका रूपमा काम गरेको थिएँ। दिनको एक पाउन्ड पाउँथे। एक पाउन्ड पाउन मैले जुन मेहनत गर्नुपर्‍यो, त्यसले मलाई पैसाको महत्त्व बुझायो। म अनावश्यक खर्च गर्दिनँ।

आफूले पाउने तलब के गर्नुहुन्छ ?

म मेरो तलबको आधा रकम विभिन्न च्यारिटीलाई दिन्छु। यसले मलाई आनन्द दिन्छ। बाटोमा गाडीले किचेको कुकुर देखेपछि पशु अस्पताललाई बाटामा भेटिने बिरामी कुकुरको उपचार खर्च दिन थालेको हुँ।

महँगो सौख ?

एउटा प्राइभेट प्लेन किनेर नेपालको प्राकृतिक दृश्यको अवलोकन गर्ने सपना छ। त्यो पूरा भएको छैन। सायद एक वर्षपछि पूरा गर्छु।

कुन कुराले बढी दुःखी बनाउँछ ?

व्यक्तिगत रूपमा मानिसले झूटो बोलेको पटक्कै मन पर्दैन। व्यावसायिक कुरा गर्ने हो भने देश र समाजका लागि राम्रो योगदान दिइरहेको बेलामा हुने गरेका बन्द, हड्ताल तथा अनावश्यक झमेलाले दुःखी बनाउँछ।

युवा हुनुहुन्छ, युवा भएपछि युवतिप्रति रुचि राख्नु स्वाभाविक नै हो, होइन ?

त्यो बाहिरका व्यक्तिले हेर्ने दृष्टिकोण हो। म एउटा विवाहित एवं ठूलो व्यावसायिक जिम्मेवारी लिएको व्यक्ति हुँ। यस्तो व्यक्तिले सानो काम गर्दा पनि ठूलो हुन्छ। तपाईं आफैं विचार गर्नुहोस् त, आफ्नो परिवारलाई समय दिन नसक्ने व्यक्तिलाई अरू युवतीको पछि लागेर हिंड्ने फुर्सद हुन्छ ?

कुन ब्रान्डको रक्सी पिउनुहुन्छ ?

म सोसियल ड्रिङकर हुँ। यसो एक दुई पेग पिउँछु। कुनै स्पेसल ब्रान्ड पनि छैन, रक्सीप्रति रुचि पनि छैन। मेरो रुचि चौधरी ग्रुप र नेपालको उन्नतिबाहेक अरू छैन।

–अश्विनी कोइराला

होटल तालिम विशेष छुटमा
2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम

SLC दिएकालाइ 25% EXTRA छुट

रयाडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार,पि.के.क्याम्पसपछाडिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131

साहारा होटल तालिम सेन्टर
[Sahara School of Hospitality Mangement and Toursim Nepal]
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629

रयाडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

प्राइभेट TEST/SLC - 2066
११ वर्षको गहिरो अनुभवका साथ यस पटक पनि पुन भर्ना खुल्यो
SLC पास गर्ने सुवर्ण अवसर आजै सम्पर्क राख्नुहोस् !
प्राइभेट TEST/SLC कसका लागि ?
कक्षा ८ वा ९ पास गरी स्कुल जान नपाएका र कक्षा ९, Test वा SLC फेल भै निरास भएकाहरुका लागि।
सम्झना एकेडेमी नै किन ?
अत्यन्त अनुभवि शिक्षक/शिक्षींकाद्वारा अध्यापन, गरिब जेहेन्दार दलित पिछडिएकाहरुका लागि छात्रबृत्तिको व्यवस्था, कमजोरका लागि विशेष कक्षा संचालन, होस्टेलको राम्रो व्यवस्था भएको। बिहान, दिउसो र बेलुका कक्षा संचालन हुने, अंग्रेजी/नेपाली छुट्टा छुट्टै कक्षा को व्यवस्था।
TEST/SLC ग्यारेन्टीका साथ पास हुने गरी पढ्नलाई सम्झनुहोस्
SAMJHANA ACADEMY
पुरानो बसपार्क, नेपाल पुलिस क्लब ठिक पछाडि
सम्पर्क 014246397

कलाकार चाहियो
दिया फिल्मस् प्रोडक्सन प्रा.लि. द्धारा निर्माण हुन गईरहेको बाबुराम ढकालद्धारा निर्देशन हुन लागेको नेपाली कथानक चलचित्र **पर्खिराख है..** कोलागि नवनायक-नायिका आवश्यक भएकोले आफ्नो बायोडाटा सहित सम्पर्क राख्नुहोला।
सम्पर्क:
९८४१३५४२६८

● सम्पादकीय ●

सरकार गठनमा ढिलाइको अर्थ

प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष राजीनामा दिएको १७ दिन वितिसक्दा पनि नयाँ सरकार गठन हुन सकेको छैन। राष्ट्रपतिले प्रारम्भका ४ दिन राष्ट्रिय सहमतिको सरकार गठन गर्ने म्याद दिएका थिए। त्यो म्याद नाघेपछि उनले बहुमतको सरकार निर्माण गर्न दलहरूलाई आह्वान गरे। बहुमतीय सरकार गठनका लागि कांग्रेस–एमाले गठबन्धनले सभामुखसमक्ष ३ सय २७ जनाको हस्ताक्षर बुझाएको पनि एक साताभन्दा बढी भैसकेको छ। यति हुँदा पनि सरकार गठन गर्न एकिकृत नेकपा (माओवादी) ले मार्ग प्रसस्त नगर्नुले उसमाथि लाग्दै आएको सर्वसत्तावादी प्रवृत्तिको आरोपलाई पुष्टि गर्ने आधारहरू देखिएका छन्। सत्ता कब्जा गर्दै जाने उद्देश्यअनुरूप प्रधानसेनापतिलाई बर्खास्त गरिएपछि राष्ट्रपतिले चालेको कदमको विरोधमा माओवादीले आवेशमा सरकार छाड्ने निर्णय गरेको थिएन भन्ने कुराको पुष्टि उसको नयाँ सरकार बन्न नदिने रणनीतिले गरेको छ। सरकार बन्न संसदबाट अनुमोदन हुनुपर्ने संवैधानिक व्यवस्थामाथि टेकेर उसले संसद वहिष्कार गरिरहेको छ। पछिल्लो समयमा माओवादीले राष्ट्रपतिको कदम असंवैधानिक थियो भनेर संसदमा संकल्प प्रस्ताव दर्ता गरे मात्र संसद चल्न दिने शर्त राखेको छ। यो प्रस्तावलाई अन्य दलले स्वीकार गर्दैनन् भन्ने कुरा माओवादीलाई राम्रोसँग थाहा छ। सर्वसम्मत नहुने यही बुँदामा संकल्प प्रस्ताव दर्ता गराउन खोज्नुको उद्देश्य फेरि पनि नयाँ सरकार बन्न नदिने रणनीति मात्र हो।

अन्तरिम संविधानले सहमति र सहकार्यका आधारमा सरकार बनाउने तथा चलाउने नीति लिएको छ। त्यसका विपरीत माओवादीले सुरुमै सहमति र सहकार्यको नीति त्यागेको थियो। उसले अहिले पनि आफ्नो नीति परिवर्तन गर्ने लक्षण देखाएको छैन। सरकार चलाउन बहुमत मात्र जुटाउनुपर्ने अवस्थामा त माओवादीको लक्षण यस्तो छ भने दुई तिहाई मत चाहिने संविधान निर्माणमा उसले कस्तो अडान देखाउँछ, अनुमान गर्न कठिन छैन। संविधानसभाबाट बन्न लागेको नयाँ सरकार त एउटा पाटो मात्र हो। यसको मूल काम भनेको संविधान लेखन नै हो। आफूले राजीनामा दिएको अवस्थामा नयाँ सरकार बन्न नदिने रणनीति लिने माओवादीले समयमै संविधान लेखनमा सहमति र सहकार्यको वातावरण बनाउला भन्ने आशा गर्न सकिंदैन। यहाँ सरकार ढल्यो वा बन्यो भन्ने चिन्ता भन्दा सहमति र सहकार्यको राजनीतिको अन्त्य भएकोमा दुःख मान्नुपर्ने अवस्था छ। संविधान निर्माणका लागि चाहिने दुई तिहाई बहुमत माओवादीको मतबिना सम्भव छैन। यस्तो बेलामा माओवादीले देखाइरहेको हठले अनिष्टको संकेत गरिरहेको छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

● चिठीपत्र ●

जातीयताका आधारमा राज्य कति जायज ?



सविधान निर्माणको प्रक्रिया थालनी गरिसक्नुपर्नेमा जनप्रतिनिधिहरू अझै अलमलमै बसिरहेका छन्। संविधान निर्माणपूर्व मूलधारका राजनैतिक पार्टीहरूले विभिन्न खाले विचार प्रकट गरिरहेका छन्। अहिले जातीयताको नारा लगाएर विभिन्न समूह एवं वर्गले आन्दोलन र हड्ताल गरिरहेको अवस्था छ। जातीय आधारमा संघीय राज्य छुट्टयाएर शासन गर्ने प्रणाली कति उपयुक्त छ ? गम्भीर छलफल हुनै पर्छ।

अहिले लिम्बुवान, खम्बुवान, तामाङ, खस समुदाय, गुरुङ, शेर्पा, मधेसी, थारू, किराँत, बाहुन, तमुवान र विभिन्न जनजातिको आ-आफ्नै मागको सम्बोधन संविधानमा स्पष्ट उल्लेख हुनुपर्ने र जातीयताका आधारमा राज्य र क्षेत्र छुट्टयाइनुपर्नेजस्ता कुरा जोडतोडले उठिरहेका छन्। यहाँसम्म कि मूलधारमा रहेका ठूला पार्टीहरू पनि यो विषयलाई आफ्ना राजनैतिक एजेन्डा र नाराका रूपमा प्रस्तुत गर्ने काममा अग्रपंक्तिमा रहे। जुन जाति जुन क्षेत्रमा बहुसंख्यक रूपमा छन् तिनीहरूकै नाममा राज्य र शासन हुनुपर्ने र त्यही भाषा नै त्यो क्षेत्रमा सबैले बोल्नुपर्नेजस्ता तर्कहरू पनि जन्मिएका छन्। वास्तवमा यसबाट नेपालको भौगोलिक संरचना र त्यहाँ बसोबास गर्ने जातिहरूबीचको सौहार्दपूर्ण सहिष्णुताको वातावरण खलबल्याउने कामबाहेक अरू केही नहुने कुरालाई वर्तमानमा बुझ्न सकिएन भने यसले दीर्घकालीन असर पुऱ्याउने कुरामा दुईमत हुँदैन।

जातीयताको राजनीति गरेर कुनै राजनैतिक पार्टी वा व्यक्तिलाई लाभ त होला, तर त्यसले जन्माउने विकराल समस्याको अनुमान गर्न सकिएन भने भविष्यमा यसले दुर्भाग्य नै निम्त्याउनेछ। नेपालमा यति धेरै जाति छन्, उनीहरू अहिलेको स्थितिसम्म जातीय सद्भाव कायम गरी नेपाली हुनुको गौरवमा रमाउन सकेका छन्। नेपाली हुनुको पहिचान बोकेर बाँच्न सकेका छन्। यस्तो अवस्था कायम रहनु नै नेपाल र नेपालीको हितमा छ। मधेसी मूलका मानिसले पहाडी मूलका मानिसलाई देख्न नसक्ने, थारू र मधेसीबीच पनि द्वन्द्व चर्किने, लिम्बु, किराँत, खम्बु, तामाङ, शेर्पा, तमुजस्ता अनेक खाले समुदाय र समूहमा टुक्रिएर एकले अर्कामा हिलो छ्यापाछ्याप गर्दा कसैलाई पनि फाइदा पुग्दैन।

संविधान निर्माणको यो घडीमा सबैले विभिन्न अधिकार र आफ्नो अस्तित्वको रक्षाका निम्ति आवाज उठाउनु जायज छ। सबैको विचार, माग संविधानमा सम्बोधन हुनु पनि आवश्यक छ। संविधानमा हरेक जाति, धर्म र समुदायलाई तिनीहरूको सहिष्णुता कायम गरी सबैको हक र अधिकार प्रदान गर्नुपर्ने कुरामा मौन रहनु पनि हुँदैन। संविधानमा के कुरा स्पष्ट हुनु आवश्यक छ भने जातीयताका आधारमा देश टुक्र्याउने खेल खेल्नु हुँदैन। सबै जाति र समुदायको भाषा, धर्म, संस्कार र संस्कृतिको विकास र जगेर्ना गर्दै सबैलाई राज्यमा समान मौका प्रदान गरेर सबैको मौलिक हक र अधिकार सुनिश्चित तुल्याउने काम संविधानमा स्पष्ट हुनुपर्छ। भोलि बहुसंख्यकले अल्पसंख्यकलाई थिचोमिचो गर्ने, पेल्ने, विभेद गर्ने खालको राज्यव्यवस्था वा अवस्था सृजना हुन गए डरलाग्दो अराजकता जन्मिन्छ। यो अवस्थालाई विचार गर्ने हो भने जातीयताका आधारमा राज्यलाई चिरफार गर्ने हो भने जुन ठाउँमा जुन जातिको बाहुल्य छ उसकै भाषा बोलिनुपर्ने र त्यहाँ उसकै हालीमुहाली हुने हुँदा अल्पसंख्यकहरूको विजोग हुने अवस्था आउन सक्छ। त्यही कारणले पनि समाजमा द्वन्द्व र अराजकता फैलन सक्ने सम्भावना प्रबल हुन्छ।

अहिले जुन रूपमा जातीयताको नारा र संघीयताको कुरा बहसको विषय बनेको छ, सबैले यसका भावी परिणामहरू के-के हुन सक्छन् भन्ने कुराको सूक्ष्म अध्ययन गर्नुपर्छ। यसलाई कुनै राजनैतिक अभीष्ट पूरा गर्ने भऱ्याङ मात्र बनाइयो भने यसबाट निस्कने दुष्परिणामको जिम्मा कसले लिने ?

– रेशमकुमार सुनुवार

तीतो सत्य

फूल ओइलिए पनि त्यसको सुगन्ध कम हुँदैन।

सिकाउन जति सजिलो हुन्छ, गरेर देखाउन त्यति नै गाह्रो हुन्छ।

नवीन काफ्ले 'विवश', स्याङ्जा

राम्रो कुरा भए आफूभन्दा सानाले भनेको पनि मान्नुपर्छ।

चित्रमा हेरेर ब्रह्माण्ड सानो छ भन्नु मूर्खता हो।

जयराम कोइराला, संखुवासभा

हरेक मानिस स्वतन्त्र हुन चाहन्छ तर सामाजिक प्राणी भएको नाताले ऊ कहिल्यै स्वतन्त्र रहन सक्दैन।

मुखलाई झूटो बोल्नबाट जोगाउनुपर्छ, हातलाई झगडा गर्नबाट बचाउनुपर्छ, खुट्टालाई गलत बाटो हिंड्नबाट जोगाउनुपर्छ।

पाइला चाल्नुअघि कहाँ जाने, बोल्नुअघि के बोल्ने भनेर विचार पुऱ्याउने हो भने गल्ती हुने सम्भावना रहँदैन।

भाग्य हाम्रो घरको ढोका घचघच्याउन आउँदैन हामी आफैंले भाग्यको ढोका घचघच्याउन जानुपर्छ।

–ऐश्वर्य श्रेष्ठ

'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।

–सम्पादक

● सहर चर्चा ●

नयाँ स्वरुपमा नम्रता

चलचित्र 'सानो संसार' प्रदर्शनताका नायिका नम्रता श्रेष्ठको चर्चा खुबै थियो। मोडलका रूपमा स्थापित भैसकेकी यी सुन्दरीलाई निर्देशक आलोक नेम्वाङले अभिनेत्रीका रूपमा यो चलचित्रमार्फत प्रस्तुत गरेका थिए। चलचित्रले आशातीत सफलता नपाए पनि नम्रताका निम्ति भने यो चलचित्र फलदायी रह्यो। स्तरीय अभिनय क्षमता देखेर नै हुनसक्छ, त्यसपछि अन्य चलचित्रका लागि पनि उनी अनुबन्धित भइन्।

यी नायिकालाई आशलाग्दी नायिकाका रूपमा हेर्ने पनि थुप्रै छन्। पर्दामा अभिनय गरेर प्रशंसा बटुलिसकेकी नम्रतालाई रंगकर्ममा जम्ने धोको पनि त्यत्तिकै थियो। यो अवसर उनलाई डबली थिएटरले उपलब्ध गराइदियो। हेनरिक इब्सेनको नाटक 'ल्याडी फ्रम दि सी'को नेपालीकृत नाटक 'जलपरी' मा उनी एलिडा नामकी पात्रका रूपमा देखा परिन्। यसै साता नाटकप्रेमीहरूले नाचघर जमलमा मञ्चन भएको यो नाटकको शीर्षपात्रका रूपमा उनको अभिनय कलालाई प्रत्यक्ष रूपमा हेर्ने मौका पाए। प्रेम एक जनासँग भए पनि विवाह अर्कैसँग गर्नुपर्दाको पीडाको कथामा आधारित यो नाटकमा नम्रताले प्रेमिकाको भूमिका निर्वाह गरेकी थिइन्। थिएटरमा पनि प्रत्यक्ष अभिनय क्षमता देखाएर प्रशंसा बटुलेकी नम्रताले यो नयाँ स्वरूपमा आफ्नो आगमन हुनुलाई थप उपलब्धिका रूपमा लिएको बताइन्। नम्रताले भनिन्- 'अभिनय के हो भन्ने कुरा रंगमञ्चमा आएपछि अनुभूति भयो।'

१९ वर्षीया कोमल हिराचनको लजालु मुस्कानको प्रशंसा गर्नेहरू प्रशस्त छन्। भविष्यमा फेसन डिजाइनर बन्ने लक्ष्य लिएकी कोमल अहिले मोडलिङको क्षेत्रमा सक्रिय छिन्। पोखरा, गणेशटोलकी स्थायी बासिन्दा कोमल साथीहरूको हौसला तथा प्रेरणाले मोडलिङको संसारमा आइपुगेको बताउँछिन्। कन्या क्याम्पस, पोखराबाट प्लस टु सकेकी कोमल मोडलिङ र अध्ययनलाई सँगै अघि बढाउने पक्षमा छिन्। ५ फिट ३ इन्च अग्ली कोमललाई मन पर्ने पहिरन जिन्स र टिसर्ट हुन्। उनलाई शरीरमा फिट हुने पहिरन मन पर्छन्। थकाली समुदायकी कोमल चाडपर्वमा आफ्नै परम्परागत पहिरनमा ठाँटिन्छिन्। पौडी, नृत्य तथा भ्रमणकी सौखिन कोमल फुर्सदमा टेलिभिजन हेर्न रुचाउँछिन्। कुनै पनि क्षेत्रमा क्यारियर बनाइसकेपछि मात्र प्रेम तथा विवाहका बारेमा सोच्ने कोमलले केही फेसन सोमा क्याटवाकसमेत गरिसकेकी छिन्। उनका आकर्षक तस्बिरहरू सारासंसार डटकममा हेर्न सकिन्छ।

कोमलको
मुस्कान
मोडल वाच

● मुखाले ●

हामी सत्ता कब्जा गर्ने उद्देश्यका साथ नै क्रान्तिमा लागेका हौं।

–सीपी गजुरेल

कांग्रेस, एमाले र माओवादीबीच सहमति र सहकार्य बिना निर्धारित मितिमा संविधान बन्न सक्दैन।

–झलनाथ खनाल

बहुदलीय व्यवस्थाका नाममा हामी पुरानो संसदीय प्रणाली मान्ने पक्षमा छैनौं।

–पोष्टबहादुर बोगटी

कम्युनिष्टहरूले प्रतिस्पर्धात्मक लोकतन्त्रलाई संस्थागत गर्नुको विकल्प छैन।

–परि थापा, नेता, राजमो

माओवादीहरू उग्रवामपन्थी अधिनायकवादको औचित्य स्थापित गर्न खोज्दै छन्।

–नीलाम्बर आचार्य

झलनाथपछिको सिनियर त मै हुँ।

विद्या भण्डारी

माओवादी नै नभए पनि देश मज्जाले चल्छ।

–केपी ओली, नेता, नेकपा एमाले

प्रचण्डको नेतृत्वमा क्रान्ति र जनताको मुक्ति सम्भवै छैन।

–कृष्ण अधिकारी
अध्यक्ष, रेभ्युलसनरी लेफ्ट विङ्स

नराम्रो हल्ला चल्दा श्रीमान्लाई मात्र होइन मलाई पनि नरमाइलो लाग्छ।

–अरुणिमा लम्साल, नायिका

एउटै छानामुनि छानी-छानी पुस्तक र कलेज

शिव मुखिया

काठमाडौं– एउटा रजिस्ट्रेसन फर्ममा उनले आफ्नो नाम रविना खड्का भरिन् । त्यसपछि पढ्न चाहेको देश यूएस र आईईएलटीएसमा ६ स्कोर प्राप्त गरेको उल्लेख गरिन् । गएको सोमबार भृकुटीमण्डपस्थित तेह्रौं शैक्षिक तथा पुस्तक मेलामा भेटिएकी खड्का ट्राभल एन्ड टुरिज्म अध्ययनका लागि यूएस जाने सोचमा थिइन् । 'अब्रोर्ड स्टडीका बारेमा जानकारी पाइन्छ भनेर मेलामा आएकी थिएँ,' भक्तपुरबाट एक्लै आएकी रविनाले साप्ताहिकको जिज्ञासामा भनिन्- 'यही मौकामा फर्म पनि भरें ।' लिवर्टी कन्सल्टेन्सीको स्टलले अब्रोर्ड स्टडीको तयारीमा रहेका विद्यार्थीलाई फर्म भराउँदै थियो, जहाँ रविना मौकाको फाइदा उठाइरहेकी थिइन् । 'यो फर्म हामी यूएसको युनिभर्सिटीमा पठाउँछौं, छनौट भए पढ्न पाइन्छ,' स्टलका परामर्शदाता भन्दै थिए । शैक्षिक मेलामा अब्रोर्ड स्टडीका लागि परामर्श दिइरहेका कन्सल्टेन्सीको तुलनामा अन्यत्र कम भीड थियो । एसएलसीपछि र उच्च शिक्षा अध्ययनअघिको यो समयमा एसएलसी दिएका विद्यार्थीहरू पनि मेलामा भेटिए, तर उनीहरू प्लस टु र प्रमाणपत्र तह अध्ययनका लागिभन्दा पनि अब्रोर्ड स्टडीमै रुचि राखिरहेका थिए । त्यस्तै विद्यार्थीको भीडमा भेटिइन आस्था प्रधान । भर्खरै एसएलसी सिध्याएकी आस्थाले भनिन्- 'ए लेवलका बारेमा बुझिरहेकी छु ।' थम्स कलेजको स्टल अघिल्तिर भेटिएकी आस्था ए लेवल शिक्षाका बारेमा जानकारी लिइरहेकी थिइन् । 'ए लेवल गरेर विदेश पढ्न जाने' उनले आफ्नो योजना सुनाइन् । ए लेवल उत्तीर्णपछि वैदेशिक शिक्षाको अवसर खुला हुने भएकाले उनी त्यसतर्फ आकर्षित भएकी हुन् ।

अध्ययनका लागि यूएसएको साउथ स्ट्यार्न्ड लुजियाना युनिभर्सिटीमा जाने तयारी गरिरहेका उल्लेख निरौला र अतुल शिवाकोटीले स्याटमा प्राप्तांकका आधारमा स्कलरसिप पाएका रहेछन् । उनीहरू दीक्षा कन्सल्टेन्सीको स्टलमा भेटिए । वैदेशिक शिक्षाका लागि इच्छुक विद्यार्थीहरूलाई परामर्श दिइरहेका उनीहरूले भने- 'स्कलरसिप प्राप्त गरेर थोरै खर्चमा विदेश पढ्नका लागि साथीहरूलाई हौस्याइरहेका छौं ।'

जेठ १ गते प्रारम्भ भएको मेला शैक्षिक परामर्श लिने विद्यार्थीका लागि मात्र होइन, पुस्तक अध्ययनमा रुचि राख्नेहरूका लागि पनि उपयुक्त गन्तव्य बनेको थियो । विभिन्न प्रकाशन एवं बुक हाउसका उपलब्ध पुस्तकहरूले धेरैको ध्यान खिचिरहेको थियो । जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा', कृष्ण धरावासीको 'राधा', कर्ण शाक्यको 'सोच' देखि आध्यत्मिक, मनोरञ्जनात्मक एवं बालसाहित्यका पुस्तकहरू हातहातमा लिएकाहरू थुप्रै भेटिए । त्यस्तै विद्यालय तथा क्याम्पसतहका पाठ्यपुस्तक किन्नेहरूका लागि पनि मेलाले राम्रो अवसर जुराइदिएको थियो । 'पैसाले भ्याएसम्म मनपरेका पुस्तक किन्ने हो,' स्वेड मार्डेनका पुस्तक प्लास्टिक झोलाभित्र हाल्दै सौरभ तामाङले भने । उनले छानी-छानी पुस्तक किन्न पाइने भएकाले मेलामा आएको बताए । काभ्रेका सौरभसँगै थिए उनका भाइ राकेश । एसएलसी परीक्षापछि फुर्सदिला बनेका सौरभ प्लस टु कलेजका बारेमा बुझ्न आएका रहेछन् । 'ट्राभल एन्ड टुरिज्म पढ्ने सोच छ,' एसएलसीको नतिजा राम्रो आउँछ भन्नेमा ढुक्क रहेका राकेशले भने- 'अब नेपालमा यसको राम्रो भविष्य छ ।'

मेघा शाक्य र श्वेता गिरी वर्नहार्ट कलेजको स्टलमा भेटिए । १२ कक्षामा अध्ययनरत दुवै आफ्नो कलेजको शैक्षिक कार्यक्रमका सम्बन्धमा आगन्तुकहरूलाई परामर्श दिनमा व्यस्त थिए । 'हामीले एउटा स्किम ल्याएका छौं,' मेघाले एउटा फर्म देखाउँदै भनिन्- 'यो फर्ममा आफूले एसएलसी परीक्षामा कति अंक ल्याइन्छ त्यसको गेस गर्नुपर्छ । यदि गेस गरेको अंक र एसएलसीको नतिजा मिले उसले शतप्रतिशत स्कलरसिप पाउँछन् ।' एसएलसी दिएर बसेका विद्यार्थीलाई आ-आफ्नो कलेजमा भर्नाका लागि आमन्त्रण गर्ने प्लस टु कलेजहरूको होड नै चलिरहेको थियो । डन बस्को कलेजले एसएलसीपछि प्लस टु अध्ययन गर्न चाहने विद्यार्थीको नाम दर्ता गराइरहेका थिए । उसले मेलामा आफ्नो नाम दर्ता गराउने विद्यार्थीलाई भर्ना फर्ममा ५० प्रतिशत छुट दिने बताइरहेको थियो । यसैगरी कतिपय कलेजले मेलामै प्रवेश परीक्षा तयारीका लागि विद्यार्थीलाई कम्प्युटर उपलब्ध गराएको थियो, जहाँ विद्यार्थीहरू नमुना प्रश्न हल गरिरहेका थिए ।

भोलि शनिबारसम्म सञ्चालन हुने शैक्षिक तथा पुस्तक मेला उच्च शिक्षाको तयारीमा जुटेका, अब्रोर्ड स्टडीमा रुचि राख्ने र मनपर्दो पुस्तक किन्न चाहनेहरूका लागि उपयुक्त गन्तव्य बनेको छ । मेलाले युवायुवती मात्र होइन प्रौढ उमेरकादेखि बालबालिकाहरूलाई समेत आकर्षित गरिरहेको छ । धेरैजसो प्रकाशन संस्थाहरूले आफ्नो प्रकाशनका पुस्तकहरू उपलब्ध गराएकाले मेलामा आउनेले कुनै पनि पुस्तकको अभाव महसुस गर्नुपरेको छैन । अंग्रेजी, हिन्दी, नेपाली भाषाका विभिन्न विधाका पुस्तकहरू मेलामा उपलब्ध छ । दर्शनशास्त्र देखि बालबालिका लागि कार्टुन चित्रसहितको रमाइलो पुस्तक एउटै थलोमा राखिएको छ । मेलामा वैदेशिक शिक्षाको तयारीमा जुटिरहेका विद्यार्थीले पनि आफ्नो जिज्ञासा मेट्न पाउँछन् । विभिन्न देशका युनिभर्सिटीका बारेमा जानकारी दिन स्टलका परामर्शदाताहरू आतुर भेटिन्छन् ।

खगोल विज्ञानमा अध्यापन

रविन राचलिका

खगोल विज्ञान नेपालका विद्यालय तथा उच्च माध्यमिक तहमा आंशिक रूपमा अध्यापन गराइन्छ । यो सबैभन्दा पुरानो विज्ञान मानिन्छ तर नेपालमा उच्च शिक्षामा खगोल विज्ञानलाई छुट्टै विषयका रूपमा अध्यापन गराइँदैन । त्रिभुवन विश्वविद्यालयले केही वर्षदेखि स्नातकोत्तर तहअन्तर्गत मूल विषय भौतिकशास्त्र लिने विद्यार्थीहरूका लागि खगोल विज्ञानलाई ऐच्छिक विषयका रूपमा समावेश गरेको छ । खगोल विज्ञानकै आधारमा भौतिक विज्ञानका सिद्धान्तहरू विकसित भएका हुन् । गणित तथा अन्य विज्ञान बुझ्न पनि यसको सहयोग लिन सकिन्छ ।

खगोल विज्ञानका पाठ्यक्रमहरूमा पहिलो अंशका रूपमा ब्रह्माण्डको उत्पत्तिसम्बन्धी सिद्धान्त समावेश गरिन्छ । ग्रह, नक्षत्र हेर्ने रुचि भएका विद्यार्थीहरूले यो विषयमा खोज गर्ने इच्छा राखे पनि नेपालमा खगोल विज्ञानसम्बन्धी कुनै ठोस अध्ययनको व्यवस्था छैन । अन्तरिक्षबाट सबैभन्दा नजिकको भू-सतह सगरमाथालाई मानिन्छ, त्यसैले नेपाललाई तारामण्डल अध्ययन गर्ने भरपर्दो क्षेत्रका रूपमा लिइन्छ ।

नेपालका विद्यार्थीहरूमा खगोल विज्ञानसम्बन्धी रुचि जगाउन हरेक वर्ष करिब १ सय जना विद्यार्थीलाई विज्ञान तथा प्रविधि मन्त्रालयले ९ दिन लामो आवासीय तालिम दिने गरेको छ । विगत ६ वर्षदेखि यस किसिमको तालिम हरेक वर्ष आयोजना हुँदै आएको छ । यस वर्ष पनि गत जेठ ४ गते काठमाडौंमा उक्त तालिम सुरु भएको छ । तालिममा नेपालका विभिन्न जिल्लाका १ सय विद्यार्थीलाई खगोल विज्ञानसम्बन्धी प्रारम्भिक ज्ञान दिइने विज्ञान मन्त्रालयका अधिकृत सनतकुमार शर्माले जानकारी गराए । तालिम अवधिमा २१ वटा विषयमा जानकारी गराउने व्यवस्था मिलाइएको छ ।

विद्यार्थीहरूले तालिममा दूरदर्शक यन्त्रको प्रयोग गर्न सिक्नेछन् । यसरी सिकेको ज्ञानको व्यावहारिक प्रयोग गराउन उनीहरूलाई जेठ ९ गते शनिबार नगरकोटको टावरमा राखिएको दूरदर्शक यन्त्रबाट आकाशीय पिण्डहरूको अध्ययन गर्न दिइनेछ । तालिममा पृथ्वीनारायण क्याम्पस पोखरा, प्रभात कलेज भक्तपुर, गोल्डेन गेट उ.मा.वि. बत्तीसपुतली, कोलम्बस कलेज शंखमूल, डनबस्को कलेज आदि २४ वटा शैक्षिक संस्थाका विद्यार्थीहरूको सहभागिता छ । तालिम पाएका विद्यार्थीहरूले भविष्यमा खगोल विज्ञानको क्षेत्रमा उच्च अध्ययन गर्ने विश्वास आयोजकहरूले लिएका छन् ।

होटल तालिममा सुवर्ण अवसर

पाँचतारे होटल तथा देश विदेशमा समेत ख्याती प्राप्त सेफहरुद्वारा सञ्चालित कुक, बेकरी, कफि मेकिङ्ग सम्बन्धी तालिम दिईने । त्यस्तै वेटर, वेट्रेस, क्याप्टेन, वारमेन, वारटेण्डर, रिसेप्सनिष्ट तथा हाउजिङ्ग सम्बन्धी तालिम दिईने । अब चिन्ता लिनु पर्दैन,विदेश पढन जाने विद्यार्थी तथा अन्यलाई विशेष व्यबस्था सहित धमाधम कक्षाहरु संचालन भईरहेको छ । छिट्टो गर्नुहोस, समय आउछ पर्खदैन । आजै रजनिस होटल तालिम केन्द्रमा सम्पर्क गरि मौकाको फाईदा उठाउनुहोस् ।

सम्पर्क : ४४६१२२२, ९८४१-४१९२५७, ९८४१२१२७३६

विदेशमा पढ्न भाषाको ज्ञान

मोडल : सरु, तस्बिर : कवीन्द्रमान

काठमाडौं- विदेशका कलेज/ युनिभर्सिटीमा अध्ययन गर्न ठूलै आर्थिक लगानी गर्नुका साथै उच्च शैक्षिक क्षमता पनि प्रदर्शन गर्न सक्नुपर्छ। आर्थिक रूपले कमजोर तर बौद्धिक क्षमता उच्च भएका विद्यार्थीहरूले पनि विदेशमा पढ्न पाउने सम्भावना हुन्छ। त्यस्ता विद्यार्थीले आफ्नो बौद्धिक क्षमताको प्रदर्शन गरेर छात्रवृत्ति प्राप्त गरी अध्ययनका लागि विदेश जान सक्ने भाषा शिक्षक डिएन कँडेल बताउँछन्।

विदेशका कजेज/युनिभर्सिटीले तोकेको भाषा स्तरमा योग्य भएपछि मात्र भर्नाका लागि आवेदन दिन सकिन्छ। यसका लागि नेपालमा विभिन्न इन्स्टिच्युटले भाषा लगायतका विषयमा परामर्श दिइरहेका छन्। ती इन्स्टिच्युटमार्फत् भाषासम्बन्धी दक्षता पनि हासिल गर्न सकिन्छ। टोफल, आईईएलटीएस, जिआरई, स्याट, जिएमएटी जस्ता परीक्षा प्रणालीमा आधारित रहेर भाषा शिक्षा लिनुपर्छ। यसमा तोकिएको स्कोर प्राप्त गर्न सके विदेशका कलेज/ युनिभर्सिटीले भर्ना प्रक्रिया अगाडि बढाउँछन्।

विभिन्न देशका कलेज/ युनिभर्सिटीमा अध्ययन गर्न भिन्दाभिन्दै परीक्षा दिनुपर्छ। ती परीक्षामा तोकिएको स्कोर हासिल गर्न सके विदेश अध्ययनको बाटो खुल्छ।

आइइएलटिएस

इन्टरनेसनल इंलिस ल्याङ्ग्वेज टेस्टिङ सिस्टमको छोटो रूप हो आईईएलटीएस। यो क्याम्ब्रिज विश्वविद्यालयका परीक्षकले विकास गरेको अंग्रेजी परीक्षण प्रक्रिया हो। नेपाली विद्यार्थीले विदेशका धेरैजसो कलेज एवं युनिभर्सिटीमा अध्ययन गर्न आईईएलटीएस परीक्षामा तोकिएको स्कोर हासिल गर्न सक्नुपर्छ। अंग्रेजी भाषा बोलिने देशका विश्वविद्यालयले विद्यार्थीलाई भर्ना लिन अंग्रेजीमा कत्तिको दखल छ भनेर जाँच्न यो परीक्षा लिने गरेको हो। आईईएलटीएस विद्यार्थीको अंग्रेजी क्षमताको पहिचान गर्न लिइने परीक्षा हो। अंग्रेजी बोलचालीको भाषा भएको देशमा विद्यार्थीहरूले अंग्रेजीमा पढ्ने र बोलीचाली गर्नुपर्ने हुँदा यो परीक्षा विद्यार्थीको अंग्रेजी भाषा क्षमताको पहिचान गर्न लिइन्छ। आईईएलटीएसले अंग्रेजी भाषाका चारै क्षमता बोलाइ, सुनाइ, पढाइ र लेखाइको मापन गर्छ।

अष्ट्रेलिया, क्यानाडा, न्युजिल्यान्ड, बेलायत र संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयले आईईएलटीएसलाई मान्यता दिएको छ। यसले परीक्षार्थीको क्षमता एकदेखि नौसम्म मापन हुन्छ। अष्ट्रेलियाली विश्वविद्यालयले ६ देखि ७ को हाराहारीमा आईईएलटीएसको स्कोर खोज्छन्। आईईएलटीएसमा परीक्षार्थीको सुनाइ, पढाइ, बोलाइ र लेखाइ मापन गरिन्छ। सबै परीक्षार्थीले एउटै मोडलमा परीक्षा दिनुपर्छ।

टोफेल

टोफेलको पूरा रूप टेस्ट अफ इंलिस एज फरेन ल्याङ्ग्वेज हो। यो परीक्षा अंग्रेजी मातृभाषा नभएका मुलुकका विद्यार्थीका लागि लिइन्छ। अमेरिकी विश्वविद्यालय वा कलेजले अंग्रेजी मातृभाषा नभएका विद्यार्थीलाई भर्ना लिनुअघि टोफेलको स्कोर माग्छन्। कलेज स्तरमा विद्यार्थीको अंग्रेजी बोल्ने, बुझ्ने क्षमता टोफेलले मापन गर्छ। टोफेल विशेषत: कम्प्युटरमा लिइन्छ। कम्प्युटरमा लिन नसकिने स्थानमा हातैले कपीमा लेखेर पनि यो परिक्षा लिइन्छ। कम्प्युटरमा आधारित टोफेल टेस्टलाई सिविटी भनिन्छ।

स्याट

अमेरिकाका विश्वविद्यालयमा भर्ना पाउन लिइने शाब्दिक र गुणत्मक तार्किकताको सामान्य परीक्षणलाई स्याट अर्थात् स्कोलास्टिक एटिच्युट टेस्ट भनिन्छ। यो अमेरिकी विश्वविद्यालयमा अन्डर ग्राज्युएट शैक्षिक कार्यक्रममा भर्ना लिनका लागि आवश्यक हुन्छ। यो परीक्षामा प्रश्नसँग छनौट गर्न सकिने कैयौं उत्तर दिइएको हुन्छ। यसले बोलाई तथा गणितीय तार्किक क्षमताको मापन गर्छ। प्राय: कलेजले भर्नाका लागि स्याट-१ खोज्छन्। त्यस्तै स्याट-२ मा विषयगत ज्ञान र उक्त ज्ञानलाई प्रयोग गर्ने क्षमता मापन गरिन्छ। कैयौ विश्वविद्यालयले स्याट-१ सहित स्याट-२ पनि माग्छन्।

स्याट परीक्षा अमेरिकास्थित कलेज इन्ट्रान्स इक्जामिनेसन बोर्डले लिन्छ। बोर्डले नै प्रश्नपत्र तयार गर्ने, परीक्षा लिने र उत्तरपत्र जाँच गर्ने काम गर्छ। बोर्डले स्याट अंकलाई चारवटा कलेज वा विश्वविद्यालयमा पठाउने व्यवस्था गरिएको हुन्छ। परीक्षार्थीले कुन विश्वविद्यालयमा स्याटको अंक पठाउन चाहेको हो भन्ने कुरा स्याटको आवेदन फारममा नै उल्लेख गर्नुपर्छ। त्यसैले स्याट परीक्षामा सामेल हुनुभन्दा अघि नै आफूले कुन विश्वविद्यालयमा पढ्न चाहेको हो भन्ने कुरा तय गरिसक्नुपर्छ।

जिआरई

जिआरई ग्राडनेट रेकर्ड इक्जामिनेसनको छोटो रूप हो। यो परीक्षाले मौखिक, तार्किकता, गुणात्मक तार्किकता, आलोचनात्मक विश्लेषण र विश्लेषणात्मक लेखाइको परीक्षण गर्छ। यो कुनै विशेष अध्ययनसँग सम्बन्धित छैन।

जिआरईले अन्डर ग्राजुएटको आठ विशेष क्षेत्रको ज्ञानको मापन गर्छ। यी मापनबाट विद्यार्थीले स्नातक तहमा कस्तो प्रस्तुति गर्छन् भनेर अनुमान लाउन सकिन्छ। विद्यार्थीले मुख्य विषय लिएर पढेका विषय वा विशेष दख्खल भएका विषयमा जिआरईको प्रत्येक विषयको टेस्ट लक्षित गरिएको हुन्छ। लेखिएको वस्तुलाई विश्लेषण र मापन गर्न सक्ने र यसका जानकारीलाई संश्लेषण गर्न सक्ने, वाक्यमा भएका शब्दहरूको सम्बन्धको विश्लेषण गर्ने, शब्द र अवधारणाबीचको सम्बन्ध बुझ्ने जस्ता कुरा मौखिक तार्किकता अन्तर्गत विद्यार्थीको क्षमता जाँच गरिन्छ। यसैगरी गुणात्मक तार्किकता अन्तर्गत अंकगणित, बीजगणित, ज्यामिती र तथ्यांक विश्लेषणसम्बन्धी सामान्य धारणाहरूका बारेमा जानकारी, परिणात्मक आधारमा तर्क गर्न सक्ने, परिणात्मक अवस्थामा समस्या समाधान गर्न सक्ने क्षमता जाँच गरिन्छ।

विश्लेषणात्मक लेखाइअन्तर्गत जटिल विचारलाई स्पष्ट र प्रभावकारी ढंगमा राख्न सक्ने, दाबीलाई परीक्षण र प्राप्त तथ्यलाई प्रस्तुत गर्न सक्ने, आवश्यक तर्क र उदाहरणले विचारलाई समर्थन गर्न सक्ने क्षमता जाँचिन्छ। स्नातकमा भर्ना हुन चाहने विद्यार्थीले जिआरईको परीक्षा दिन्छन्। विद्यार्थीलाई स्नातकमा भर्ना लिन उनीहरूको अन्डर ग्राजुएटमा प्राप्त अंक र जिआरईको स्कोर हेरिन्छ।

जिम्याट

ग्राज्युएट म्यानेजमेन्ट एड्मिसन टेस्ट अर्थात् जिम्याट एमबिए वा व्यवस्थापन र बिजनेसमा स्नातक गर्न चाहने विद्यार्थीले दिनुपर्छ। जिम्याटले विद्यार्थीको सामान्य शाब्दिक, गणितीय र विश्लेषणात्मक लेखाइको परीक्षण गर्छ। जिम्याट टेस्टको तीन भाग हुन्छ। विश्लेषणात्मक लेखाइ, परिमाणात्मक सेक्सन र शाब्दिक सेक्सन। जिम्याट टेस्ट विश्लेषणात्मक लेखाइबाट सुरु हुन्छ। यसमा दुईवटा भिन्दाभिन्दै लेख्ने काम दिइएको हुन्छ। एउटामा कुनै विषयको विश्लेषण गर्नुपर्छ भने अर्को तर्कको विश्लेषण।

कसरी प्राप्त गर्ने छात्रवृत्ति

विदेशको महंगो कलेज/ विश्वविद्यालयमा अध्ययन गर्न सबैको आर्थिक हैसियतले पुग्दैन। यस्तो अवस्थामा अध्ययन लगायतको क्षेत्रमा अब्बल स्थान हासिल गर्दै आएका विद्यार्थीहरूका लागि छात्रवृत्तिमार्फत् नि:शुल्क एवं कम शुल्कमा पढ्न सकिने व्यवस्था हुन्छ। विदेशी कलेज तथा युनिभर्सिटीहरूले यस्ता अब्बल विद्यार्थीका लागि निश्चित कोटामा छात्रवृत्ति प्रदान गर्छन्। हुन त छात्रवृत्ति प्राप्त गर्नु सामान्य कुरा होइन। यद्यपि केही नेपाली विद्यार्थी छात्रवृत्तिमार्फत् नै विश्व चर्चित विश्वविद्यालयहरूबाट दक्षता हासिल गरिरहेका छन्। छात्रवृत्तिका लागि विभिन्न कलेज/युनिभर्सिटीले आवश्यक मापदण्ड तोकेका हुन्छन्। उक्त मापदण्ड पूरा गरेका विद्यार्थीहरूबीच प्रतिस्पर्धा गराएर निश्चित कोटामा विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिन्छ।

छात्रवृत्ति प्राप्त गर्नका लागि प्रथमत: आफूले अध्ययन गर्न चाहेको कलेज/युनिभर्सिटीले छात्रवृत्तिका लागि कस्तो मापदण्ड तोकेको छ जान्नुपर्छ। खासगरी बौद्धिक क्षमता उच्च भएका, परीक्षामा उच्च अंकका साथ उत्तीर्ण गरेका, सामाजिक सेवाको क्षेत्रका योगदान पुऱ्याएका र सम्बन्धित कलेज/युनिभर्सिटीबाट लिइने भाषा परीक्षामा उच्च स्कोर हासिल गरेका विद्यार्थीमा छात्रवृत्ति प्राप्त गर्न सक्ने क्षमता हुन्छ। त्यसैले छात्रवृत्ति पाउन आफूले परीक्षामा प्राप्त गरेको अंक, सामाजिक सेवाको क्षेत्रमा काम गरेको विवरण एवं प्रमाण देखाउनुपर्छ। कलेज/युनिभर्सिटीले तोकेको मापदण्ड अनुसार आफू योग्य भए छात्रवृत्ति पाउने धेरै सम्भावना हुन्छ।

सौन्दर्यका सामान
○ Height बढाउने (Yoko Japanese)- 1050/-
○ मोटोपन घटाउने (Sauna Belt)
○ अनुहार गोरो बनाउने (Roop Amrit)
○ स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
○ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
○ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
○ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
○ एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

+2/SLC ⓵ वर्ष मै
☐ १ वर्षमै +२ पास गर्न चाहनुहुन्छ ?
☐ Maths/Science नपढी पाँच विषय मात्र पढेर SLC पास गर्न चाहनुहुन्छ ?
Commerce, Arts, Science
विगत ९ वर्ष देखि संचालित
☐ SLC/+2 मा ५ वटा विषय पढे पुग्ने।
☐ जागिरे/गृहिणीहरुले घरमै बसी पढ्न सक्ने।
☐ TU/HSEB/KU तथा विश्वभर मान्यता प्राप्त।
☐ Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईन्डर ग्लोवल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं (रिपोर्टस क्लबको सिधा अगाडी) 2005077

सौन्दर्यका सामानहरु
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,५००/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडिफोन:४२४४२०६१,४२३०८१५

देश पनि हेरिने पैसा पनि कमाइने

काठमाडौं– मुलुकमा व्याप्त संकटग्रस्त परिस्थितिका कारण ज्यान जोगाउन जटिल भएको ठहर गर्दै नेपाली सेनाको जागिर छाडेर धादिङका दिलीप गुरुङ केहि वर्षअघि मलेसिया गएका थिए। मलेसियास्थित एक कार्यालयमा तीनवर्ष सेक्युरिटीको काम गरेर फर्किएका दिलिप बानेश्वरस्थित वैदेशिक रोजगार विभागमा भेटिए। अब केको तयारीमा ? प्रश्न खस्न नपाउँदै उनले जवाफ फर्काए-'यहाँ बसेर केही काम छैन।' उनी फेरि रोजगारीका लागि विदेश हानिने सुरमा रहेछन्। 'अब साउदी अरब जाँदैछु,' त्यहाँस्थित अल अलि अस्पतालमा क्लिनरको कामका लागि भिसा मिलाएका गुरुङले भने- 'नेपालको स्थिति डामाडोल छ, विदेश नगएर के गर्नु ?'

'नेपालमा बसेर काम छैन' भन्ने निष्कर्ष निकाल्दै बिदेसिने युवाहरूको पंक्तिमा दिलीप एउटा सानो उदाहरण मात्र हुन्। उनीजस्ता थुप्रै युवायुवती यस्तै सोचाइ बोकेर बिदेसिएका छन्। यो क्रम पछिल्लो समय निकै बढेको छ। यतिबेला 'मुख पनि फेरिने, देश पनि हेरिने' रहर पालेका युवायुवतीहरू 'रोजगार पनि पाइने, पैसा पनि कमाइने' मोहले श्रमिक भिसामा बिदेसिन थालेका छन्। विदेशी भूमिमा श्रम बेचेर केही रुपैयाँ जोहो गर्ने चाहनाले थुप्रै तन्नेरी साउदी अरब, कतार, मलेसिया, दुबई, बहराइनजस्ता खाडी मुलुक जाने गरेका छन्। त्यसो त राम्रै आर्थिक अवस्था भएकाहरू पनि दक्षिण कोरिया, जापानसम्म पुगिरहेका छन्। विभिन्न सहरका सयौं म्यानपावर एजेन्जीमा दिनहुँ लाग्ने युवायुवतीको भीडले पनि वैदेशिक रोजगारीको क्रेज बढ्दै गएको संकेत गर्छ।

मूलतः नेपालमा रोजगारीको अवसर नहुनुले धेरै युवा आफ्नो श्रम बेच्न बिदेसिएका हुन्। त्यसबाहेक मुलुकको अन्यौलग्रस्त स्थिति बिदेसिनेहरूका लागि अर्को बहाना बनेको छ। त्यसो त बिदेसिनेहरूले आफ्नो आर्थिक अवस्था पनि निकै उकासेका छन्। पछिल्लो समय ग्रामीण भेगमा बद्लिएको जीवनशैली यसैको देन हो।

गोरखाका सुवास आले घरको गरिबीले लखेटेर बिदेसिने मनस्थितिमा पुगेका हुन्। 'जति गरे पनि एक छाक टार्न मुस्किल भो,' राजधानीको एक होटलमा केही दिनअघिदेखि डेरा जमाएर बसेका सुवासले दुखेसो पोखे- 'स-साना छोराछोरी र बूढी आमालाई छाडेर जाने रहर कहाँ हुन्छ र ? तर खानै नपुगेपछि अरू उपाय नै लागेन।' उनी मलेसिया जाने तयारीमा थिए, तर हालै श्रम विभागले मलेसियाका लागि श्रम स्वीकृत बन्द गरेको छ। विश्व आर्थिक मन्दीका कारण नेपाली कामदारहरू फर्काउन थालिएपछि विभागले त्यहाँका लागि श्रम स्वीकृति नदिएको हो। 'अब एजेन्टले अर्कै देश पठाउने भनेको छ,' उनले भने- 'सायद छिटै पठाउला।' स्नातकसम्म अध्ययन गरेर पनि लामो समय बेरोजगारीको सिकार बनेका झापाका घनश्याम कार्की दुबई जाने तयारीमा छन्। 'धेरैतिर काम खोजियो, पाइएन' उनले भने- 'अनि एक-डेढ लाख खर्च गरेर विदेश जाने भइयो।'

जुम्लाका नीरज शाहीले राजधानीको आरआर क्याम्पसबाट स्नातक गरिसकेका छन्। पढेर पनि काम नपाइएपछि उनी केही वर्ष काँधमा गलैंचा बोकेर पूर्वी पहाडी गाउँहरू चहार्न पुगे। दाजुहरूको लहलहैमा गलैंचा व्यापारमा लागेका शाहीलाई उक्त काम पनि चित्त बुझेन। यतिबेला उनी कतार जाने दिन गन्ती गरेर बसेका छन्। 'जति गरे पनि पैसाको मुख देख्नै गाह्रो भो,' उनले भने- 'अनि विदेश जाने निर्णयमा पुगें।' शाही केही दिनभित्रै कतार उड्दैछन्।

रेशम गुरुङ र सन्तोष तामाङको कथा पनि उस्तै छ। उनीहरू दुवैले वैदेशिक रोजगारीको अनुभव सँगालिसकेका छन्। ड्राइभिङ पेसामा आबद्ध रेशम र नेपाली सेनाका जागिरे सन्तोष दुवैलाई आफ्नो पेसाप्रतिको वितृष्णाले विदेश पुऱ्याएको हो। 'जागिरले खान त पुग्छ, तर पैसा कमाउन सकिँदैन,' सन्तोष भन्छन्। द्वन्द्वकालका बेला जागिर छाडेका सन्तोषले सेनाको जागिरबाट मासिक ३ हजार ५ सय कमाइ गर्थे। त्यति रुपैयाँले जीवनस्तर उकास्ने सम्भावना नदेखेपछि जागिरै छाडेर उनी सेक्युरिटी गार्डका लागि मलेसिया पुगेका थिए। 'त्यहाँ महिनाको झन्डै २०/२२ हजार कमाइन्थ्यो,' उनले बताए- 'तीनवर्षे बसाइमा आफ्नो ऋण चुक्ता गरेर केही रकम बचाएँ।' बचाएको रकमलाई उनी फेरि वैदेशिक रोजगारीका लागि खर्चँदैछन्। उनी अफगानिस्तान जाने तयारीमा रहेछन्। यता रेशमले नेपालमै छँदा पनि मासिक १५ हजार रुपैयाँसम्म कमाइ गर्थे। त्यो कमाइले पनि चित्त नबुझेपछि उनी ड्राइभिङ भिसामा कुवेत छिरेका थिए। कुवतमा राम्रै कमाइ गरेर फर्किएका गुरुङ फेरि वैदेशिक रोजगारीको सिलसिलामा छन्।

रोजगारीका लागि खाडी मुलुक जाने नेपालीहरूले नेपाली रुपैयाँ ८ हजारदेखि ३५ हजारसम्म कमाउने गरेका छन्। त्यहाँ उनीहरू दैनिक १२ घण्टा काममा खटिन्छन्। त्यसबाहेक पनि काम भए ओभर टाइम गरेर आम्दानी लिन्छन्। साधारण वर्करका लागि नेपाली ९ हजारदेखि १० हजारसम्म तलब तोकिएको हुन्छ। 'बेसिक स्यालरी कम भए पनि ओटी (ओभर टाइम) गरेर धेरै कमाउन सकिन्छ,' मलेसियास्थित सेलनगरको अकुमुरा कम्पनीमा तीन वर्ष काम गरेर फर्किएका दोलखाका भूपाल जिरेल भन्छन्- 'धेरैजसो कम्पनीमा ओटी गर्न सकिन्छ।'

नुवाकोटका भोजबहादुर लामा पनि कतार जाने तयारीमा छन्। उनी दोहास्थित ल्यान्डमार्क सुपर मार्केटमा काम गर्न जान लागेका हुन्। 'नेपाली रुपैयाँ करिब २२ हजार मासिक कमाइ हुन्छ,' उनले फुरुंग हुँदै सुनाए- 'यतिका रकम कमाउन नेपालमा नेताकै छोरा भएर जन्मनुपर्छ।'

विदेशमा कमाइ गरेर घरको ऋण तिर्न, आर्थिक रूपले मजबुत हुन बिदेसिनेहरूमा अधिकांश ग्रामिण भेगका युवायुवतीहरू छन्। निम्नमध्यम वर्गका उनीहरूको रोजाइ बन्ने गरेको छ– खाडी मुलुक। ८० हजारदेखि ३ लाखसम्म खर्चिएर खाडी मुलुक जानेहरूले दुई-तीन वर्षको बसाइमा केही रकम जोहो गरेर नेपाल आउने गरेका छन्।

अहिलेसम्म खाडी र मलेसियामा नेपालीहरूले गरिरहेको काम भनेको कडा शारीरिक श्रम नै हो। वैदेशिक रोजगार व्यवस्थापन सुधार तथा कार्ययोजना प्रतिवेदन, २०५९ मा उल्लेख गरिएअनुसार नेपाली कामदारहरूलाई दिइने नियुक्तिमा लन्ड्री अपरेटर, क्वालिटी चेकर, क्लिनर, ट्रान्सपोर्ट लेबर, लोड अनलोड वर्कर, विन्डो क्लिनर, क्वालिटी सर्भिसर, प्लम्बर, ग्लास कटर, कन्स्ट्रक्सन वर्कर, स्टिल वेल्डर, डिजेल मेकानिक्स, ट्रक ड्राइभर, पेस्ट कन्ट्रोलर, अफिस ब्वाई उल्लेख गरिएको हुन्छ। त्यस्तै मेटल फिटर, इन्सुलेशन लेवर, स्टोन डेकोरेटर, हेल्पर, टेक्निकल प्लान्ट अपरेटर, पब्लिक एरिया एटेन्डेन्ट, गार्डेनर, स्टिल फेब्रिकेटर, मेसिन अपरेटर, सेक्युरिटी म्यान, प्रेस म्यान, बेल ब्वाइ, कारपेन्टर, सिभिल ड्राइभर, सेनिटरी एन्ड पाइप टेक्निसियन, टायर रिपेरिङ म्यान, हाउस म्यान, प्रोडक्सन म्यान, केबुल ज्वाइनर, लोडर, टायर फिटर, इलेक्ट्रिसियन पदमा पनि नेपाली कामदारहरू कार्यरत देखिन्छन्।

वैदेशिक रोजगारीका लागि विभिन्न किसिमका कामदारहरू जाने गरेका छन्। विशेषतः खाडी मुलुकबाट तीन प्रकारका कामदार माग हुने गरेका छन्– दक्ष, अर्धदक्ष र अदक्ष। विदेशमा कस्तो काम गर्नुपर्ने हो र त्यसका लागि आफूमा कस्तो दक्षता चाहिन्छ भन्ने कुराको ख्याल नगरी बिदेसिनेहरूले निकै कष्टसमेत खेप्नुपरेको छ। धेरैजसो कामदारमा अन्तर्राष्ट्रिय श्रमबजारमा माग भएका कामबमोजिम सीप, तालिम एवं दक्षताको अभाव देखिन्छ। यही कारणले अब नेपाली कामदारका लागि अन्तर्राष्ट्रिय श्रमबजार साँघुरिँदै जाने विश्लेषकको अनुमान छ।

स्वदेशमा रोजगारका अवसरहरू नहुँदा युवाहरू बिदेसिने क्रम बढेको सहजै अनुमान गर्न सकिन्छ। नेपाली श्रमशक्ति यसरी बाहिरिनु पक्कै पनि सकारात्मक कुरा होइन, यद्यपि यसबाट आमनेपालीले राम्रै लाभ भने लिइरहेका छन्। खासगरी राष्ट्रिय अर्थतन्त्रमा यसको प्रभाव राम्रो देखिन्छ। विदेशमा कमाएको पैसा रेमिटान्सका रूपमा भित्रिने गरेका छन्। अहिले यसैले नेपालको अर्थतन्त्र धानेको बताइन्छ। त्यसैगरी चरम गरिबीमा डुबेका, बेरोजगारीले पिल्सिएकाहरूले समेत वैदेशिक रोजगारीबाट राहत पाएका छन्। त्यसैले त परिवारबाट बिछोडिएर घण्टौं कठोर काम गर्नुपरे पनि नेपाली युवायुवतीहरू बिदेसिन लालायित छन्।

शिव मुखिया

भूकम्पको जोखिमविरुद्ध प्रमुख प्राथमिकता

काठमाडौं– एसियामा भूकम्पको ठूलो जोखिम भएको तथ्यलाई ध्यान दिँदै काठमाडौं उपत्यकाका भूकम्पको जोखिममा परेकाहरू भूकम्पको ठूलो धक्काले पुऱ्याउन सक्ने क्षतिको सामना गर्न तयार रहनुपर्छ। यससम्बन्धी थप तयारी र प्रकोप व्यवस्थापन तत्काल आवश्यक छ।

गृह मन्त्रालयको आयोजनामा इन्टरनेसनल सर्च एन्ड रेस्क्यु एडभाइजरी ग्रुप (इन्सारग) र मानवीय मामिलासम्बन्धी उच्चायुक्तको कार्यालयले (ओचा) सञ्चालन गरेको भूकम्पीय क्षति न्युनीकरण अभ्यासले नेपाली जनतालाई भविष्यमा हुनसक्ने ठूला प्रकोपका प्रभावबाट बच्न सक्ने र नेपालका अन्तर्राष्ट्रिय मित्रहरू त्यस्तो समयमा प्रभावकारी सहयोग गर्न सक्ने स्थितिको सुनिश्चितताका लागि नेपाल सरकार, राष्ट्रिय र अन्तर्राष्ट्रिय साझेदारहरूका लागि मूल प्राथमिकताहरूमा जोड दिएको छ।

'हामीले सरकार, नागरिक समाज र समुदाय स्तरमा प्रकोपबाट हुनसक्ने क्षतिको न्युनीकरणका लागि क्षमता अभिवृद्धि गर्नुका साथै जनचेतना पनि जगाउनुपर्छ,' नेपालका लागि संयुक्त राष्ट्रसंघीय आवासीय प्रतिनिधि तथा मानवीय सहायता संयोजक रोबर्ट पाइपरले इन्सारगका अनुसार– 'हामीले अझ धेरै गर्न सक्छौं र गर्नु पनि पर्छ। हामीले हाम्रा साझेदारहरूसँग मिलेर भूकम्पको बेला व्यावहारिक उपायहरू अपनाएर बालबालिकादेखि वृद्धसम्म सबैको ज्यान जोगाउन र संरक्षण दिन सक्छौं।'

प्रकोपबाट हुने जोखिमको व्यवस्थापनका लागि नयाँ राष्ट्रिय रणनीति तथा स्टेट अफ आर्ट नेसनल अपरेसन सेन्टर (प्रकोपका बेलामा आपतकालीन उद्धार संयोजन केन्द्र) को स्थापना प्राथमिकता दिनुपर्ने मुख्य क्षेत्र हो। भवन निर्माणसम्बन्धी संहिताको पुनरावलोकन गरी कार्यान्वयन गर्नुपर्छ र नगरपालिकालाई त्यसका लागि सहयोग गर्नुपर्छ। काठमाडौं उपत्यकाका अत्यन्त कम विद्यालय र अस्पताल ठूलो भूकम्प थेग्न सक्ने गरी पर्याप्त मापदण्ड पूरा गरेर बनाइएकाले तिनको संरचना गम्भीर चिन्ताको क्षेत्र हो।

यी विषयहरूमा नेपाल सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एवं नागरिक समाजसँग मिलेर संयुक्त राष्ट्रसंघले गरिरहेको कामलाई निरन्तरता दिने कुरा मानवीय सहायता संयोजकले बताउनुभयो। प्रकोपबाट हुने जोखिम कम गर्ने काममा यी सबै साझेदारको महत्त्वपूर्ण भूमिका हुन्छ तर यी गतिविधिलाई निरन्तरता दिन उनीहरूलाई दातृ निकायबाट दीर्घकालीन सहायता पनि चाहिन्छ। रोबर्ट पाइपरले उल्लेख गरेझैं 'हामीले भूकम्पलाई न त रोक्न सक्छौं न त कहिले आउँछ भनेर भविष्यवाणी नै गर्न सक्छौं, तर हामी सबै तयार रह्यौं भने हरेक तहमा भूकम्पले पुऱ्याउने जोखिमलाई कम गर्न सक्छौं। हामी इन्जिनियर तथा आर्किटेक्टहरूले भवन निर्माणको उच्चस्तरीय मापदण्ड अपनाऊन् भन्ने चाहन्छौं र आफ्ना ग्राहकलाई पनि त्यसो गर्न हौसला दिऊन् भन्ने चाहन्छौं। प्रकोपका बेलामा ठूलो सङ्ख्यामा आउने घाइतेहरूको व्यवस्थापन तथा उपचारसम्बन्धी स्वास्थ्यकर्मीहरूको योजना समीक्षा गर्न पनि उनीहरूलाई आग्रह गर्छौं। यसैगरी यो जोखिमबाट आफ्ना बालबालिकालाई सुरक्षित राख्न विद्यालयले के-कस्तो प्रबन्ध गरेको छ भनेर अभिभावकले विद्यालयका प्रधानाध्यापकलाई सोध्ने बेला आइसकेको छ।

रोजगारीका लागि वेबसाइट

काठमाडौं– प्राविधिक तालिम प्रदायक, रोजगारदाता एवं लक्षित युवा समुदायबीच सम्बन्ध स्थापित गरी युवाहरू स्तरीय रोजगारीको अवसरमा पहुँच बढाउन सहयोग गर्ने उद्देश्यले www.jobsfirst.org.np को प्रारम्भ भएको छ। यो वेबसाइट यूएसआईडी नेपालद्वारा सञ्चालित आय आर्जनका लागि शिक्षा कार्यक्रमको एक अंग हो जसको मुख्य उद्देश्य मध्य(पश्चिमाञ्चलका द्वन्द्व प्रभावित एवं पिछडिएका १५ जिल्लाका युवालाई रोजगारीका लागि सक्षम बनाउन प्रशिक्षण प्रदान गर्नु हो।

आय आर्जनका लागि शिक्षा कार्यक्रमअन्तर्गत पाँच वर्षको अवधिमा ७० हजार लक्षित युवालाई साक्षरता, जीवनोपयोगी सीपको विकास, व्यावसायिक शिक्षा, कृषिसम्बन्धी शिक्षा प्रदान गर्ने लक्ष्य छ। लक्षित युवाहरूले पढ्ने, अभिलेख राख्ने, साधारण हिसाब, सीप विकास एवं उद्यमशीलतासम्बन्धी आधारभूत ज्ञान प्राप्त गरेपछि आफूले छनौट गरेको रोजगार वा स्वरोजगारका लागि थप तालिम लिन सक्ने व्यवस्था छ।

तालिममा बजारमा सूचीकृत भएका मुख्य पेसाहरूमा प्रशिक्षण दिने गरिएको छ भने त्यस्ता तालिममा सहभागी भएकाहरूमध्ये लगभग ८० प्रतिशत प्रशिक्षार्थीले तालिमपश्चात् रोजगारी पाएको दाबी गरिन्छ।

वेबसाइट 'जब्सफस्ट' लक्षित युवाहरूलाई आफू सुहाउँदो रोजगारी प्राप्त गर्न वा उद्यमी बन्न एक महत्त्वपूर्ण औजारका रूपमा सहयोगी बन्ने अपेक्षा गरिएको छ। उक्त वेबसाइटमा विशेष गरी प्रवेशिकाभन्दा कम शिक्षा हासिल गरेका युवाहरूका लागि लक्षित गरी विभिन्न पेसा जस्तै : फर्निचर बनाउने (सिकर्मी), इलेक्ट्रिसियन, प्लम्बर, प्रस्तरकर्मी वा मिस्त्री, गहना बनाउने आदिको विज्ञापन तथा सूचना राख्न सकिन्छ। यसैगरी वेबसाइटले क्षेत्रगत रूपमा व्यावसायिक तालिम र कार्य स्तर, तालिमको आवश्यकता तथा कोर्स, श्रमबजारका अवसरहरूका बारेमा पनि जानकारी प्रदान गर्छ।

इन्टरनेट एक्सप्लोरर चलाउने उपाय



हाल कम्प्युटरमा इन्टरनेट चलाउने विभिन्न किसिमका वेब ब्राउजर सञ्चालनमा छन्। यिनमा इन्टरनेट एक्सप्लोरर (आईई) बढी लोकप्रिय छ। आईईबाट इन्टरनेट चलाउँदा केही सर्ट किलाई प्रयोगमा ल्याएको खण्डमा अझ सजिलो हुन्छ। आईईका केही सर्ट कि र त्यसलाई प्रयोग गर्ने विधि :

१. आईईबाट वेबसाइट खोल्दा मनिटरको थोरै भागमा देखियो भने F11 कि थिचे भने वेबसाइटको पेज ठूलो हुन्छ र त्यसलाई पुरानै स्थितिमा ल्याउनु छ भने पुनः F11 कि नै थिच्नुपर्छ। यदि वेबसाइटको अक्षर सानो भयो भने Ctrl+ थिच्दा ठूलो हुन्छ र अझ ठूलो बनाउन फेरि Ctrl थिच्ने र सानो बनाउन Ctrl - थिच्ने।

२. कुनै वेबसाइटको पेजमा धेरै शब्द छन् र खोजेको शब्द फेला पार्न कठिन भयो भने Ctrl+F थिच्दा नयाँ बक्स देखापर्छ। त्यसमा आफूले खोजेको कि टाइप गरेपछि त्यो शब्द वेबसाइटमा छ भने हाइलाइट हुन्छ।

३. आफूले हेरेको कुनै अघिल्लो साइट हेर्नुपऱ्यो भने इन्टरनेट एक्सप्लोररमा रहेको ब्याक थिच्नुभन्दा किबोर्डको ब्याक स्पेस थिचेर पनि काम गर्न सकिन्छ।

४.इन्टरनेट एक्सप्लोरर मार्फत कुनै वेबसाइट हेरिरहनुभएको छ र त्यो साइट तत्काल बन्द गर्नुपऱ्यो भने Ctrl+W कि थिच्दा हुन्छ।

५. इन्टरनेट एक्सप्लोरमा आफूले हेरेका साइटहरूका बारेमा जानकारी चाहिए F4 कि थिच्नुपर्छ।

६. यदि कुनै वेबसाइट इन्टरनेट एक्सप्लोररमा हेरिरहनुभएको छ र त्यो साइट पछि पनि हेर्नुपर्ने हुन्छ तर ठेगाना टिप्न गाह्रो लाग्छ भने Ctrl+D थिच्नुपर्छ। यसले साइटलाई फेभरेटमा राख्छ र पछि खोज्न सजिलो हुन्छ।

७. कुनै पनि वेबसाइटलाई इमेलमा पठाउनु छ भने इन्टरनेट एक्सप्लोररको File > Send > Page by E-mail गरेर पनि पठाउन सकिन्छ।

८. कुनै साइट लामो छ भने माउसको सहयोगमा साइड बारमा गएर लगातार थिचिरहनु पर्दैन। यस्तो अवस्थामा किबोर्डको एरो किलाई थिच्यो भने वेबसाइट तल-माथि गर्छ। यदि साइटको पुछारमा हेर्नु छ भने End कि थिच्नुपर्छ।

९. कुनै वेबसाइट हेर्ने क्रममा राम्रो तस्बिर देखियो र त्यसलाई आफ्नो कम्प्युटरको डेस्कटप वालपेपर बनाउन मन लाग्यो भने तस्बिरको बीचमा माउस लगेर राइट माउस थिची Set as wallpaper गर्नुपर्छ।

१०. लामो वेबसाइटलाई लगातार तल लानु परे कि बोर्डको स्पेसबार थिचे हुन्छ।

११. इन्टरनेट एक्सप्लोररको कुनै एउटा पेज खोलेपछि अरू पनि पेज खोल्दा डेस्कटपमा गएर इन्टरनेट एक्सप्लोररलाई फेरि डबल क्लिक गरिरहनुपर्दैन। यस्तो अवस्थामा Ctrl+N थिच्यो भने नयाँ विण्डो खुल्छ। त्यस्तै Ctrl+T थिच्यो भने नयाँ ट्याबमा होम पेज खुल्छ र Ctrl+O थिच्दा अर्को होमपेज खुल्छ।

प्राइभेट
Test / S.L.C
बिगत बर्षहरुमा
100% पास
गराउन सफल।
२०६६ को लागि private Test / S.L.C. भर्ना खुल्यो
कक्षा समय: बिहान र दिउसो
माध्यम: अंग्रेजी र नेपाली
साथै Computer, Language / Tuition Classes सञ्चालन भइरहेको छ।
Kathmandu Multiple Institute P.Ltd.
Bhotahity, Kathmandu
Ph: 4-232203
www. kmi.edu.np

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
बेदाग गोरो मुहारको लागि
रुपअमृत - Rs.1650/-
Anti Pimple
[Rose Sunscream Free]
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9841330144 Cell 9845062538 Chitwan

नि:शुल्क ब्यूटिसियन तालिम
नेपाल सरकारद्वारा मान्यता प्राप्त NGO को सहयोगमा दक्ष तथा अनुभवी ब्युटिसियनहरुद्वारा बेसिक, एडभान्स र डिप्लोमा तथा स्पेशल कोर्षहरुमा ग्यारेण्टिका साथ रोजगारीको अवसर सहित भर्ना खुल्यो।
S.L.C. दिएर बसेकालाई 20% Discountसहित भर्ना खुल्यो
बालाजु चोक (LWBTC) 4350762
9841819235, 9841687846

+2/SLC १ बर्षमै
SLC दिन चाहनेहरुले १बर्षमै Math/Sci नदिई SLC,
SLC पास भई कम्तिमा १वर्ष ग्याप भए एकबर्षमै +2
गर्न सकिने भारतको सरकारी NIOS Delhi Board
मा +2/SLC मा भर्ना खुल्यो [illegible]
Hurry up! Catch a Special Offer
याद गर्नुहोस् है NIOS मा भर्ना हुँदैमा Pass हुँदैन त्यसैले
पाँच विषयमात्र दिए पुग्ने SLC मा Math/ Sci नदिए पनी हुने
Exam काठमाण्डौंमा Indian Embassy मा हुने
नेपालमा TU, KU, HSEB र विश्वभरी समकक्ष मान्यता प्राप्त
सहि परामर्श लिएर अध्ययन गरे मात्र पास गर्न सजिलो
KANTIPUR INTL OPEN EDUCATION
NECA
Books, Questions, guide, CDs Provided
New Baneshwor KTM,
Phone: 2044082, 2042831
BICC पानी ट्याकी पश्चिम

NIIT
Join NIIT and
Be a part of Asia's No.1 Computer Education Centre
Modular Courses
C#, C++
SQL Server 2005
Web Designing
Office 2007
Core Java
VB.net
ASP.net
Many More..
NIIT
New Baneshwor Centre
Indreni Complex
01-4785412, 4785413

बजाजका दुई बाइक

युवापुस्ताबीच लोकप्रिय बजाजले पल्सर बाइकका दुई नयाँ २००९ सिरिजलाई नेपाली बजारमा भित्र्याएको छ। डीटीएसआई भएको १ सय ८० सीसी र १ सय ५० सीसीको यो बाइकमा पहिले बजारमा आएको बाइकभन्दा परिमार्जित भएको कम्पनीले बताएको छ।

१ सय ८० सीसीको बाइकको स्टाइलमा केही परिवर्तन गरिएको छ, जसले गर्दा यो तुलनात्मक रूपमा आरामदायी छ। यो मोडलको बाइकको पेट्रोल ट्यांकी, अघिल्लो भाग, सिट, ह्यान्डलमा परिवर्तन गरिएको छ। यो मोडलको बाइकको क्षमता वृद्धि गरेर ८ हजार ५ सय आरपीएमको बनाइएको छ भने यो मोडलमा ५ गियर छ, साथै स्टार्ट गर्न १२ भोल्टको करेन्ट प्रवाह हुने हुनाले सजिलै स्टार्ट हुन्छ। यो बाइकमा ट्यूबलेस टायर भएका कारण लामो यात्रामा निस्कँदा पन्चरको झन्झट हुँदैन। १५ लिटरको पेट्रोल ट्यांक रहेको यो बाइकले ३ दशमलव २ लिटर बाँकी रहँदा रिजर्भमा आएको संकेत गर्छ। कम्पनीका अनुसार यो बाइकको बजार मूल्य १ लाख ९४ हजार ९ सय रुपैयाँ छ।

बजाजकै अर्को १ सय ५० सीसीको डीटीएसआई बाइक पनि एकै समय नेपाली बजारमा भित्रिएको छ। यो बाइक पूर्ण रूपमा कालो छ। यसको पाङ्ग्रा एलोइ छ। यो बाइकको पनि पेट्रोल ट्यांक परिवर्तन गरिएको छ भने इलेक्ट्रिकल स्टार्टलाई अझ परिमार्जित गरिएको छ। कम्पनीले यो बाइकको बजार मूल्य १ लाख ७९ हजार ९ सय रुपैयाँ राखेको छ।

सोनीको म्युजिकल मोबाइल

यङ जेनेरेसनमा मोबाइलबाट म्युजिक सुन्ने लहर बढ्दै गएपछि विगत केही वर्षदेखि जापानको सोनी एरिक्सन मोबाइलले वाकम्यान मोबाइलको उत्पादनलाई प्राथमिकता दिँदै आएको छ। यही क्रममा सोनी एरिक्सनको डब्लु-३९५ मोडलको मोबाइल नेपाली बजारमा आएको छ। यो मोबाइलमै स्टेरियो स्पिकर छ। प्रयोगकर्ताले मोबाइल सेटबाटै होस् वा इएर फोनमार्फत संगीतको आनन्द उठाउन सक्नेछन्। यो सेटमा एफएम रेडियोको पनि सुविधा छ भने प्रयोगकर्तालाई संगीतको आनन्द लिन सजिलो होस् भनेर म्युजिकका किहरू सहज बनाइएका छन्। २ मेगापिक्सलको क्यामेराजडित यो मोबाइलको इन्टरनल क्षमता १० मेगाबाइट छ। यसमा प्रयोगकर्ताले आफूले चाहेअनुसार टेलिफोन डाटा राख्न सक्छन्। संगीतका पारखीहरूलाई सजिलो होस् भनेर ४ गिगाबाइटको मेमोरी कार्ड सपोर्ट हुने सिस्टम छ। २ इन्चको मनिटरका कारण यसमा कुनै पनि तस्बिर स्पष्ट रूपमा देखिन्छ। यो सेटको थप विशेषता स्टपवाच, क्यालकुलेटर, साउन्ड रेकर्डिङ, इमेल, एमएमएस, वेब ब्राउजर, ब्लु टुथ, युएसबी सपोर्ट, थ्रीडी गेम, मोसन गेमहरू हुनु पनि हो। ९६ ग्रामको यो मोबाइल सेट यङ जेनेरेसनमा लोकप्रिय हुने देखिन्छ। हाल यो सेट १ जीबी मेमोरी कार्डसहित १४ हजार २ सय रुपैयाँमा उपलब्ध छ।



विदेशबाट

श्रीमान् खोज्ने ब्रा

जापानमा अहिले युवतीहरूको विवाह गर्ने उमेर बढ्दै गएको छ। एक अनुमानअनुसार अहिले जापानी युवतीहरू २८ वर्ष पार गरेपछि मात्र विवाह-बन्धनमा बाँधिने गरेका छन्। अहिले जापानमा ५७ प्रतिशत युवती ३४ वर्ष पुग्दा पनि विवाह नगरी बसेका छन्। युवतीहरूको विवाहप्रति आकर्षण बढोस् भनेर युवतीहरूको भित्री पोसाक निर्माण गर्ने ट्रम्प इन्टरनेसनल कम्पनीले 'हसब्यान्ड हन्टिङ ब्रा' अर्थात् श्रीमान् खोज्ने थुनचोली निर्माण गरेको छ। महिलाले लगाउने ब्राको आकारमा रहेको यो पोसाकमा कुनै युवतीले म यति वर्षपछि विवाह गर्छु भनेर फिक्स गरेपछि त्यसमा रहेको घडीमा उल्टो काउन्ट डाउन सुरु हुन्छ भने ती कुनै युवतीले आफूले रोजेको पुरुषले दिएको औंठी ब्रामा रहेको प्वालमा छिराउँदा घडी रोकिन्छ र विवाहको धुन बज्न थाल्छ।

घरमै रगत परीक्षण गर्ने ल्याब

खानपिनमा असन्तुलन भएका कारण अहिलेका अधिकांश व्यक्तिमा विभिन्न किसिमका समस्या देखा पर्न थालेका छन्। मधुमेहजस्ता रोग खानपिनका कारणले हुने खतरा एकातर्फ छ भने अर्कातर्फ यो वंशाणुगत रूपमा पनि स्थानान्तर हुने हुनाले खतरा अझ बढी छ। मधुमेहको समस्या झेलिरहेकाहरूलाई लक्षित गरेर हंगेरीको सेन्सोलाइट नोभा कम्पनीले निर्माण गरेको 'ग्लुकोज मिटर, ब्लड सुगर टेस्टर' नेपाली बजारमा भित्रिएको छ। वायोसेन्सर टेक्नोलोजी प्रविधिबाट यसले एक थोपा रगतबाटै शरीरमा रहेको चिनीको मात्रा ५ सेकेन्डभित्रै पत्ता लगाउन सक्छ। यसमा रहेको मेमोरीले पछिल्ला ५ सय परीक्षणको तथ्यांक राख्ने हुनाले प्रयोगकर्ताले आफ्नो पछिल्लो स्थिति कस्तो थियो भन्ने कुरा पनि थाहा पाउन सक्छन्। यसमा रहेको तथ्यांकलाई कम्प्युटरमा स्टोर गर्न सकिन्छ। यसमा जडान गरिएको ब्याट्री लामो समयसम्म चल्ने किसिमको हुन्छ, तर उत्पादक कम्पनीले १५ सय परीक्षणसम्म ब्याट्री फेर्नु नपर्ने दाबा गरेको छ। हाल नेपाली बजारमा ३ हजार ९ सय रुपैयाँमा उपकरणसहित २५ वटा स्ट्रिप पाइन्छ भने आफ्नो आवश्यकताअनुसार ग्लुको मिटरको स्ट्रिप किन्न पनि पाइन्छ। यसको प्रयोगबाट मधुमेह पीडितहरू प्याथोलोजी ल्याब जानुपर्ने झन्झटवाट मुक्त हुनेछन्।

डेलको इस्पिरोन ल्यापटप

जेनियल टेक्नो ट्रेडिङले डेल कम्पनीको इस्पिरोन १५४५ एन मोडलको ल्यापटपलाई नेपाली बजारमा ल्याएको छ। कोर टु ड्यो-२ गिगाहर्ज प्रोसेसरयुक्त यो मोडलमा २ जीबी डीडीआर टु र्‍याम छ, जसले ल्यापटपलाई छरितो ढंगमा चलाउन सकिने दाबा कम्पनीको छ। यो ल्यापटपमा २ सय ५० गिगाहर्ज क्षमताको साटा कम्पनीको हार्ड डिस्क भएका कारण प्रयोगकर्ताले आफूले चाहेका डाटाहरू स्टोरेज गर्न सक्छन्। ती डाटालाई डिभिडीमा राइट गरेर स्टोर गर्न सकिन्छ भने यसमा रहेको युएसबी पोर्टमार्फत एक्सटर्नल हार्ड ड्राइभमा पनि राख्न सकिन्छ। १५ दशमलव ४ इन्चको मनिटरको माथि क्यामेरा जडान गरिएका कारण यसबाट भिडियो च्याट गर्न सजिलो हुन्छ। आवाजलाई स्पष्ट सुनाउन यो ल्यापटपभित्रै अडियो जडान गरिएको छ। लिथियम लायन ब्याट्रीबाट चलाउन सकिने हुनाले यसको ब्याट्री क्षमता दुई घन्टाभन्दा बढी नै छ। यसमा ब्लु टुथ, वाईफाई र वायरलेस रहेका कारण इन्टरनेटहरू पनि चलाउन सकिन्छ। यो ल्यापटपको नेपाली बजार मूल्य ५९ हजार ९ सय ९९ छ।



म २९ वर्षीय अविवाहित युवक हुँ। आठ वर्षअघि मेरो आफ्नै टोलकी युवतीसँग प्रेम थियो। दुवै जनाको अबुझपनका कारण हाम्रो सम्बन्ध बिग्रियो। त्यसको एक वर्षपछि उनको विवाह भयो। उनी आफ्नो पतिका साथ काठमाडौं गइन्। उनीसँग सम्बन्ध बिग्रँदा बरु मलाई त्यति चिन्ता परेको थिएन तर जब उनले अरूसँग विवाह गरिन, म त्यो दिन निकै रोएँ। त्यसपछिका दिन मैले काम र पढाइमा व्यतीत गरें। हाल म पढाइ सकेर एउटा व्यवसाय गरेर बसेको छु। व्यवसायका क्रममा एक वर्षअघि मैले अर्की एक युवतीलाई भेटें। उनको रूप र बोली व्यवहारले मलाई पूर्वप्रेमिकाको झझल्को दियो। अनि म बिस्तारै उनीप्रति आकर्षित हुन थालें। एक दिन मौका पाएर मैले प्रेम-प्रस्ताव राखें। उनले स्वीकार पनि गरिन्। हामी विवाह गर्ने सोचमा छौं। यस्तैमा एकदिन मलाई पूर्वप्रेमिकाको फोन आयो। उनी काठमाडौंमै थिइन्। उनको पतिसँग सम्बन्ध-विच्छेद भैसकेको रहेछ। हाल कुनै कार्यालयमा काम गरिरहेकी छिन्। उनी पहिलेको गल्तीका लागि क्षमा माग्दै मलाई स्वीकार गर्न आग्रह गरिरहेकी छिन्। म दोधारमा परेको छु। मलाई उनको निकै माया लाग्छ तर अहिलेकी प्रेमिकालाई पनि छाड्न सक्दिनँ। मैले के गर्दा राम्रो हुन्छ ?

-अकेला

जीवनमा कहिलेकाहीं हतारमा निर्णय गर्दा भविष्यमा पछुताउनुपर्छ। तपाईं र तपाईंकी पूर्वप्रेमिकाको अवस्था पनि त्यस्तै भयो। हतारमा तपाईंले भनेजस्तो अबुझपनका कारण उनीसँग छुट्टिनुभयो। अब फेरि पुनर्मिलनको सम्भावना तपाईंसामु छ। अर्कातर्फ अहिलेकी प्रेमिकासँगको इमान्दारिता र कर्तव्य पनि तपाईंसँग छ। यदि तपाईंले पूर्वप्रेमिकालाई स्वीकार गर्नुभयो भने सर्वप्रथम अहिलेकी प्रेमिकाको अवस्थाको परिकल्पना गर्नुहोस्। तपाईंसँग जीवन बिताउने कुरामा उनले कति धेरै सपना बुनेकी होलिन्। उनका सबै योजना र सपना सिसा फुटेझैं चकनाचुर हुनेछन् अनि उनी विक्षिप्त पनि हुनसक्छिन्। उनलाई हुने पीडाको दोष तपाईंमाथि लाग्नेछ। यदि तपाईंकी पूर्वप्रेमिकाले त्यतिबेला सही निर्णय नगरेर हतारमा विवाह गरेर गइन् भने त्यसमा तपाईंको दोष छैन। तपाईं पहिलो मायालाई बिर्सन सकिरहनुभएको छैन। उनले त निकै वर्ष तपाईंलाई बिर्सेर बसिन्। यदि उनको पतिसँग सम्बन्ध-विच्छेद नभएको भएको के उनले तपाईंलाई फेरि स्वीकार गर्ने प्रस्ताव राख्थिन् ? मेरो सल्लाह मान्नुहुन्छ भने भूतकालमा नफर्कनुहोस्, वर्तमानलाई स्वीकार गरेर भविष्य सुमधुर बनाउनतर्फ लाग्नुहोस्।

● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

● फिल्मी खबर ●

बोर्डबाट वृद्धभत्ता

● चलचित्र विकास बोर्डले तीन अशक्त तथा वृद्ध चलचित्रकर्मीलाई आजीवन मासिक १५ सय रुपैयाँका दरले वृद्ध भत्ता दिन थालेको छ। बोर्डद्वारा हालै आयोजित एक कार्यक्रममा मुटुरोगबाट पीडित अभिनेत्री शान्ति मास्के, पक्षाघातबाट पीडित अभिनेता जयनन्दचन्द ठाकुर तथा खुट्टाको समस्याबाट पीडित द्वन्द्व निर्देशक तथा अभिनेता गोपाल भुटानीलाई उक्त सहयोगको पहिलो महिनाको किस्ता बुझाइएको छ। कार्यक्रममा बोर्डका प्रवक्ता तथा चलचित्र निर्देशक केपी पाठकले चलचित्र छायांकनका क्रममा देहान्त भएका चलचित्रकर्मीका परिवारलाई रु. १ लाख तथा छायांकनमा जाने क्रममा देहान्त भएका चलचित्रकर्मीका परिवारलाई काजक्रिया खर्चबापत रु. १५ हजार उपलब्ध गराउने निर्णय पनि भएको बताए। यसैगरी बोर्डले आगामी दिनमा बिरामी परेका चलचित्रकर्मी तथा चलचित्र पत्रकारलाई समेत सहयोगस्वरूप रु. २५ हजारसम्म सहयोग गर्ने निर्णय गरेको निर्देशक पाठकले बताए।

नायक नहुने घोषणा

● नायक रिमेश अधिकारीले आफैंले निर्माण गर्ने चलचित्रमा नायक नहुने घोषणा गरेका छन्। यसै साता शुभसाइत गरी छायांकन शुभारम्भ गरिएको चलचित्र 'तिमी मात्र तिमी'मा उनले राजबल्लभ कोइरालालाई नायक बनाएका छन्। चलचित्र 'तस्बिर'का नायक रिमेशले साथी निर्माता निरज ढकालसँगको संयुक्त लगानीमा यो चलचित्र निर्माण गर्न लागेका हुन्। योगेश घिमिरेको निर्देशन रहने यो चलचित्रमा झरना थापा, नन्दिता केसी, मुकेश आचार्य, प्रज्ञा जोशी, लक्ष्मी अधिकारी आदि कलाकारको अभिनय रहनेछ।

भूतप्रेतको फन्दामा

● चलचित्र 'मिसन पैसा'को प्रदर्शनको तयारी गर्दा गर्दै निर्माता, निर्देशक तथा एनिमेटर सिमोस सुनुवार अर्को चलचित्र बनाउने तयारी गरिरहेका छन्। म्युजिक भिडियो निर्देशक आसिफ शाहलाई निर्देशक लिएर चलचित्र बनाउने तयारी भैरहँदा आसिफ केही प्रशिक्षणका लागि मुम्बई जाने भएकाले सुनुवार आफैंले चलचित्र निर्देशन गर्ने जमर्को गरिरहेका छन्। सम्भवतः वैशाख महिनाको तेस्रो साता चलचित्रको छायांकन थालिनेछ। चलचित्रको विषय भूतप्रेतसँग सम्बन्धित हुन सक्ने संकेत सुनुवारले दिए।

चलचित्रमा रोदीघर

गुरुङ समुदायको अभिन्न संस्कृतिका रूपमा रहेको रोदीघर हिजोआज देखिँदैन। चलचित्रकर्मी प्रितम गुरुङले रोदीघर बन्द हुनुको कारण खोतल्दै एउटा चलचित्र नै तयार पारेका छन्। गुरुङले नै निर्माण तथा निर्देशन गरेको चलचित्र रोदीघर आगामी जेठ १५ गते आदिवासी चलचित्र महोत्सवका अवसरमा भृकुटीमण्डपको राष्ट्रिय सभागृहमा प्रथम प्रदर्शन गरिनेछ। चलचित्रमा रोदीघरमा विकृति बढेपछि यो परम्परा लोप हुन पुगेको कुरा देखाइएको छ। रोदीघरमा बस्ने एक महिलाले बाहिरबाट आएका पुरुषको गर्भ बोकेको कथा समेटिएको छ। यसरी बाहिरिया मानिसले आफ्ना चेलीबेटी बिगार्ने भए भनेर रोदीघर सञ्चालक रोसीबाले आफ्नी छोरीको गर्भबाट जन्मिएको बच्चा हातमा लिएर अबउपरान्त रोदीघर बन्द भएको घोषणा गरेपछि चलचित्र टुङ्गिन्छ। निर्देशकहरूले रोदीघरको विकल्पका रूपमा आमा समूह आइसकेको सन्देश पनि दिएका छन्।

स्मिता थापा

(मोडल)

सेक्स

‘ वास्तवमा मायाको “क्लाइमेक्स” नै “सेक्सुअल रिलेसन” हो। मलाई पनि “सेक्स”को अनुभव छ। मैले त्यो रमाइलो अनुभूति सँगालेकी छु। ’

मेरो विचारमा संसारमा लोग्नेमानिस र स्वास्नीमानिसलाई लिंगका आधारमा छुट्याइएको छ, जसलाई अंग्रेजीमा 'सेक्स' भनिन्छ। ती दुईबीचको प्राकृतिक सम्बन्धलाई यौन क्रियाकलाप वा सेक्सुअल रिलेसन भनिन्छ। मानिसहरूले 'सेक्स'का बारेमा सबैभन्दा बढी चासो राख्छन्। म पनि मानिस नै हुँ, त्यसैले म सेक्सबाट अलग छैन। सेक्स सबैभन्दा बढी पढिने, हेरिने र मानिसले सबैभन्दा बढी किन्ने विषय हो जस्तो मलाई लाग्छ।

संसारमा विपरीत लिंगीप्रतिको आकर्षणलाई माया भन्ने गरिएको छ, वास्तवमा मायाको 'क्लाइमेक्स' नै 'सेक्सुअल रिलेसन' हो। मलाई पनि 'सेक्स'को अनुभव छ। मैले त्यो रमाइलो अनुभूति सँगालेकी छु। समाजले यसलाई विवाहपछि मात्र मान्यता दिएको छ, तर आपसी समझदारी भएको अवस्थामा इच्छालाई दबाएर राख्नु उचित हुँदैन। इच्छा पूरा गर्ने बहानामा छाडा बन्नु हुँदैन, किनकि 'सेक्सुअल रिलेसन'को पनि आफ्नै परिधि हुन्छ। जता पायो त्यतै छाडापन देखाउनु सभ्यता होइन।

'सेक्सुअल रिलेसन' एउटा कला हो। अझ यो एक प्रकारको 'मेडिटेसन' पनि हो। 'मेडिटेसन'पछि मानिस स्फूर्त हुन्छ, 'सेक्सुअल रिलेसन'पछिको अवस्था पनि झन्डै त्यस्तै हुन्छ। यसलाई तिर्खा पनि भन्न सकिन्छ। पानी पिएपछि तिर्खा मेटिए पनि केही निश्चित समयपछि फेरि तिर्खा लाग्न सक्छ। 'सेक्सुअल रिलेसन' पनि त्यस्तै हो। यद्यपि पिउन पायो भन्दैमा जहाँ पायो त्यहीँको पानी पिउनु हुँदैन, किनभने त्यसबाट रोगव्याधि लाग्न सक्छ। सेक्सलाई खेल होइन, प्रकृतिले दिएको रमाइलो प्रतिफल मान्नुपर्छ।

साप्ताहिक इनफो

लहर — प्रेमकथाको

'पहिलो पहिलो माया' शीर्षकको चलचित्र छायांकन गरिरहेका निर्देशक दीपक श्रेष्ठले आफ्नो अर्को चलचित्रको नाम पनि सुनाए 'हो यही हो माया।' यी दुवै चलचित्रको नाम सुनेपछि अनुमान गर्न सकिन्छ, यी चलचित्रको परिवेश प्रेम कथामा आधारित छ। निर्देशक श्रेष्ठ प्रष्ट्याउँछन्- 'हो मेरा दुवै चलचित्र प्रेमकथामा आधारित छन्।' पछिल्लो समय दर्शकले प्रेमकथामा आधारित चलचित्रलाई मन पराएकाले दुवै चलचित्रको नाम प्रेमसँग सम्बन्धित भएको बताउने दीपकले दाबी गरे- 'मेरा धेरै चलचित्र प्रेमकथामा आधारित छन् र ती दर्शकले मन पराउँदै आएका छन्।'

निर्देशक दीपक मात्र होइन पछिल्लो समय धेरै निर्देशकको मन प्रेमकथाले तानेको छ। प्रेमकथामा आधारित चलचित्र बनाउने अभियानमा जुटेका निर्देशकहरूको तर्क छ- 'प्रेमकथामा आधारित चलचित्रले तन्नेरी पुस्ताका दर्शकको मन तान्छ।'

द्वन्द्वप्रधान विषयमा चलचित्र 'इन्साफ' बनाएकी निर्मात्री कृषा चौलागाईंले पछिल्लो चलचित्रको शीर्षक राखेकी छिन्- 'कसम हजुरको'। इन्साफ हेरेका दर्शकलाई यो चलचित्रले तान्ला त ? कृषाले आशा व्यक्त गरिन्- 'इन्साफ नहेर्नेलाई पनि यसले प्रभाव पार्छ।' प्रेमकथामै आधारित चलचित्र बनाउनुको कारणका सम्बन्धमा कृषाको भनाइ पनि अरूको जस्तै छ। उनी भन्छिन्- 'अहिले प्रेमकथाको लहर छ दर्शकले त्यस्तै चलचित्र मन पराउँदै आएका छन्।' दर्शकको चाहना पूर्ति गर्नु निर्माताको कर्म हो भन्ने कृषाले आफ्नो आगामी चलचित्र पनि प्रेमकै परिवेशमा केन्द्रित हुने बताइन्।

केही चलचित्रमा सामाजिक परिवेशलाई महत्त्व दिएका निर्माता केशव भट्टराईले पनि पछिल्लो पटक प्रेमकै परिवेशमा काम गर्दैछन्। 'छोडी गए पाप लाग्ला' बनाएका निर्माता भट्टराई भन्छन्- 'अहिलेका युवायुवतीहरूलाई पनि हलमा आकर्षित गर्न सकिएला कि भनेर प्रेमको परिवेश झल्कने शीर्षक खोजें।' एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वले द्वन्द्वप्रधान चलचित्रप्रति दर्शकको आकर्षण कम हुँदै गएको अनुभव सुनाए निर्माता भट्टराईले। भट्टराई भन्छन्- 'मुड फ्रेस गर्ने हो भने प्रेमकथामा आधारित चलचित्र नै चाहिन्छ।'

सपूत र सम्झना दुई चलचित्र निर्देशन गरेका योगेश घिमिरेको मन पनि प्रेमकथामै रमाएको छ। घिमिरे भन्छन्- 'अबका चलचित्र दर्शकको भावना अनुकूल हुनुपर्छ।' 'तिमी मात्र तिमी' शीर्षकको चलचित्र छायाँकन गर्ने तयारी गरिरहेका योगेशले प्रेमकथामा आधारित चलचित्रको आयु लामो हुने धारणा व्यक्त गरे 'द्वन्द्वप्रधान चलचित्र चलुन्जेल चर्चामा रहे पनि त्यसको प्रभाव त्यति राम्रो हुँदैन तर प्रेमकथामा अधारित चलचित्र सधैं ताजा हुन्छ।'

किस्मत र हिफाजत जस्ता शीर्षकमा चलचित्र बनाएकी अभिनेत्री रेखा थापाले आफ्नो पछिल्लो चलचित्रको नाम जुराएकी छिन्- 'कसले चोर्‍यो मेरो मन'। विशुद्ध प्रेमकथामा आधारित चलचित्र बनाउन लागेको धारणा व्यक्त गर्ने रेखालाई लाग्छ 'प्रेमकथामा आधारित चलचित्रका दर्शक अरूभन्दा धेरै हुन्छन्।' उनले यो पनि दाबी गरिन्- मेरो चलचित्रमा अरू चलचित्रमा जस्तो हावादारी प्रेमकथा प्रस्तुत गरिनेछैन। अहिलेका तन्नेरीले जसरी प्रेम गर्छन् यसले त्यसैलाई प्रस्तुत गर्नेछ।'

प्रेमकथालाई महत्त्व दिँदै मौसम र मर्यादा बनाएका निर्देशक श्याम भट्टराईले पूरै तन्नेरी पुस्ताका दर्शकलाई ध्यानमा राखेर नयाँ चलचित्र च्यालेन्ज बनाउन लागेको बताए। 'अहिलेका पुस्ताको चरित्रलाई महत्त्व दिँदैछु, मेरो चलचित्रमा प्रेम गर्नेहरू चिठी लेख्दैनन् च्याटमा रमाउँछन्।'



> 'पहिलो पहिलो माया' शीर्षकको चलचित्र छायांकन गरिरहेका निर्देशक दीपक श्रेष्ठले आफ्नो अर्को चलचित्रको नाम पनि सुनाए 'हो यही हो माया।' यी दुवै चलचित्रको नाम सुनेपछि अनुमान गर्न सकिन्छ, यी चलचित्रको परिवेश प्रेम कथामा आधारित छ। निर्देशक श्रेष्ठ प्रष्ट्याउँछन्- 'हो मेरा दुवै चलचित्र प्रेमकथामा आधारित छन्।' पछिल्लो समय दर्शकले प्रेमकथामा आधारित चलचित्रलाई मन पराएकाले दुवै चलचित्रको नाम प्रेमसँग सम्बन्धित भएको बताउने दीपकले दाबी गरे- 'मेरा धेरै चलचित्र प्रेमकथामा आधारित छन् र ती दर्शकले मन पराउँदै आएका छन्।'
>
> सपूत र सम्झना दुई चलचित्र निर्देशन गरेका योगेश घिमिरेको मन पनि प्रेमकथामै रमाएको छ। घिमिरे भन्छन्- 'अबका चलचित्र दर्शकको भावना अनुकूल हुनुपर्छ।' 'तिमी मात्र तिमी' शीर्षकको चलचित्र छायाँकन गर्ने तयारी गरिरहेका योगेशले प्रेमकथामा आधारित चलचित्रको आयु लामो हुने धारणा व्यक्त गरे 'द्वन्द्वप्रधान चलचित्र चलुन्जेल चर्चामा रहे पनि त्यसको प्रभाव त्यति राम्रो हुँदैन तर प्रेमकथामा अधारित चलचित्र सधैं ताजा हुन्छ।'



चुम्बन र बलात्कारले विवाद

अश्लील दृश्य समावेश भएको कुरा बताउँदै प्रहरीले रोक लगाएको चलचित्र 'लालमधेस' को चुम्बनको दृश्यलाई सेन्सर बोर्डले पास गरे पनि नायकको बलात्कार भएको दृश्यमाथि रोक लगाएको छ। चुम्बनको दृश्यलाई अनुमति दिए पनि एउटी युवतीले नायकलाई बलात्कार गरेको दृश्यलाई भने बोर्डले पास गरेन। चलचित्रमा साढे तीन मिनेट लामो चुम्बन समेटिएको छ।

सलिम अन्सारीको निर्देशनमा बनेको हिन्दी चलचित्र लालमधेसमा जबरजस्ती चुम्बनको लामो दृश्य राखिएको आरोप लगाउनेहरूको कमी छैन। नायक बिर्जु पात्र बेहोस भएको बेला काजलाले उनको बलात्कार गरेको दृश्यमा यसरी चुम्बनको दृश्यलाई लम्ब्याएर लामो पारिएको हो। निर्माता निर्देशक अन्सारीले नै नायक 'बिर्जु' को भूमिका निर्वाह गरेका छन् भने समीक्षा कार्कीले काजलाको भूमिकामा अभिनय गरेकी छिन्।

सुनसरीको दुहबीमा प्रदर्शन भैरहेका बेला प्रहरीले अश्लीलता बढी भएको भन्दै यो चलचित्रमाथि रोक लगाएपछि अन्सारीले केन्द्रीय चलचित्र जाँच समितिमार्फत पास गराउने प्रयास गरेका थिए। युवकलाई युवतीले बलात्कार गरेको पूरै दृश्य राख्न जाँच समितिले अनुमति नदिएको अन्सारीले बताए। भारतीय नायिका स्वप्ना रानी (तानिया) ले नायक बिर्जुसँग रोमान्स गरेको कल्पना गर्दै काजलाले बेहोस बिर्जुको बलात्कार गरेको दृश्यले चलचित्रलाई विवादमा पारेको थियो। चलचित्रमा समीक्षाले आफ्नो बस्त्र फुकाल्न कन्जुस्याइँ गरेकी छैनन्। 'कथाअनुरूप त चल्नैपर्‍यो' अन्सारीले भने- 'त्यही दृश्यका कारण यो चलचित्र बलिउडको ए ग्रेडको चलचित्रजस्तो भएको छ।' सेन्सर बोर्डले रोक लगाएको दृश्य सीमावर्ती भारतीय चलचित्र हलहरूमा भने देखाइने अन्सारीले बताए।

–कमल रिमाल

दुई विराज

नेपालमा कुनै नायकका कारण चलचित्र चल्यो भने ती नायकलाई दोहोरो भूमिकामा चलचित्रभरि देखाएर दर्शकलाई दंग पार्ने निर्माताहरूको कमी छैन। राजेश हमालको चर्चा हुँदा उनलाई केही निर्माताले दोहोरो भूमिकामा देखाए। ती चलचित्र चले पनि। अहिले चलचित्र नगरीमा विराज भट्ट चलेका नायक भएका छन्। त्यसको फाइदा त उठाउनै पर्‍यो। 'हिम्मत'मा रेखा थापालाई मात्र दोहोरो भूमिकामा देखाएका दीपक श्रेष्ठले 'हिम्मत टु'मा विराज, युना उप्रेती, श्रीकृष्ण लुइँटेललाई पनि दोहोरो भूमिकामा प्रस्तुत गर्दै छन्। निर्माता जयप्रकाश रिजालले बनाएको चलचित्र 'अर्जुनदेव'मा त सुरुदेखि अन्त्यसम्म विराजैविराज छन्– एक जना अर्जुनका रूपमा अर्को देवका रूपमा। शिव रेग्मीले निर्देशन गरेको यो चलचित्रमा विराजलाई दुईवटा रूप दिनुको कारण बताउँदै निर्माता रिजालले भने- 'उनको मागले गर्दा पनि हो।'

नो अप्सन

लोडसेडिङले धेरैको काम धरापमा पारेको छ। त्यसमाथि टेलिभिजन कार्यक्रमको अवस्था नाजुक नै छ, तर टेलिश्रृंखलाका नायक दीपक त्रिपाठीका लागि भ्याई-नभ्याई काम छ। नेपाली टेलिभिजनबाट टेलिश्रृंखलाहरू धमाधम हटाइन थालेका छन् तर जति श्रृंखला चलिरहेका छन्, त्यसमा दीपक निर्विवाद कलाकार हुन्। उनी सात दिनमध्ये पाँच दिन विभिन्न टेलिभिजनको पर्दामा देखिन्छिन्। नेपाल टेलिभिजनबाट करुणा-२, इमेज च्यानलबाट जिन्दगी, नेपाल वानबाट कसलाई आफ्नो भनूँ अहिलेका चर्चित टेलिश्रृंखला हुन्। नेपाल टेलिभिजनकै सिन्दूर र पथभ्रष्टमा पनि दीपक नै जमेका देखिन्छन्। टेलिश्रृंखलाको चापका कारण उनले ठूला पर्दाका कतिपय चलचित्रसमेत अस्वीकार गर्नुपरेको बताए। दुई दिनको जिन्दगी, खुसी पलभरको, चाहना मनको, पुष्पाञ्जली उनका चर्चित टेलिश्रृंखला हुन्। 'लोडसेडिङले काम कम भएको अवश्य हो यद्यपि आएका अफरहरूलाई अहिले पनि समय दिन सकिरहेको छैन।' साप्ताहिकसँगको भेटमा दीपकले भने, 'दर्शकले मन पराउन्जेल टेलिभिजनमै रमाउन चाहन्छु।'

बाइक नै सजिलो

निर्माणाधीन चलचित्र 'चिनो' मा मुख्य भूमिका निर्वाह गर्ने भएपछि अभिनेत्री रेजिना उप्रेतीले घोडा चढ्ने प्रशिक्षण लिइन्। अहिले मुख्य सडकमै हट-हट भन्दै घोडा कुदाउन सक्ने रेजिनालाई धेरैले आँटिली नायिका भन्ने गरेका छन्। कारण उनले छोटो समयमै घोडा सिकिन् विनाचोटपटक। घोडा सिक्न कत्तिको सजिलो हुँदो रहेछ ? रेजिना भन्छिन्– 'बाइकभन्दा त घोडा सिक्नै गाह्रो हुँदो रहेछ।' उनको भोगाइअनुसार बाइक निर्जीव भएकाले जुनसुकै बेला नियन्त्रण गर्न सकिन्छ तर घोडामा त्यो काम सम्भव छैन। घोडा सजीव भएकाले चाहँदैमा नियन्त्रण गर्न सकिँदैन, उसको पनि मन हुनुपर्छ।'

दुई साता प्रशिक्षण लिएकी रेजिनाले सुरुको दुई दिन सार्‍है गाह्रो भएको सुनाइन्। बाइक सिक्दा त त्यस्तो गाह्रो भएको थिएन, घोडा सिक्दा त जीउ फतक्कै गल्दो रहेछ,' उनले भनिन्। जे होस्, घोडा सिकेर राम्रै काम गरेजस्तो लागेको छ उनलाई। 'चिनो' पछि पनि अरू चलचित्रमा घोडाको सिन आयो भने थप प्रशिक्षण लिनु नपर्ने उनले बताइन्। रेजिना भन्छिन्– 'अब त मलाई नाच्ने-गाउने मात्र होइन, घोडासँगै स्टन्ट गर्ने चलचित्रमा काम गर्न मन लागेको छ।'

बस नं. १३६ मा पैसाको विवाद

हास्य कथामा निर्माण सुरु गरिएको चलचित्र 'बस नं. १३६' छायांकनको अन्तिम चरणमा पुगेको बेला विवादमा परेको छ। गायक श्रीकृष्ण लुइँटेलको सक्रियतामा उनकै टिम संलग्न भै निर्माण सुरु गरिएको बस नं. १३६ मा निर्देशक बनाइएका श्रीकृष्णकै टिमका केशव रायमाझीले आफ्नो पारिश्रमिक कम भएको र यो टिमले चलचित्र राम्रो नबनाउनेजस्ता कुरा लगाएर निर्माता नवीन क्षेत्रीलाई भड्काएको भन्दै अहिले टिमकै साथीहरू रिसाएका छन्। करिब १२ लाख लाग्ने भनिएको यो चलचित्रको काम अन्तिम चरणमा पुगे पनि रायमाझीले निर्माता भड्काएपछि काम गर्नेहरूको पूरै पैसा नदिई सुटिङ प्याकअप गरिएको टिमका एक सदस्यले बताए। एउटा गीतको छायांकन मात्र बाँकी रहेको बस नं.१३६ का लागि निर्माताले ४ लाखजति भुक्तानी दिन बाँकी रहेको ती सदस्यले जानकारी दिए।

श्रीकृष्ण लुइँटेलका साथै मेलिना मानन्धर, सीमान्त उदास, राजाराम पौडेल, मुकुन्द श्रेष्ठ, पुष्प श्रेष्ठ, मनोज शाक्य आदि कलाकारको अभिनय र लुइँटेलकै कथामा निर्माण भएको यो चलचित्रमा रायमाझीलाई 'आफ्नै टिमको मानिस भनेर निर्देशकमा राखिएको तर उनी सुटिङमा नआउने र वास्तै नगर्ने' आरोप लुइँटेल पक्षको छ। स्रोतका अनुसार रायमाझीलाई जम्मा ५ हजार रुपैयाँ मात्र दिने गरी निर्देशक बनाइएको थियो।

राजधानीमै छन् खुला अखडाहरू

पृष्ठ १ बाट जारी

उपलब्ध गराइन्छ ।

'म्युजिक भिडियो र दोहोरीमा खेल्ने एक मोडल पनि सम्पर्कमा छिन्, रातभरिको अलि बढी २ हजार ५ सय रुपैयाँ लाग्छ,' उनले भनिन् । कुराकानीका दौरान त्यहाँ उपलब्ध चार जना युवतीतर्फ देखाउँदै उनले तिरेको रकमको पर्याप्त सदुपयोग हुने र कुनै गुनासो नआउने ग्यारेन्टी गरिन् । 'प्रहरीको चिन्ता नलिई रमाइलो गरे हुन्छ, मेरा चेलीहरू एकदमै ट्रेन्ड छन्, ग्राहकको मुड र इच्छाअनुरूप सेवा दिन्छन्,' उनले सहज ढंगमा भनिन्, 'काम सकिएपछि रकम दिए पनि हुन्छ ।'

ठमेलको सञ्चय कोष नजिकको एक गेस्ट हाउस । बाहिर काउन्टरमा एक युवकबाहेक कोही छैन । भित्रपट्टिका हरेक कोठामा युवतीको बोली सुनिन्छ । भित्रबाट एउटी कराई, 'गेस्ट आएको हो, भित्र पठाइदेऊ ।'

यहाँ २ हजार ५ सयदेखि १५ हजार रुपैयाँसम्ममा नेपाली र विदेशी सबै पाइन्छ । हरेक आरामदायक कोठामा तीनदेखि चार युवती आधुनिक पहिरनमा देखिए । त्यहाँका युवा साहूले सोधिहाले, 'आजै बस्ने हो, नेपालीसँग अघाइसकेको हो भने कम उमेरकी विदेशी पनि ल्याइदिन्छौं ।'

अघिल्तिरको एक फाइभ स्टार होटलछेउको मसाजमा भने १४ वर्षमुनिकी चिनियाँ किशोरी पनि थिइन् । ती साहूका अनुसार उनीहरू त्यहाँ मसाज मात्र गर्छन्, मालदार ग्राहक पाए मात्र अन्य सर्भिस दिन्छन् । नेपाली चेलीहरूले नमाने पनि चिनियाँहरू अप्राकृतिक गतिविधिका लागि राजी हुने ती युवाले बताए ।

होटल, गेस्ट हाउस, रेस्टुराँ, फ्ल्याट र भट्टीमा काम गर्ने औसत पाँच महिलामध्ये कम्तीमा एक चौध वर्ष मुनिका फेला परे । प्रायः यौनकर्मीले जति रकम दिए पनि बिनाकन्डम सहवास नगर्ने बताए ।

अधिकांशलाई काठमाडौं वरिपरिको जिल्लाबाट सञ्चालिकाहरूले घरमा काम गराउने र पढाइदिने बहानामा ल्याएका रहेछन् । अधिकांशले वरिष्ठ प्रहरी अधिकृत, गुप्तचरका अधिकारी र राजनीतिमा पहुँच राख्ने व्यक्तिलाई विश्वासमा लिएर यो काम गरिरहेको बताए । 'पक्राउ परिहाले पनि यी चेलीहरूलाई सत्य कुरा नभन्नु भनेर सिकाएका छौं,' अधिकांश सञ्चालिकाले भने, 'ठूल्ठूला होटल र घरमा गएर सेवा दिनेले आफूलाई वेश्या भन्दैनन् भने हामीले किन भन्ने ?'

के भन्छ प्रहरी ?

अनुसन्धान अधिकृतहरूका अनुसार करिब दुई दशकदेखि नेपाली समाजमा सर्वाधिक चर्चामा आएको व्यवसाय हो यो, तर समाधान के त ? महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख उपरीक्षक नवराज सिलवालले भने, 'समाजमा नैतिकता र मर्यादा कायम गर्न त्यस्तो व्यवसाय भैरहेको स्थलमा कहिलेकाहीं छापा मारेर डर देखाइन्छ तर यो काम कुनै न कुनै रूपमा चलिरहन्छ ।'

उपरीक्षक सिलवालका अनुसार स्थानीय समाजको आग्रहमा ती स्थलमा निरन्तर छापा पनि मारिएको छ । 'एउटै यौनकर्मी दुई पटकदेखि सात पटकसम्म पक्राउ परेका छन् तर यो पेसा छाड्न मान्दैनन्,' उनले भने, 'छापाका क्रममा पक्राउ पर्ने कुनै पनि बालिका र किशोरीले आफूलाई ललाई-फकाई यो पेसामा लगाएको भनेका छैनन्, कसरी र कसलाई कारबाही गर्ने ?' महानगरीय प्रहरीका अन्य वरिष्ठ अधिकृतहरूका अनुसार यो राजनैतिक, समाजशास्त्री र नीति-निर्माताहरूले बहस गरेर समाधान खोज्नुपर्ने समस्या हो ।

यो विषयमा सतही र हल्का प्रतिक्रिया दिएर केही पनि नहुने उनीहरूको तर्क छ । उपत्यकाका तीनवटै जिल्लाका प्रहरी अधिकृत भन्छन्, 'उपत्यका मात्र झन्डै ३० हजारको हाराहारीमा रहेका यी यौनकर्मीलाई राख्ने क्षमता भएको थुनुवाघर प्रहरीसँग छैन ।' 'कि कानुन बनाएर यसलाई प्रतिबन्धित गर्नुपर्‍यो, होइन भने निश्चित मापदण्ड र क्षेत्र तोकेर यौनकर्मीलाई लाइसेन्स र स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्‍यो,' प्रहरी अधिकृतहरू भन्छन्, 'वास्तविकताबाट भाग्नुभन्दा त्यसलाई स्वीकारेर त्यसको समाधान खोज्नुपर्छ, अरूतिर देखाई पन्छिएर केही हुनेवाला छैन ।'

> 'एउटै यौनकर्मी दुई पटकदेखि सात पटकसम्म पक्राउ परेका छन् तर यो पेसा छाड्न मान्दैनन्,' उनले भने, 'छापाका क्रममा पक्राउ पर्ने कुनै पनि बालिका र किशोरीले आफूलाई ललाई-फकाई यो पेसामा लगाएको भनेका छैनन्, कसरी र कसलाई कारबाही गर्ने ?'

तस्बिरहरू : नवराज वाग्ले

२०६५ को सेरोफेरोमा फेसन

डिजाइनर वेयरमा क्याजुअल प्रभाव

२०६५ को फेसन स्टाइलमा क्याजुअल लुकको प्रधानता देखियो। लगाउँदा सहज, आराम र स्टाइलको पनि अनुभूति दिलाउने क्याजुअल मुडको प्रभावबाट डिजाइनर वेयर पनि अछुतो रहेन। डिजाइनर वेयरतर्फ साडीको ड्रेपिङ शैली नै परिमार्जित गरी आधुनिक एवं मल्टिपर्पोज हुने ट्रेडिसनलसँगै ट्रेन्डी शैलीले बजार पाएको देखियो जसअन्तर्गत रेडिमेड प्लिटेड गाउन स्टाइल, लेहेंगा स्टाइल, ककटेल स्टाइलदेखि परिमार्जित साडीका शैलीमा स्लिटयुक्त बक्स तथा बटरफ्लाई शैलीको लोकप्रियता रह्यो। यस खालका साडीसित स्ट्रिङ, लुप, बटन, बोअ प्रयोग भएका स्टाइलिस ब्लाउजको प्रचलन देख्न पाइयो।

कुर्ता-सलबारको क्रेज पनि उस्तै रह्यो। यस पटक भने खुकुला कुर्ताको माग बढेको देखियो। जसअन्तर्गत अम्ब्रेला शैलीमा प्यानल, स्लिट्स एवं वायस कट्सको बाहुल्यता रह्यो। आधुनिकताका साथ शालीनता एवं फेमिनिस्ट अन्दाज प्रदान गर्नुका साथै आधुनिक युवतीलाई प्रिन्सेस एवं कन्फिडेन्ट लुक दिने आकर्षक नेट, साटन, सिल्क, जर्जेट, सिफन आदिका गाउनले पनि धेरैको मन लोभ्याएको पाइन्छ। फ्युजन तथा मिक्स एन्ड म्याच शैलीको क्रेज पनि उत्तिकै देखियो डिजाइनर वेयरमा।

ट्राउजरका साथमा कफ्तान, चुडीदार सलवारका साथमा ट्युनिक, लङ सर्ट वा कुर्ती, स्कर्टका साथमा ट्युनिक एवं नटेड चोलीको कम्बिनेसन, मिक्स एन्ड म्याच लुक अँगाल्नेहरूमाझ लोकप्रिय रहे। अन्य डिजाइनर वेयरतर्फ कुर्ती, ट्युनिक, डिपनेकयुक्त लामो स्लिट भएका स्लिभलेस टप, भेल्भेट एवं सिल्कका हल्टर ड्रेस, क्रोसिया एवं बिड्सयुक्त कोरड्रइ टप, कटन एवं सिल्कका फेन्सी लेस ट्युनिक, स्ट्रेपी टप, ब्रोकेड सर्ट, कोर्सेट आदि स्टाइलहरू पनि प्रचलनमा रहे। डिजाइनर वेयरको क्याजुयल स्टाइलमा ट्राइबल, इम्ब्रोइडरी, चिकनकारी, क्रोसिया वर्क, प्याच वर्क, डिजिटल प्रिन्ट्स, सिक्वेन्स वर्क, लेस एवं मिरर वर्कको चलन पनि कायमै रहेको पाइयो।

क्याजुअल वेयरमा विविधता

वेस्टर्न आउटफिटको चलन रहे पनि तिनमा ट्रेडिसनल प्रिन्ट र वर्कको उपस्थिति भएका पहिरनको आकर्षण पाइयो। यस्ता शैलीमा क्लाउन पाइन्ट, वेट विङ्ग स्लिब्स, मिनीस्कर्ट, सर्ट-पाइन्टको कम्बिनेसन बढी चलेको पाइयो। स्ट्रेट लाइन्स एवं ज्यामेट्रिक प्यानल, ब्लेन्डेड फ्याब्रिकमा ओभर साइड प्रिन्ट, डार्क एवं लाइट कलर्ड ड्रेसमा फ्लोरल प्रिन्ट, स्टक्चर्ड टाइट्समा रिपको लुकको स्टाइल यो वर्ष हावी भएको देखियो।

रेडिमेड क्याजुअल वेयरतर्फ लम्बाइमा घुँडासम्म आउने अर्थात् नि-लेन्थको आकर्षण रह्यो। विशेषगरी स्लिभलेस, स्ट्राइपलेस, हल्टर, स्पेगेटी, ट्युब, काउल नेक, फल नेक, वन थर्ड स्लिभ आदिमा फ्लेयर्ड, लेयर्ड, एसिमेट्रिकल, ए-लाइन, एम्पायर लाइन, बलुन स्टाइल, फ्रक स्टाइल आदि युवतीहरूमाझ लोकप्रिय रहे। साटन र कटनमा उपलब्ध यस्ता पहिरनमा ब्राइट कलरका सेड्सदेखि मल्टी कलर सेड्स आदि फ्लोरल, डटेड, डिजिटल, एनिमल, ट्राइबल जस्ता प्रिन्टका साथमा प्रिन्ट र कट्सलाई उभार्न कम्मरतिर स्मोकिङ र रिबन, बेल्ट, लेसको प्रयोग देख्न पाइयो।

जिन्सप्रतिको क्रेज सदावहार नै रह्यो। डार्क सेडका वास्ट आउट जिन्ससँगै ग्रन्ज जिन्सको चलन बढी हावी भयो यो वर्ष। त्यसैगरी वाइड लेग्स, बुट कट, स्ट्रेट, स्लिम फिट, स्किनी जिन्सलगायत सत्तरीको दशकमा लोकप्रिय बनेको हाइ वेस्ट शैली पनि प्रचलनमा रह्यो। ग्ल्यामरस लुक रुचाउनेहरूमाझ जहाँ छोटा हट पाइन्ट र द न्यानो पपुलर रह्यो त्यहीँ डेनिम जिन्समै प्ले सुट, बोइलर सुट, डङ्गारिजमा रमाउनेहरू पनि उत्तिकै देखिए। यिनका अतिरिक्त स्लिभलेस, ब्याकलेस, हल्टर, ट्युब, स्ट्रिङ, ट्यांक टपहरू, काउल नेकयुक्त जर्सी ट्युनिक, लेस जर्जेट कोर्सेट एवं ट्युनिक, वन पिस एम्पायर लाइन भएका पहिरनहरू, बोट नेकयुक्त क्यामिसोल, स्टाइलिस केप्रिज, कटन स्किनी ट्राउजर, सिगरेट पाइन्ट, सिंगल पिस सर्ट ड्रेस, हाई वेस्ट पेन्सिल स्कर्ट, स्लिभलेस एवं एप्रन स्टाइलका ड्रेसहरू, फिटेड डेनिम टप्स, गर्ली पिनाफोर आदि विविध शैलीका पहिरनहरूको क्रेज पनि उत्तिकै देख्न पाइयो।

कलर र प्रिन्टको धूम

वर्ष २०६५ को फेसन सेरोफेरोमा जर्जेट, क्रेप, सिफन, नेट, रअ सिल्क, लेजर, लिनेन, कटन, लाइक्रा आदि फेब्रिकहरूमा विधिवतापूर्ण शैलीको धूम रह्यो। कलर रेन्जमा ब्ल्याक र ग्रे सर्वाधिक मन पराइएको पाइयो भने पर्पल, सफायर, ब्लू, रेड वाइन, डिप गोल्ड जस्ता ब्राइट ज्युल टोन्स, गोल्ड, सिल्भर, ग्रे, ब्रन्ज, कपर आदिको मेटालिक लुकप्रतिको क्रेज बढी देखियो। प्लेन स्टाइलभन्दा प्रिन्टेड शैलीप्रति आकर्षण बढी रह्यो। पहिरनलगायत जुत्ता, स्कार्फ, ब्यागजस्ता एक्सेसरिजमा पनि प्रिन्टेड स्टाइल बढी पपुलर रहे। विशेषतः फ्लोरल प्रिन्टको धूम रह्यो। यसका अतिरिक्त एनिमल, ज्योमेट्रिकल, ग्राफिक, डिजिटल, ट्राइबल प्रिन्टको जादू पनि देखियो। पोल्का डटेड, चेक्स आदिको क्रेज पनि कम थिएन।

धूम मच्चाएका स्टाइलहरू

जहाँ गतवर्ष केपरिग एवं पेन्सिल पाइन्ट, स्ट्रेट फिटेड ट्राउजर्सको क्रेज थियो त्यहीँ लेगिङको प्रचलन र प्रभाव यो वर्षभरि नै हिट रह्यो। व्यक्तित्वलाई स्लिक लुक प्रदान गर्नुका साथै मूलतः विभिन्न लेन्थका बुट, वेज हिल्स, मुल्स र पम्पस् जस्ता फुटवेयरको कम्बिनेसनमा लेगिङको फेसन सर्वाधिक लोकप्रिय रह्यो यो वर्ष। ८० को दशकताका लोकप्रिय बनेको लेगिङको फेसनले पुनरावृत्ति पाएसँगै लङ टी, नि-लेन्थ वन पिस ड्रेस, मिनी स्कर्टजस्ता पहिरनसित लेगिङको जोडा निकै हिट रह्यो।

युवतीहरूमाझ आफ्नो व्यक्तित्वमा स्मार्टनेस, स्टाइल एवं ग्ल्यामर सञ्चार गर्ने बुटको चलन पनि अकासिएको पाइयो यसपटक। मूलतः एङ्कल लेन्थ, काल्फ लेन्थ, नि-लेन्थ, ओभर नि वा थाइ-लेन्थ स्टाइल बढी प्रचलनमा रहे। जसमा पनि फर्मल एवं स्मार्ट लुक रुचाउनेबीच कालो रंगको हाइहिल पोइन्टेड एवं राउन्ड टो भएका एङ्कल लेन्थ बुट बढी लोकप्रिय रहे। छोटो लम्बाइको पहिरनसित लेगिङ लगाएर एङ्कल लेन्थ बुट प्रयोग गर्नेहरूको पनि कमी रहेन। आफूलाई बोल्ड एवं स्टाइलिस देखाउन रुचाउने यौवनाहरूमा भने काल्फ लेन्थ बुटको क्रेज देखियो। ग्ल्यामरस लुक रुचाउनेहरूले भने नि-लेन्थ बुटको प्रयोग रुचाएको पाइयो। केहीले भने घुँडाभन्दा माथिसम्म लगाउन मिल्ने ओभर नि वा थाइ लेन्थ बुटको प्रयोग गरेको देखियो।

वर्ष २०६५ मा क्याजुअल एवं फर्मल दुवैखाले पहिरनशैलीमा लङ कोट र ट्रेन्च कोटको स्टाइल स्टेटमेन्ट पनि उत्तिकै हिट रहेको पाइयो। स्टाइलिस स्कर्ट र टप्सका साथमा नि-लेन्थ बुट र ट्रेन्च कोटको स्टाइल होस् वा स्टिलिटोज स्यान्डल, हाइ हिल मुल्सका साथमा साडी वा कुर्ता-सलवार अनि लङ कोटको जोडा र यसलाई अँगाल्नेहरू यो वर्ष प्रशस्तै देखिए।

स्टाइलिस सर्ट, नीलो ग्रन्ज जिन्स र कन्भर्स जुत्ताको कम्बिनेसनमा कालो रंगको वेस्टकोटको फेसनमा जहाँ युवा लठ्ठिएको पाइयो त्यहीँ नि-लेन्थ स्कर्ट वा डेनिम बुट कट जिन्समा सुहाउँदो क्याजुअल टप र त्यसमाथि विशेषतः कालो रंगको वेस्टकोटको फेसनशैली पछ्याउने युवतीको जमात पनि उत्तिकै देखियो। क्वाटर स्लिभ भएका नि-लेन्थ ड्रेसमा वेस्टकोटको कम्बिनेसन पनि युवतीमाझ लोकप्रिय रह्यो। पुरुष फेसनशैलीमा वेस्टकोटको प्रयोग फर्मल वेयरमा पनि उत्तिकै रह्यो। फर्मल पाइन्ट, सर्ट र सुहाउँदो वेस्टकोट तथा टाइको कम्बिनेसनलाई धेरैजसो पुरुषले आफ्नो फर्मल लुकमा अँगालेको देखियो।

फिटेड ज्याकटे, लङ कोट र ट्रेन्च कोटसहित कार्डिगन, पुलओभरसित जोडा मिलाइएका लङ फिन्च स्टाइलका होस् वा चौडाइ सानो भएका पातलो खालको स्कार्फलाई आकर्षक ड्रेपिङ शैलीमा गलामा सजाउने ट्रेन्ड पनि उत्तिकै हावी रह्यो युवापुस्ता माझ। युवापुस्तामाझ फर्मल र क्याजुयल दुवै लुकमा स्कार्फ र मफलर मोस्ट डिमान्डेड फेसन एक्सेसरिजकै रूपमा परिचित रह्यो। युवतीहरूको फेसन एक्सेसरिजमा विशेषतः क्लचेज, टोट्स तथा ह्यान्ड ब्यागको प्रचलन पनि उत्तिकै रह्यो। मूलतः रेड मरुन, पर्पल, ब्ल्याक टरक्वाइज, ग्रिन, पिन्क जस्ता कलरमा ओभर साइज्ड, डिटेल स्टिचिङ, स्लिक आउट पकेट, बकल, रिङ, बटन र स्टडयुक्त लेदर, लिनेन, जिन्स, कटन आदिका ब्यागहरू लेडिज वार्डरोबको अभिन्न अंगका रूपमा सफल देखिए। अन्य एक्सेसरिजमा भने फङ्की, फ्युजन, जंक एवं स्टाइलिस ज्वेलरीले प्राथमिकता पायो। जसअन्तर्गत मल्टी कलर्ड इयरिङ, हुप्स, सेन्डिलियर, कलरफुल ग्लास बिड्स ज्वेलरी, लङ पेन्डेन्ट, रंगीबिरंगी क्रिस्टल, स्टोन्स, बिड्स एवं जरीबाट सजिएका चुराहरू, हेयर क्लिपहरू, क्यान्डी कलरका हेयर ब्यान्ड, सिल्क स्कार्फ, क्यान्डी कलरका स्टाइलिस लेदर बेल्ट आदि विभिन्न डिजाइन एवं आकारका सनग्लासहरूको आकर्षण पनि उत्तिकै रह्यो।

– रोजिन शाक्य

● पहिलो विश्व ●

लिंग परिवर्तन गरेका सुन्दरी

पुरुष भएर जन्मिए पनि लिंग परिवर्तन गरेर युवती भएकाहरूबीच हालै थाइल्यान्डमा मिस टि□यानी युनिभर्स-२००९ प्रतियोगिता सम्पन्न भयो। लिंग परिवर्तन गरेका २९ जना युवतीबीच भएको उक्त प्रतियोगिताको उपाधि सोरावी नातिइले पाइन्। उपाधिसँगै उनले होन्डा कार र करिब ३ हजार डलर नगद प्राप्त गरिन्।

एक दशकपछि

सन् १९९९ मा बेलायतका ११ जना महिलाले ल्युकेमिनिया रोगको अनुसन्धान गर्न सहयोग पुगोस् भनेर निर्वस्त्र क्यालेन्डर निकाल्ने अभियान प्रारम्भ गरेका थिए। जोन बेकरले निर्वस्त्र तस्बिर खिचेर क्यालेन्डर प्रकाशित गरी बिक्री गरे सहयोग पुग्ने अवधारणा पत्नी एन्जेला बेकरलाई सुनाएका थिए, तर क्यालेन्डर निकाल्नुभन्दा एक वर्षअघि जोनको अर्कै रोगका कारण मृत्यु भयो। त्यसपछि एन्जेलाले उक्त क्यालेन्डरको अभियान थालिन्। प्रतिक्यालेन्डर २ पाउन्डका दरमा बिक्री गर्दा १३ लाख पाउन्ड उठ्यो। उनीहरूको यो अभियान विश्वव्यापी भएपछि सन् २००३ मा क्यालेन्डर गर्ल चलचित्रसमेत निर्माण गरियो। त्यो समयमा निर्वस्त्र क्यालेन्डर प्रकाशित गरेका महिलाहरूले एक दशकपछि पुनः सोही रोगको अनुसन्धानका लागि रकम जोहो गर्न सन् २००९ का लागि निर्वस्त्र फोटोसेसन गरेका छन्। आगामि महिना बजारमा आउने यो क्यालेन्डरमा यसपटक भने ६ जना मात्र पुराना महिला हुनेछन्।



अन्त्यमा...

सामान्यतः ठूलो स्तन भएका युवती आकर्षक मानिन्छन्। यस्ता युवतीहरूप्रति पुरुषको आकर्षण कहिलेदेखि जाग्यो भन्ने विषयमा वैज्ञानिकहरू अन्यौलमै छन्। हालै जर्मनीका अनुसन्धानकर्ताहरूले पत्ता लगाएको एक अवशेषअनुसार महिलाहरूमा ठूलो स्तन बनाउने र पुरुषहरू ठूलो स्तनप्रति आकर्षित हुने क्रम करिब ४० हजार वर्षपहिले नै थियो। जर्मनीको एक गुफामा पाइएको म्यामथ (हात्तीको पुर्खा) को दाह्रामा बनाइएका मूर्तिहरूमा महिलाहरूको ठूलो स्तन, ठूलो आकारको पुठ्ठा पाइएको थियो। यो म्यामथ हाल पृथ्वीबाट लोप भैसकेको छ। उक्त अवशेष ३५ हजार वर्षभन्दा पुरानो रहेको वैज्ञानिकहरूको अनुमान छ। हस्तीहाडमा पाइएका चित्रहरूमध्ये यो नै सर्वाधिक पुरानोसमेत भएको वैज्ञानिकहरूले दाबी छ। अनुसन्धानकर्ताहरूले यो चित्रमार्फत् त्यो बेलाका मानिसहरूको यौन स्वभावका बारेमा अध्ययन गर्न थप सहयोग पुग्ने विश्वास लिएका छन्।

मिस क्यालिफोर्नियालाई निम्तो



हालै सम्पन्न मिस यूएसएको फस्ट रनरअप मिस क्यालिफोर्निया केरी प्रिजेनको चर्चा अहिले मिस अमेरिका भएकी सुन्दरीको भन्दा बढी छ। निर्णायक चरणमा केरीले आफू समलिङ्गी विवाहको पक्षमा नरहेको तथा आफ्नो समर्थन विपरितलिङ्गी विवाहप्रति रहेको बताएपछि उनी चर्चामा आइन्। यसभन्दा अघि निर्वस्त्र तस्बिर सार्वजनिक भएपछि उनले जितेको उपाधिमै प्रश्नचिह्नसमेत लागेको थियो। आखिर मिस युनिभर्सका निर्देशकले उक्त घटनालाई सामान्य मानेपछि उनी विवादवाट मुक्त भइन्। प्रतियोगितामा उनको यौनप्रतिको धारणा बुझेपछि अहिले उनलाई वयस्क चलचित्र निर्माणको क्षेत्रमा विश्वकै सर्वाधिक ठूलो कम्पनी भिभिड इन्टरटेन्टमेन्टले आफूले निर्माण गर्ने कुनै पनि चलचित्रमा खेल्ने निमन्त्रणा दिएको छ। इन्टरटेन्टमेन्टले पत्र पठाउँदै यो पूर्ण रूपमा व्यापारिक प्रस्ताव रहेको र यसले उनको भावनामा ठेस पुऱ्याउन नखोजेको कुरा उल्लेख गरेको छ। यदि केरीले भिभिडको यो प्रस्ताव स्वीकार गरे उनलाई १० लाख अमेरिकी डलर पारिश्रमिक दिइनेछ।

● सानो पर्दा ●

आमाको प्रसारण प्रारम्भ

मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्य (मह) द्वारा निर्देशित नयाँ टेलिश्रृंखला 'आमा' को प्रसारण प्रारम्भ भएको छ। नेपाल टेलिभिजनबाट प्रत्येक मंगलबार राति ८:५० बजे र कान्तिपुर टेलिभिजनबाट प्रत्येक शुक्रबार राति ९ बजे प्रसारण हुने यो टेलिश्रृंखलाको छायांकन जनकपुर, धम्पुस, चितवन, पालुङ, टिस्टुङ तथा काठमाडौंमा गरिएको हो। टेलिश्रृंखला १५ भाग लामो छ। पहाडदेखि तराईसम्मको शान्ति प्रक्रिया, जातीय सद्भाव, राष्ट्रिय एकता, नयाँ संविधान निर्माण तथा प्रदेशहरूको निर्माणजस्ता राष्ट्रिय चासोमा केन्द्रित यो टेलिश्रृंखलामा मह जोडीका अतिरिक्त किरण केसी, शर्मिला शर्मा, नरेन्द्र कंसाकार, राजु भुजू, राजाराम पौडेल, रोशनी कार्की, मोहित आचार्य, अनु शाह, किशोर भण्डारी, उत्तम कोदे, लक्ष्मण तीनपिप्ले, अर्जुन श्रेष्ठ आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। यो टेलिश्रृंखलामा मिथिला नाट्य परिषद्का प्रवेश झा, रमेश रञ्जन, प्रियंका झा, सुनील मिश्र, रञ्जु यादव, रविन्द झा, इन्देश झाले पनि भूमिका निर्वाह गरेका छन्। टेलिश्रृंखलामा हरिवंश आचार्यले आमाका रूपमा महिला पात्रको भूमिका निर्वाह गरेका छन्। मदनकृष्णले उनका छोराको भूमिका निर्वाह गरेको यो श्रृंखलामा हरिवंशकै वास्तविक छोरा मोहित आचार्यले नातिको भूमिका निर्वाह गरेका छन्।

थिच्नुहोस् अनि जित्नुहोस्

सगरमाथा टेलिभिजनबाट ज्योतिष विद्यामा आधारित नयाँ गेम सो 'थिच्नुहोस् अनि जित्नुहोस्' प्रत्येक शुक्रबार राति ९ बजे प्रसारण भैरहेको छ। यो कार्यक्रम न्युमोरोलोजीमा आधारित विश्वकै पहिलो गेम सो भएको कार्यक्रमका सञ्चालक सरोज केसीले बताए। कार्यक्रममा न्युमोरोलोजिस्ट मनीष पोखरेलले एसएमएस तथा टेलिफोनमार्फत सहभागिता जनाउने दर्शकको भाग्य अंक गणितीय आधारमा परीक्षण गर्छन्। यो कार्यक्रममा सहभागी हुने प्रत्येक दर्शकले आफ्नो नाम तथा जन्म मिति र नाम तथा टेलिफोन नम्बर उल्लेख गरेर दुईवटा एसएमएस पठाउनुपर्नेछ, जसका आधारमा ज्योतिष पोखरेलले विजेताको घोषणा गर्छन्।

तपाईंलाई कहिलेकाहीं कसैलाई पिटिदिऊँ जस्तो लाग्दैन ?

साह्रै चित्तबुझ्दो प्रश्न सोध्नुभयो। रिस उठेको बेला त पिटिदिऊँ नै जस्तो लाग्छ। प्रायः बाटामा हिंडिरहेको बेला खासगरी युवतीहरूलाई धकेल्दै हिंड्ने उरन्ठेउलाहरूलाई त समातेर पटापट पिट्न मनलाग्छ। मैले एकपटक न्यूरोडमा एउटा बद्मासलाई मज्जाले पिटेकी छु मैले पिटेको देखेर अरूले पनि थपेका थिए।

– निशा अधिकारी (भिजे/नायिका)

प्रायः हात हालेरै पिट्न मन लाग्दैन, तर कसैले कुनै असहाय, असक्त र गरिब व्यक्तिलाई हेपेको देखें भनेचाहिं पड्काउदिऊँ जस्तो लाग्छ।

–दिनेश डिसी (टेलिभिजनकर्मी)

ओहो, कस्तो गाह्रो प्रश्न सोध्नुभएको ☐ प्रायः हात उठाइहाल्न मन लाग्दैन, तर ज्यादै रिस उठेको बेलामा चाहिं पिटिदिऊँ कि जस्तो लाग्छ। काम गरिरहँदा कसैले त्यो काम चाँडै सिध्याउन दबाब दियो भनेचाहिं पिटिदिऊँ नै जस्तो लाग्छ।

– अर्जुन कुमार (गायक)

मान्छे छ्यानेरै प्रश्न सोध्नुभयो जस्तो लाग्यो ☐ मलाई त पिटिरहन मनलाग्छ। प्रायः मैले कुनै कुरा भनिरहेको बेला सुन्ने व्यक्तिले हल्का रूपमा लियो भने अथवा त्यो कुरालाई सिरियस्ली लिएन भने पिट्नै मनलाग्छ।

– विनिता बराल (मोडल)

रमाइलो प्रश्न ☐ मैले टिनएज छँदा धेरैलाई पिटेको पनि थिएँ, तर अहिले बिनाकारण कसैलाई पनि कुटिंदैन। कहिलेकाहीं बिहानै घरबाट बाहिर निस्कँदा अनुहार नै मन नपर्ने मान्छे देख्नुपर्‍यो भनेचाहिं रिस उठेर पिटौं-पिटौं जस्तो लाग्छ।

– आर.पी. भट्टराई (हास्यकलाकार)

जम्का भेट

मंगल ग्रहबाट आएको हो भन्थे

सुलेमान शंकर अर्थात् इकु नेपाल टेलिभिजनबाट प्रसारण हुने हास्यश्रृंखला मेरी बास्सैमा देखिएका एक चरित्र हुन्। चिसोपानी जंगलको वनमानिसको चरित्र उक्त श्रृंखलामा देखिएपछि उनी निकै चर्चित भए। आधा दर्जनभन्दा बढी टेलीचलचित्रमा अभिनय गरिसकेका सुलेमानले उक्त टेलिश्रृंखलामा आफ्नो भूमिका सकिएपछि आफूले निर्वाह गरेको चरित्रमा चलचित्र नै बनाए, जुन चलचित्र हाल नेपालभरिका ३० भन्दा बढी चलचित्र भवनमा प्रदर्शन भैरहेको छ। स-साना बालबालिकादेखि वृद्धसम्मका प्यारा बनेका इकुको उक्त चलचित्रले पहिलो सातामै सफलताको कीर्तिमान राखेको छ। सुलेमान शंकर अर्थात् इकुसँग साप्ताहिकको जम्काभेट :

तपाईंलाई इकुको चरित्रले निकै चिनायो होइन ?

कथा सुनेर कस्तो-कस्तो लागे पनि कलाकार भएपछि जस्तोसुकै भूमिका पनि निर्वाह गर्नुपर्छ भनेर गरेको थिएँ। सानो प्रयास गरेको थिएँ, सफल भएँजस्तो लागेको छ। सुलेले पनि गर्न सक्दो रहेछ भनेका छन्, आत्मविश्वास बढेको छ।

यो चरित्रका बारेमा परिवारको प्रतिक्रिया कस्तो छ ?

कलाक्षेत्रमा प्रवेश गर्दा परिवारजनले किन गरेको होला भन्थे। अहिले अलिकति उत्साहित छन्, ठीक छ भन्छन्।

यसका लागि तयारी कस्तो गर्नुपर्‍यो ?

सुटिङ गर्ने दुई साताअघिदेखि नै युनिटमा बसी वनमानिसले के खान्छ, कुन तरिकाले आवाज निकाल्छ, के बोल्छ, रिहर्सल गर्दागर्दै 'नानी तका तानि, तानी तका नानी' जस्तो खुसी-खुसी हुँदा गाउने गीत हिंकु तु (आउन) लिंक पिताङ्क (उता जानु) जस्ता वाक्यांश अन द स्पोट क्रिएसन भएका थिए।

यहाँसम्मको यात्रा कस्तो रह्यो ?

सुरुमा त यो संसारमा किन आएँ, शारीरिक संरचनाले गर्दा केही गर्न सक्दिनँ। अरू जस्तो ह्यान्डसम पनि छैन भन्ने लाग्थ्यो, तर २०५५ सालपछि धेरै कुरा पाएको छु।

कलाकारहरूबीच कस्तो प्रतिक्रिया रहन्थ्यो ?

मायाले सबैले कस्तो मानिस आएछ, मङ्गलग्रहबाट आएको हो कि भन्थे, तौल कम भएकाले चैत-वैशाखको हावाले उडाउला, नआइज है भन्थे।

चलचित्रमा जङ्गलको दृश्य गर्न कत्तिको गाह्रो भयो ?

क्यामेराम्यानले ज्यानको बाजी राखी बीच जङ्गलमा रूखमा चढेर छायांकन गरे। म आफैं लहरामा चढेर जम्प गर्दा औंला नै मर्कियो।

भविष्यको योजना ?

इकुको दोस्रो भाग बनाउने र दर्शकलाई अझ मनोरञ्जन प्रदान गर्ने।

मुम्बईमा नेपाली सांस्कृतिक कार्यक्रम

वीरेन्द्र पौडेल

भारतको आर्थिक राजधानी मुम्बईमा झन्डै ४ लाखभन्दा बढी नेपाली छन्। यहाँ नेपालीहरूका गतिविधि पनि बढिरहेका छन्। मुम्बईमा नेपाली सांस्कृतिक कार्यक्रमहरूको बाढी नै आएको छ। मुम्बईमा आजभोलि हप्तैजसो सांस्कृतिक कार्यक्रम भैरहेका छन्।

यस्ता कार्यक्रम हेर्न मुम्बई र यसका आसपासमा रहेका नेपालीहरू जम्मा हुन्छन्। गएको होलीको अवसर पारेर मुम्बईमा दुईवटा नेपाली सांस्कृतिक कार्यक्रम सम्पन्न भए। गत मार्च ८ देखि १२ सम्म आयोजित ती दुई सांस्कृतिक कार्यक्रमबीच कडा प्रतिस्पर्धा देखिएको थियो। दुवै कार्यक्रममा चर्चित नायक-नायिका तथा गायक-गायिकाहरू सहभागी भएपछि गीत-संगीतप्रेमी प्रवासी नेपालीहरू कुन कार्यक्रममा जाने भनेर अलमलमा परेका थिए। कसको कार्यक्रममा कति दर्शक हुने कलाकारहरूका लागिसमेत अस्तित्व र चासोको विषय बनेको थियो, तर पनि धेरै कलाकार नेपालबाटै बोलाइएकाले आर्थिक रूपमा ती दुवै कार्यक्रम सफल हुन सकेनन्।

ती दुई कार्यक्रम मात्र होइन, यसभन्दा अघि गरिएका थुप्रै सांस्कृतिक कार्यक्रमले मुम्बईमा व्यावसायिक सफलता पाउन सकेका छैनन्। त्यसैले कतिपय कार्यक्रम आयोजकहरू एक-दुईवटा कार्यक्रमको आयोजनापछि यो क्षेत्रबाट हराएका छन् भने नयाँ-नयाँ आयोजकहरू देखिंदै-थपिंदै गएका छन्। मुम्बईमा हुने यस्ता सांस्कृतिक कार्यक्रममा सहभागी हुन नेपाली चलचित्र क्षेत्रका प्रायः सबै नायक-नायिका मुम्बई आइसकेका छन्। यसरी मुम्बई आउने नायकहरूमा राजेश हमाल, निखिल उप्रेती, दिलीप रायमाझी, विराज भट्ट, श्रीकृष्ण श्रेष्ठ, रोहन ढकाल आदि छन् भने नायिकाहरूमा बिपना थापा, सञ्चिता लुइँटेल, झरना थापा, जेनिसा केसी आदि छन्।

गायक-गायिकाहरूमा मिलन लामा, बद्री पंगेनी, रामकृष्ण ढकाल, रामचन्द्र काफ्ले, विमल डाँगी, विमलराज क्षेत्री, पुरुषोत्तम न्यौपाने, प्रजापति पराजुली, भगवान भण्डारी, नन्दकृष्ण जोशी, नरेन्द्रराज रेग्मी, यज्ञराज उपाध्याय, माधव भण्डारी, राजु परियार, विष्णु खत्री, प्रकाश ओझा, भुवन दाहाल, सिन्धु मल्ल, शर्मिला गुरुङ, पार्वती जिसी, देवी घर्तीमगर, शिला आले, हरिना साउद आदि छन्। यसैगरी हास्यकलाकार कमल गाउँले, लोकनाथ ढकाल, सुन्तली मिश्र, नारायण त्रिपाठी आदि सांस्कृतिक कार्यक्रममा सहभागी हुन मुम्बई आइसकेका छन्।

कति पारिश्रमिक लिन्छन् ?

मुम्बईमा हुने यस्ता सांस्कृतिक कार्यक्रममा सहभागी हुन आउने नायक-नायिकाहरूलाई उनीहरूको चर्चा र माग हेरी आयोजकहरूले ४० हजारदेखि १ लाख भा.रु.सम्म दिने गरेका छन्। यसबाहेक आयोजकहरूले उनीहरूका लागि आउने जाने प्लेन टिकट र मुम्बईमा रहँदा बस्ने-खाने व्यवस्था गर्नुपर्ने हुन्छ। कतिपय कलाकारले मुम्बई भ्रमण र सपिङसमेत आफूबाटै गराएको गुनासो आयोजकहरूको छ। यसैगरी गायक-गायिकाहरूले मुम्बई आएको २० हजारदेखि ५० हजार भा.रु.सम्म लिने गरेका छन्। उनीहरूका लागि ट्रेन वा प्लेनको टिकट र खाने-बस्ने व्यवस्थासमेत आयोजकले गर्नुपर्ने हुन्छ।

आयोजकले अलपत्र पार्छन्

यस्ता सांस्कृतिक कार्यक्रममा आउने कलाकारहरूलाई आयोजकहरूले भनेजति पैसा नदिएर अलपत्र पारेका घटनासमेत छन्। भनेजति पैसा नदिएपछि नेपाल फिर्ता हुने भनिएको दिनभन्दा केही बढी मुम्बईमै बिताउनुपरेको कलाकार कमल गाउँले बताउँछन्। केहि महिनाअघि गरिएको एउटा सांस्कृतिक कार्यक्रममा सहभागी हुन आएका गायक विष्णु खत्री, कमल गाउँले आदि कलाकारलाई आयोजकहरूले भनेजति पैसा दिन नसकेपछि उनीहरू केही दिन मुम्बईमै थन्किएका थिए।

केही वर्षअघि हास्यकलाकार नारायण त्रिपाठी पनि यसरी नै अलपत्र परेर केही नेपालीको सहयोगमा नेपाल फर्किएका थिए। हालै मुम्बई आएका गायक बद्री पगेनी पनि मुम्बईका आयोजकहरूले पटक-पटक धोका दिएकाले अब मुम्बई आउने भनेपछि राम्रैसँग सोच्नुपर्ने बेला आएको बताउँछन्।



कस्ता हुन्छन् सांस्कृतिक कार्यक्रम ?

मुम्बईमा विगत दुई वर्षयता झन्डै सयवटाभन्दा बढी सांस्कृतिक कार्यक्रम भए पनि नेपाली गीत-संगीत एवं संस्कृति झल्कने कार्यक्रमहरू भने कमै भएका छन्। केही संघ-संस्था र राम्रा सांस्कृतिक समूहले गर्ने कार्यक्रम छोडेर बाँकी सबै कार्यक्रम एकै प्रकारका हुने गरेका छन्। कार्यक्रममा लोक, आधुनिक र चलचित्रका गीतहरूमा नृत्य प्रस्तुत गरिन्छ। झन्डै तीन घन्टा चल्ने यस्ता सांस्कृतिक कार्यक्रमको प्रवेश शुल्क १ सयदेखि ३ सय रुपैयाँसम्म राखिएको हुन्छ।

यस्ता कार्यक्रम प्रवासी नेपाली भेट हुने माध्यम पनि बनेका छन्। विशेषगरी सार्वजनिक बिदाका दिन (आइतबार) गरिने यस्ता कार्यक्रममा २ सयदेखि १ हजारसम्म प्रवासी नेपाली सहभागी हुन्छन्। विभिन्न क्षेत्रमा काम गर्ने नेपालीहरू सहभागी हुने भएकाले यो भेटघाट हुने सजिलो माध्यम बनेको हो। कार्यक्रम सुरु हुनुअघि र कार्यक्रमको समाप्तिपछि नेपालीहरू झुन्ड-झुन्ड भएर एक-अर्कासँग कुराकानी गरिरहेका देखिन्छन्।

सहरिया जीवन अर्थात् पार्टी लाइफ

पोखरामा जम्यो डान्सपार्टी

तस्बिर : सुरज श्रेष्ठ

पोखरा- सामान्य डान्सपार्टी त फेवानगरीमा भैरहेकै हुन्छन्, तर विशेष रूपमा डान्सपार्टी नभएको धेरै भएको थियो। यस पटक भने एउटा बेग्लै खालको डान्सपार्टी लेकसाइडस्थित क्लब प्याराडिसोमा सम्पन्न भयो। आइरिस ब्युटिपार्लरद्वारा आयोजित उक्त डान्सपार्टीमा युवायुवतीको बेग्लै जमघट देखियो। बाहिर सिमसिम वर्षासँगै डान्सपार्टीभित्रको वातावरण तातेको थियो।

धक फुकाएर कम्मर मर्काउन पाएपछि डान्सपारखीहरू नजुमुर्राउने कुरै थिएन भने यस पटक डान्सपार्टीमा युवायुवतीको मस्ती बिल्कुलै भिन्न पाइयो। युवतीहरू छोटा पहिरनमा ठाँटिएका थिए। ब्युटीसियनहरूद्वारा आयोजित पार्टी भएकाले चिरिच्याँट्ट परेर डान्सपार्टीमा रमाउन आउने ब्युटिसियनहरूको भीड बाक्लो हुँदै गएको थियो।

हट डान्सले वातावरण रन्किँदै गयो। रात बढ्दै जाँदा डान्स फ्लोरमा नाच्नेहरू भरिभराउ भैसकेका थिए। राति अबेर डिजेले चक्का घुमाउन छाड्दासमेत डान्सपारखीरू वन्स मोर भन्दै मच्चिरहेका थिए।

शिव शर्मा

बुटबलको हाइप्रोफाइल पार्टी

बुटवल– लामो अन्तरालपछि बुटवलका संगीतपारखीहरूले बेग्लै सांगीतिक वातावरणमा रमाउने अवसर पाए। हाटबजारलाइनस्थित कान्ति मा.वि.को प्राङ्गणमा शनिबार राति आयोजित 'हाइप्रोफाइल पार्टी' विगतका पार्टीभन्दा विल्कुलै फरक खालको थियो। अधिकांश पार्टीमा प्लस टु कलेजका विद्यार्थी तथा युवायुवतीको बाहुल्यता भए पनि यसपटक अधबैंसे अनुहारहरू संगीत र मदिराको नशामा झुमेका देखिन्थे। यहाँका उद्योगपति, व्यवसायी, बैंकर्स, डाक्टर र इन्जिनियरहरूलाई मात्र लक्षित गरी आयोजित पार्टीमा उनीहरू आफ्ना जोडीसँग परिकारको स्वाद लिँदै स्टेजका कलाकारको तालमा ताल मिलाउँदै जमेर नाचे। पार्टीका सहभागीहरूलाई नायिका नन्दिता केसीको नृत्य तथा गायक सनुप पौडेल र वीरेन्द्र अग्रहरिको गीतले पर्याप्त मनोरन्जन प्रदान गरेको थियो। स्थानीय ब्यान्ड वसन्त एन्ड द क्रुज, मनोज एन्ड ग्रुप तथा घिन्ताङ डान्सिङ आइडल सोनु घिमिरे, एन्जल विकको प्रस्तुतिले पनि सहभागीहरूको मन जितेको थियो। कलाकारको प्रस्तुति सकिएपछि पनि सहभागीहरू आफैंले रोजेका गीत बजाउँदै फ्लोरमा खुलेर नाचेका थिए।

स्थानीय ब्ल्याक फरेस्ट क्याफेद्वारा आयोजित पार्टी राति ७ बजेदेखि १० बजेसम्म भनिए पनि रातको १२ बजेसम्म चलेको थियो। 'बुटवलमा यति राम्रो सांगीतिक वातावरण होला भन्ने लागेको थिएन, साँच्चै राम्रो र गर्व गर्नलायक भयो,' -बुटवलका प्रतिष्ठित युवा उद्यमी सुरेन्द्र श्रेष्ठले साप्ताहिकसँग भने। कार्यक्रम संयोजक एवं इभेन्ट म्यानेजर गणेशदेव पाण्डेका अनुसार बुटवलमा पहिलो पटक फरक ढंगले आयोजित पार्टीमा अपेक्षा गरेभन्दा बढी झन्डै ६ सय जना सहभागी थिए।

– टोपराज शर्मा

ब्युटिक्लबमा सेलिब्रेटी

साप्ताहिक समाचार

काठमाडौं- सोमबार दिउँसो दुई बजेदेखि ललितपुरको कुमारीपाटीमा ब्युटिसियन तथा हेयर स्टाइलिस दिदी-बहिनी सान्द्रा तथा चन्द्रमा पुन आमन्त्रित पाहुनाहरूलाई पर्खंदै थिए। साप्ताहिक तथा नारीका सम्पादक सुवास ढकाल, गायिका कोमल ओली तथा अभिनेता दिनेश डिसीको आगमनपछि उनीहरू प्रसन्न भए। त्यसपछि सेलिब्रेटी पाहुनाहरूको आगमनको क्रम बढ्यो। गायक निमा रुम्बा, नायिका उषा पौडेल, गायक रामकृष्ण ढकाल, निर्देशक नारायण पुरी, पूर्व मिस नेपाल सुगरिका केसी, क्रिकेट कप्तान विनोद दास, गायक राजेशपायल राई, गायिका मौसमी गुरुङ, गायक यम बराल, महिला टेनिस खेलाडी प्रीति रिजाल आदिको जमघट बढ्दै गयो। सबै पुन दिदी-बहिनीलाई बधाई तथा शुभकामना दिन थाले।

यी परिचित अनुरागहरू पोखरापछि काठमाडौंको भाटभटेनीमा पुरुष तथा महिलाको 'मेकओभर' गरिने ब्युटिक्लब एसको नयाँ शाखा कुमारीपाटीमा सञ्चालन थालिएको कार्यक्रममा उद्घाटन त्यहाँ पुगेका थिए। अनाथ आश्रमका पाँच बालिका (पञ्चकन्या) बाट पानसमा दीप बालेर औपचारिक उद्घाटन गरिएपछि कार्यक्रमको अर्को चरणमा छतमा रहेको ठूलो फ्लेक्स खोलेर सबै सेलिब्रेटीले ब्युटिक्लब एसको उद्घाटन गरे, अनि सबै मिलेर एउटा ठूलो केक काटे। ब्युटिक्लब एस सेलिब्रेटीहरूको 'ग्रुमिङ' तथा 'मेकओभर'का लागि पनि चर्चित छ।

तीतो सत्यको ककटेल

साप्ताहिक समाचार

काठमाडौं– विगत छ वर्षदेखि प्रत्येक बिहीबार राती ८:५० बजे नेपाल टेलिभिजन हेर्न बाध्य बनाउने हास्य टेलिश्रृंखला 'तीतो सत्य' ले प्रसारणको ३ सय भाग पूरा गरेको छ। दीपकराज गिरीको निर्देशनमा तयार भएर दर्शकलाई हँसाइरहेको यो श्रृंखलाका कलाकार तथा प्राविधिकहरूले यसै साता एउटा रमाइलो जमघट आयोजित गर्दै खुसी साटासाट गरे।

गत आइतबार साँझ अन्नपूर्ण होटलमा आयोजित एक अनौपचारिक समारोहमा श्रृंखलाका निर्देशक गिरी तथा श्रृंखलालाई दर्शकमाझ पुऱ्याउने मेडिया हबले अहिले प्रसारण भैरहेका श्रृंखलामा अभिनय गर्ने कलाकारलाई मात्र सम्झिएनन्, 'तीतो सत्य' पहिलो भागदेखि हालसम्म अभिनय गर्ने सबै कलाकारलाई भेला पारेर प्रशंसा-पत्र तथा मायाको चिनो पनि प्रदान गरे। कार्यक्रममा जितु नेपालदेखि किरण केसीसम्म, धुर्मसदेखि सुन्तलीसम्मले समारोहको शोभा बढाएका थिए। औपचारिक कार्यक्रमपछि आयोजित ककटेल पार्टीमा 'तीतो सत्य' की नायिका दीपाश्री निरौला आमन्त्रित अतिथि तथा सहकर्मी कलाकारहरूलाई पार्टीको आनन्द लिन आग्रह गरिरहेकी थिइन् भने दीपकराज गिरी पनि आफ्ना शुभेच्छुक तथा पाहुनाहरूको सत्कारमा जुटिरहेका थिए। कार्यक्रममा हास्यकलाकारको बाक्लो उपस्थिति त थियो नै, साथै सांगीतिक क्षेत्रका सेलिब्रेटी, विज्ञापन व्यवसायी तथा सञ्चारकर्मीहरूको पनि बाक्लो उपस्थिति थियो। 'हास्यश्रृंखलालाई ३ सय भागसम्म पुऱ्याउनु ठूलो कुरा भए पनि छ वर्ष बितेको पत्तै भएन, दीपकराजले प्रतिक्रिया जनाउँदै भने– 'अझै धेरैवटा छ वर्ष बिताउने हौसला मिलेको छ।'

● साताको स्वर ●

लोकेन्द्र राई

पल-पल.... कुन शैलीमा आधारित गीत हो ?

फ्युजन शैलीको गीत हो। यो गीतमा शास्त्रीय तथा पाश्चात्य संगीतको सम्मिश्रण पाउन सकिन्छ।

शास्त्रीय संगीतको विद्यार्थी, पाश्चात्य संगीतमा कसरी रुचि बढ्यो ?

शास्त्रीय संगीतलाई पनि साधारण तरिकाले गाउन सकिन्छ भन्ने कुरा दर्साउन पाश्चात्य संगीतको फ्लेवर दिने प्रयास गरिएको हो।

गीतको कुन पक्षलाई आकर्षक मान्नुहुन्छ ?

शास्त्रीय संगीतलाई पनि सरल तथा मन छुने तरिकाले प्रस्तुत गरिनु नै यसको आकर्षक पक्ष हो।

यो गीत कस्ता श्रोताका लागि लक्षित छ ?

प्रायः सबै उमेरका श्रोताका लागि गाएको हुँ, तर युवापुस्ताको रुचि बढी देखिएको छ।

म्युजिक भिडियो कस्तो बन्यो त ?

अर्जुन अधिकारीको निर्देशनमा तयार भएको भिडियोमा एउटा छोटो-मीठो कथा नै प्रस्तुत गरिएको छ। कथाका कारण पनि म्युजिक भिडियो दर्शनीय बनेको छ।

● म्युजिक अपडेट ●

अर्जुनदेवको गीतिएल्बम सार्वजनिक

जयप्रकाश रिजालको प्रस्तुति तथा शिव रेग्मीको निर्देशन रहेको चलचित्र अर्जुनदेवको गीति श्रव्यदृश्य पोखराको बाराही चलचित्र हलमा सार्वजनिक गरिएको छ। गीति श्रव्यदृश्यलाई निर्माता विनोद शेरचन, नायक विराज भट्ट र नायिका रेजिना उप्रेतीले संयुक्त रूपमा सार्वजनिक गरेका थिए। यो चलचित्रका गीत कृष्णहरि बराल, यादव खरेल, सुरेश अधिकारी तथा एकनारायण भण्डारीले लेखेका हुन् जसमा सुरेश अधिकारीको संगीतमा उदिनारायण झा, साधना सरगम, दीपा झा आदिले स्वर दिएका छन्।

लायन्सको सांगीतिक कार्यक्रम

लायन्स क्लब अफ काठमाडौं गोल्डेन आईले राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न गरेको छ। गत आइतबार लाजिम्पाटस्थित बेंडकेट क्लबमा आयोजित कार्यक्रममा राजेश पायल राई, रामकृष्ण ढकाल, खेमराज गुरुङ, जगदीश समाल, बाबु बोगटी, कुमार कान्छा आदिले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए।

जूनको विमोचन

गायक तथा संगीतकार सोनम बज्यू तामाङले संगीतबद्ध गरेका नेपाली गजलहरूको संग्रह 'जून' गत साता सार्वजनिक भएको छ। राजधानीमा आयोजित एक समारोहमा उक्त संग्रह विमोचन गरिएको थियो। संग्रहका गजलहरूमा शिव परियार, अञ्जु पन्त, जगदीश समाल आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ।

देशव्यापी सांगीतिक कार्यक्रम

परिवार नियोजन तथा परिवार स्वास्थ्य सेवासम्बन्धी जनचेतना जगाउने उद्देश्यले देशका विभिन्न क्षेत्रमा कलाकारहरूको एउटा समूहले सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ। गत शनिबार रूपन्देहीमा आयोजित सांगीतिक कार्यक्रममा नलिना चित्रकार, रिमा गुरुङ, खेमराज गुरुङ, धीरज राई, प्रकाश गुरुङ आदि संगीतकर्मीले गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा पवनकली माम्पी घोष तथा सुरेन्द्र केसी मुलाको सागले हास्यप्रस्तुतिमार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए। यसअघि यही कार्यक्रम गत शुक्रबार नवलपरासीमा प्रस्तुत गरिएको थियो भने त्यसअघि सुर्खेत, गुलरिया, पाँचखाल तथा ललितपुरका दर्शकमाझ पनि यो कार्यक्रम प्रस्तुत गरिसकिएको आयोजक संस्थाले जनाएको छ।

सेन्टरको लोकनृत्य

सिनामंगल, काठमाडौंस्थित नेपाल म्युजिक सेन्टरले गत शनिबार लोकनृत्य कार्यक्रम सम्पन्न गर्‍यो। पूर्वी नेपालका लोकनृत्यहरू प्रस्तुत गरिएको उक्त कार्यक्रममा नृत्य गर्नेहरूले परम्परागत पहिरनमा सजिएका थिए। स्थानीय कलाकारहरूको सहभागिता रहेको पूर्वीय लोकनृत्य कार्यक्रममा ठेट लोकनृत्य प्रस्तुत गरिएपछि कार्यक्रम हेर्न भेला भएका दर्शकहरू नाच्न थालेका थिए।

विद्यालयमै संगीत

क्याम्पसहरूमा मात्र अध्यापन गराइने संगीत तथा वाद्यवादन विषय अब विद्यालयस्तरमै समावेश गरिने भएको छ। प्रमाणपत्र तहदेखि मात्र पाठ्यक्रममा समावेश गरिँदै आएको संगीत तथा वाद्यवादन अबदेखि कक्षा ९ तथा १० को ऐच्छिक विषयका रूपमा समावेश गर्न लागिएको छ। पाठ्यक्रम विकास केन्द्रका अनुसार संगीत वाद्यवादन शीर्षक राखिएको यो पुस्तक दुई वर्षअघि नै तयार पारिएको भए पनि छपाइका लागि हालै मात्र जनक शिक्षा सामग्री केन्द्रमा पुगेको छ। पूर्वीय तथा पाश्चात्य वाद्यवादन गरी १८ वटा बाजाका सैद्धान्तिक तथा प्रयोगात्मक अध्ययन गर्न सकिने पुस्तकका लेखक तथा संगीतकार शान्तिराम राईले बताएका छन्। पुस्तकमा पूर्वीय बाजामा समावेश मादल, बाँसुरी, मुरली तथा सारंगीमध्ये एक विधा जान्नैपर्ने गरी अनिवार्य बनाइएको छ। अन्य नेपाली बाजामा हार्मोनियम, धिमे, मृदंगा तथा तबला आदि छन् भने पाश्चात्यमा किबोर्ड, ड्रमसेट, गिटार तथा भ्वाइलिन विषयमा अध्ययन गर्न पाइनेछ।

रमाइलो सांस्कृतिक कार्यक्रम

अघिल्लो बिहीबार राजधानीमा एउटा रमाइलो सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। हर्मन हेस्से महिला समाजले आयोजना गरेको कार्यक्रममा गायक तथा हास्यकलाकार रतन सुवेदीले प्यारोडी गीत गाएर दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। कार्यक्रममा शीतल-सुवानी मोक्तान, चन्दा देवान आदिले पनि आफ्ना कर्णप्रिय गीत प्रस्तुत गरे। होचा कलाकार लोकनाथ ढकालको नृत्यले दर्शकहरूलाई थप मनोरञ्जन प्रदान गरेको थियो।

कुटुम्बको कन्सर्ट

गत जेठ २ गते कुटुम्बले पहिलो पटक भक्तपुरमा लाइभ कन्सर्ट प्रस्तुत गर्‍यो। बेलुका एक घण्टा कुटुम्बले आफ्ना सांगीतिक प्रस्तुतिमार्फत दर्शकहरूलाई रोमाञ्चित तुल्याएका थिए। उक्त अवसरमा कुटुम्बले आफ्ना मौलिक प्रस्तुतिलगायत अन्य कलाकारहरूको गीतमा आधारित कर्णप्रिय धुनहरू बजाएका थिए। कुटुम्बको बहुचर्चित धुन फेस्टिबल र केही नयाँ धुनहरू दरबारक्षेत्रमा जम्मा भएका करिब ३ हजार दर्शकले सुन्ने अवसर पाए।

धिमेवादक समूह

भक्तपुर, गछेंका महिला धिमेवादकहरूको समूहले जेठ २ गते शनिबार भक्तपुरमा आफ्नो एकल धिमे बाजा प्रस्तुत गरेका छन्। समूहको नाम दतात्रय धिमे समूह राखिको छ। समूहमा २० वर्ष उमेर देखि २८ वर्ष उमेरका आठ जना महिला सदस्य छन्। समूहकी सबैभन्दा सक्रिय सदस्य कविता मानन्धर हुन्। समूहले धिमे र भुछया नामका दुई बाजा बजाउने गरेको छ। समूहका अन्य सदस्यहरूमा सरिता लाछीमस्यु, शर्मिला तुईतुई, अन्जना प्यङ्गमिखा, शुलोचना न्हिसुतु, सम्झना प्रजापति, न्हुजला कपतगो तथा स्वस्तिका सुवाल छन्।

साप्ताहिक लाइभ

आगामी जेठ १५ र १६ गते धादिङको घाटबेसीस्थित 'वाटर किङडम' रिसोर्टमा रमाइलो सांस्कृतिक कार्यक्रम हुने भएको छ। फुटबल खेलाडी नीराजन रायमाझीले आयोजना गर्न लागेको दुईदिने सांस्कृतिक कार्यक्रममा देशका चर्चित गायक-गायिकाहरूले गीत-संगीत प्रस्तुत गर्दैछन्। कार्यक्रममा डिजे सिसनको नेतृत्वमा डिजे सेसन सञ्चालन गरिनेछ भने आरपी भट्टराईलगायतका हास्यकलाकारले हास्य-व्यंग्यात्मक प्रस्तुति दिनेछन्। कार्यक्रमको बीच-बीचमा भलिबल, बाल-मनोरञ्जनजस्ता कार्यक्रम पनि हुनेछन्।

● अफबिट ●

गायक सुगम पोखरेल छोरीसँग रमाउँदै।

● नजिकबाट ●

ज्ञान लामा

जन्ममिति	: २०३९ फागुन १६
घरमा बोलाउने नाम	: ज्ञानु
नामको अर्थ	: सबै कुरामा ज्ञात
जन्मस्थान	: काभ्रेपलाञ्चोक, कानपुर-७
रुचि	: गीत, संगीत सिर्जना
प्रकाशित एल्बम	: दुईवटा
पहिलो गीत	: यो ज्यानको मुहार
सांगीतिक गुरु	: खासै कोही छैन
अध्ययन	: आई.कम.
गायनक्षेत्रमा प्रवेश	: २०५६ साल
पहिलो बाजा	: मादल
मनपर्ने गीत	: गाजलु आँखा (राजु लामा)
नजिकको साथी	: सुनिल बर्देवा
मनपर्ने संगीत	: सेलो पप
राशि	: मकर
मनपर्ने नेता	: खास छैन
मनपर्ने स्थान	: आफ्नै जन्मथलो
सबैभन्दा बढी माया	: श्रोताको
रमाइलो क्षण	: पहिलो कन्सर्ट (पिपुल्स क्याम्पसमा)
कमजोरी	: चाँडै अरूलाई विश्वास गर्ने
गायक नभएको भए	: जागिरे हुन्थेँ होला
पहिलो डेटिङ	: छैन
गोप्य कुरा	: छैन
भ्रमण गरेको देश	: भारत, दुबई र कतार
रिस उठेको बेला	: एकान्त खोज्छु
अन्य प्रतिभा	: छैन
पहिलो फोटोसेशन	: ग्लामरस आई स्टुडियो, पुतलीसडकमा
मनपर्ने म्युजिक भिडियो	: यो ज्यानको मुहार
गर्न बाँकी काम	: सांगीतिक क्षेत्रमा स्थापित हुन।

● ब्यान्ड ●

गीतमा 'कलेज लाइफ'

कहिले कलेज गइयो, कहिले बंक गरियो......यो कलेज लाइफ.........

ि□लक पप मेलोडीको यो गीतले कलेज जानेहरूको दिनचर्याको वर्णन गरेको छ। 'कलेज लाइफ....' गीत कलेजका विद्यार्थीहरूले रेकर्ड गराएका हुन्, त्यसैले पनि यसमा उनीहरूको आफ्नै कथा समेटिएको हुन सक्छ।

धरानको सगरमाथा कलेजको बीए ग्रुपका मिलन लिम्बू, रमेश राई, निकिता काफ्ले, मनोज राई, तेनहाङ राई र दिलविक्रम लिम्बूले गाएको यो गीतमा तेनहाङले शब्द एवं संगीत भरेका छन्। कलेजमा पढ्दा संगीतमा रुचि भएका उनीहरूको कुरा पनि मिल्यो, फुर्सदमा गीतहरू सुन्ने र आफैं पनि गुनगुनाउने उनीहरू समय मिल्दा गितार बजाएर गाउन पनि सुरु गरिहाल्थे। यसो गर्दागर्दै उनिहरूले सोचे– के हामी आफैं गीत गाउन सक्दैनौं ? साथीहरूबीच कुरा हुँदा गीत रेकर्ड गर्ने सल्लाह भयो र पहिलेदेखि गीत गाइरहेका र रेकर्ड पनि गरिसकेका साथी तेनहाङलाई संगीत एवं शब्द भर्ने जिम्मा दिए। त्यसपछि उनीहरू कलेज सकिनासाथ स्टुडियो पुगेर रेकर्ड गर्न थाले।

उनीहरूले 'दिनरात बद्ली गए....' स्लो पप मेलोडी गीत पनि रेकर्ड गराइसकेका छन्। कलेजमै भेला भएका साथीहरू मिलेर सहरी क्षेत्रमा धेरै ब्यान्डहरूसमेत खुलिसकेका छन्। सगरमाथा कलेजका यी विद्यार्थीले भने ब्यान्ड नबनाई रहरमै कलेज लाइफका बारेमा गीत गाएका छन्। संगीतकार तथा रचनाकार तेनहाङ राई कलेजका साथीहरूले मेहनत गरेर गीत गाइरहेको बताउँछन्। राई भन्छन्– 'साथीहरूको जाँगरले मेरो पनि जोस बढाएको छ।' म्युजिक मिडियाका एरेञ्जर मनोज मोते भन्छन्– 'उनीहरूले राम्रै प्रयास गरिरहेका छन्।'

• तालुमा आलु •

प्रकाश ओझा

'श्रीमान्, म मेरी श्रीमतीसँग पारपाचुके गर्न चाहन्छु' एक व्यक्तिले न्यायाधीशसँग भन्यो ।

'किन ?' न्यायाधीशले सोधे ।

'मेरी श्रीमतीलाई अलिकति रिस उठ्नुहुँदैन डाडुले भेट्यो डाडुले, पन्युले भेट्यो पन्युले, जेले भेट्यो त्यसैले हिर्काउँछे ।'

'त्यसरी हिर्काउन थालेको कति भयो ?'

'बिहे गरेकै दिनदेखि हजुर ।'

'अनि बिहे गरेको कति भयो ?'

'छ वर्ष हजुर'

'हँ...' न्यायाधीश छक्क परे 'बिहे गरेको छ वर्ष भयो अनि पारपाचुके गर्न चाहिँ आज आएको ?'

'के गर्नु हजुर, पहिले पहिले त म छक्याउन भ्याउँथें आजभोलि त मिसै जाँदैन ।'

ooo

आधा रातमा एउटा ट्याक्सीलाई अँध्यारोमा कुनै यात्रीले रोक्ने इसारा गऱ्यो । जब ट्याक्सी रोकियो ड्राइभर यो देखेर छक्क पऱ्यो कि ती यात्री एउटी युवती थिइन् र पूर्ण नग्न अवस्थामा थिईं । युवती केही नबोली ट्याक्सीभित्र बसिन् र हिँड भन्ने इसारा गरिन् तर ड्राइभर हतप्रभ भएर ट्वाल्ल पऱ्यो र युवतीलाई हेरिरह्यो ।

'के भयो ?' युवती- 'जीवनमा कहिल्यै नग्न युवती देखेका छैनौ ?'

'देखेको छु नि'- ड्राइभर बोल्यो ।

'अनि, किन ट्वाल्ल परेर हेर्छौ ?'

'म सोच्दैछु ।'

'के सोच्दैछौ ?'

'सोचदैछु कि ट्याक्सी भाडाचाहिँ कहाँबाट निस्कन्छ ?'

मेरो कुरो

एन्टिक वस्तु... एउटा पुस्ताले किन्छ, दोस्रो पुस्ताले फ्याँक्छ अनि तेस्रो पुस्ताले फेरि किन्छ ।

• कविता •

जुन जोगी आए पनि

नेताहरू भन्छन्– हामी जनताभन्दा साना
आफ्नो मतलब पुगेपछि छैन चिनजान
चुनाव आयो भन्छन् नेता लागे गाउँघर
चुनाव जितियो भन्छन् अब गाउँमा के नै छ र ?
भाषण गर्दा लट्ठ पार्छन् आदर्श छाँटेर
कति दिन टिक्लान् र खै जनतालाई ढाँटेर ?
०४८ साल ०५६ साल भुल्या छैनौं हेर
निर्वाचनका लागि मात्र मुकुण्डो नफेर
विगतलाई हेर्दा पनि अचम्मै छ हेर
हिंड्छन् तिनै नेता अहिले पजेरो फेरेर
झूटो बोल्यौ जनतासामु मुटुभित्रै पस्यौं
खाली खुट्टा आएकाहरू महलभित्र बस्यौ
जाऊ भने त जान्थ्यौ होला राजासँगै सती
कहिले पो सुध्रिएला र यी नेताको मति ?
संस्थागत भैसकेको भ्रष्टाचार संस्कृति
नाम मात्रको गणतन्त्रले के लेला खै गति ?
फेरि पनि हचुवामा नहिंड है खोकी
जुन जोगी आए पनि कान चिरेकै हो कि ?

–वासुदेव देवकोटा

प्रेमको जाम

नयनमा राखी उनलाई
कोर्न मन लाग्यो
झिलझैं उनको परेली
जोर्न मन लाग्यो
सुकुमार कोमल अंग
रूपकी खानी उनी
हृदयको झोपडीमा
सधैं चोर्न मन लाग्यो
कर्के उनको इसाराले
यताउता चियाउँदा
आफैंसँग ती नजरलाई
सार्न मन लाग्यो
हात दिई थामिदियौ
खुसीले विभोर हुँदा
उमंगले प्रेमको जाम
फोर्न मन लाग्यो ।

–एकलव्य राज

दिल नदुखाऊ है

कहाँ कति कहिले बिग्र्यो, भनी सोध्दै नआऊ है
सोधिसकी मुटु दुखाइ, अनि हाँस्दै नजाऊ है
तिमी साथ हुँदा सँग, बिताएका दिन सम्झेर
कहिलेकाहीं विरहमा, उदासी गीत नगाऊ है
तिमी हिंड्ने बाटो अलग, म हिंड्ने बाटो अलग
बाटो फरक यात्रा फरक, भन्दै दिल नदुखाऊ है
कति सम्झूँ मैले मात्र, तिमी भने अर्कैतिर
कुनै दिन तड्पिएर रुँदै-रुँदै मुख नबाऊ है ।

आर. पी. ऋजन

भावनाको तलाउतिर

पिरतीको भड्खालोमा फसिएछ क्यारे
मुटुभित्र प्रेमको छुरी धसिएछ क्यारे
हेक्का छैन दुनियाँमा कति डुलें म
बहलिंदै तिम्रो मनमा पसिएछ क्यारे
आकाश र धर्तीजस्तै टाढा भन्थें म त
हाम्रो साइनो गाढा बनी कसिएछ क्यारे
कहाँ पुगी यो मन अडिन्छ खोइ कुन्नि
यस्तो लाग्छ तिम्रो दिलमा बसिएछ क्यारे
कल्पनाको संसारमा त डुलेकै हो रेसमले
भावनाको तलाउतिर पो खसिएछ क्यारे ।

–रेसमकुमार सुनुवार

पाए हुन्थ्यो

तिमीसँग एकान्तमा माया गाँस्न पाए हुन्थ्यो
पिरतीका मीठा कुरा गर्न पाए हुन्थ्यो
सँगै मर्ने सँगै जिउने वाचा बाँध्न पाए हुन्थ्यो
तिमीसँग रूखो एक छाक खान पाए हुन्थ्यो
तिमी हिंड्ने गोरेटोमा टेक्न पाए हुन्थ्यो
तिमी जाने पूधेरोको पानी पिउन पाए हुन्थ्यो
तिमी सधैं गुनगुनाउने गीत गाउन पाए हुन्थ्यो
तिम्रो मनको मीठो सपना देख्न पाए हुन्थ्यो ।

–सुमन

महिलाको बाऱ्ह वर्ष

• लघुकथा •

विवाहको बाऱ्हौं वर्षको अवसर त्यसै गुज्रिएर गयो । यो साँझ पनि ऊ रक्सी पिएर ओछ्यानमा मस्त पल्टिएको थियो । पत्नीले त्यो व्यक्तिबाट कहिलै सुख पाइन । बाऱ्हौं वर्षको रमाइलो साँझमा पतिको त्यो अवस्था देखेर पत्नीले दुःखी हुँदै विष पिई । कसो-कसो आमाले विष पिएको छोरीले देखी । पति त निदाएको थियो तर छोरीले ट्याक्सी बोलाएर अस्पताल पुऱ्याई र आमालाई बचाई । प्रहरीले महिलामाथि आत्महत्याको मुद्दा चलायो । महिलाले आफ्नो बचाउमा केही पनि बोलिन । त्यो देखेर छोरीलाई असह्य भयो । उसले आमामाथि हुने सबै दुर्व्यवहार अदालतसामु बेलिविस्तार लगाई । अदालतले महिलालाई पतिसँग सम्बन्धविच्छेद गर्ने अनुमति दिंदै पतिलाई आदेश दियो, 'तिमीले आफ्नी श्रीमतीलाई प्रत्येक साता ३ हजार ☐ग्रांकका दरले माना-चामल भर्नुपर्छ ।'

पतिले सम्बन्धविच्छेदको कागजमा हस्ताक्षर गरिदियो । त्यसपछि पत्नीलाई ३ हजार रुपैयाँ दिंदै भन्यो, 'यो पहिलो हप्ताको खर्च ।'पत्नीले पैसा उठाएर पतिलाई फर्काउँदै भनी, 'तिम्रो पैसा तिमी आफूसँगै राख । मलाई मैले तिमीसँग बिताएका १२ वर्ष फर्काइदेऊ ।'

–समरसेट मम, फ्रान्स

होटल तालिम
कुक, वेटर/वेट्रेस, हाउसकिपिङ्ग, बारम्यान
कुक : २,२००
वेटर/वेट्रेस : १,०००
हाउसकिपिङ्ग: १,०००
बारम्यान : १,८००
जम्मा १० सिट बाँकी
पहिला आउनेलाई विशेष छुटको सुविधा
(विदेश जानेहरुलाई विशेष तालिम)
(केयर गिभरको लागि महिला माग)
सम्पर्क : ५५४६६८६, २०३०१५०, ९८०८०२५५१७

Wanted
L.G Company
लाई कर्मचारी आवश्यकता ।
SLC दिएर बसेकालाई सवर्ण अवसर
संख्याः 11 Gents & Ladies
तलबः 9000
योग्यताः Test/SLC Above
Unique Solution
Gwarko,Lalitpur
5543056,9841466409
9803897872
Note: Office Visit गर्दा document अनिवार्य छ

WANTED
- English Lg. Teacher-4
Part/full (anyone capable candidats)
- Japanese/Spanish/French/Hebrew/German/Korean/Chinese/Italian/Denish Lg. instructors
- *Receptionists: Smart & with dynamic speaking tallency in Neplai Language-4 (only ladies)*
OASIS Language Center
Thamel
And Its New Branch: 4359170

तु-आवश्यकता
American Company को
लागी थप कर्मचारी आवश्यकता
योग्यताः SLC or Above
संख्याः 8 Ladies/Gents
सुविधाः 9000+TA
Unique Shine
9849195511
9803437476
ललितपुर नख्खु दोबाटो
Unique Star
9841881312
9849115602
सानेपा चोक
SLC तथा PCL दिनेहरुको लागी प्राथमिकता

BE Entrance Preparation
Admission Open !
- IOE 1st & 2nd Topper in BE Entrance 2008 and IOE Topper in ME Entrance 2008.
- Managed by Highly Experienced Teachers and Post Graduate Engineers of IOE, Pulchowk Campus.
- Excellent result in IOE Entrance with Top10 students (BE 98% & ME 100% success)
- Provided Text books, Question banks and Practice Sheets.
KEI Kantipur Educational Institute
Kupandol, Lalitpur, Tel: 01-5540917
Web: www.kei.edu.np, E-mail: info@kei.edu.np

● सन्देश ●

कार्यक्रम सञ्चालिका दिदी सहारामा मीठो सम्झनाका साथ धेरै-धेरै माया ।

मैयाँ श्रेष्ठ

मेरो अत्यन्तै प्यारो भदा रिदेश श्रेष्ठ एक वर्षको भएकोमा सु-स्वास्थ्य एवं दीघार्युका लागि दयालु भगवान्सँग कामना गर्दछु ।

दीपा

साथीहरू कृष्ण, सागर, हरि, सुदीप, रोहित, सुना, पेम्बा, गीता, सम्झना, फूलमाया, मीना, सानु, सञ्चमाया, म मात्र तीन वर्षका लागि टाढा हुँदैछु राम्रोसँग बस्नू ल ।

गोपाल राई

कोपिला, धेरै-धेरै सम्झना । एसएमएस हरक्षण पठाइरहेछु। किन होला, त्यहाँबाट सम्प्रेषणमा ढिला भैरहेछ । यो मित्रतालाई म प्रेममा रूपान्तरण गर्न चाहन्छु। यदि तपाई पनि हात बढाउन चाहन्हुन्छ भने .... ।

आमोद

सानु, हजुरको हेप्पी बर्थ डे म कहाँ भुल्न सक्छु र ....? शुभेच्छा स्वीकार गर ल ।

युको परी

शान्ति, जन्मदिनको उपलक्ष्यमा सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको हार्दिक शुभकामना ।

शान्तिप्रिय

मेरा सम्पूर्ण साथीहरूका लागि मीठो सम्झना अनि मेरी प्यारी दिदी राधिका तथा अनिताप्रति मीठो माया, साथी अनुष्कालाई पनि सम्झना । स्वस्थ अनि खुसी छु, विगत बिर्सने प्रयासमा छु ।

देवेन्द्र



शोभा, समयले मलाई धोका दियो, आफन्त पराई भए र सत्यको पक्षमा लाग्दा जेलमा परियो । सबै थाहा पाउँदा-पाउँदै तिमी पनि पराई भयौ, तर पनि तिम्रो सफलताका लागि शुभकामना । पीडा र तनावबीच दिन बिताउन सिक्दै छु चाँडै बाहिर आउने समय पर्खेर दिन गन्दै छु। म सदा तिमीलाई माया गर्नेछु तर तिम्रो माया कहिल्यै स्वीकार गर्नेछैन ।

बाबु

रोश्ना, हाम्रो विवाह भएको विगतका चार वर्ष मेरो जीवनको सबैभन्दा खुसीको क्षण थियो । आगामी दिनहरू विगतका चार वर्ष पनि भुलाइदिने खुसीयालीयुक्त होस् भन्ने कामना गर्दछु ।

श्रीमान्

कोटेश्वर कलेज प्लस टुका सम्पूर्ण मित्रहरूलाई वार्षिक परीक्षा सफलताको शुभकामना, साथै गंगा, अर्चना, निशा, गोमा, दीपा, सम्झना, विमला, विजया, गीता, निर्माता, जयन्ती, इन्दु, बन्दना, काजल, अमृता, विनिता, शर्मिला र प्रतिभालाई सम्झना ।

अच्युत

● जीवनको गोरेटोमा ●

दोष कसको?

कुरा आजभन्दा छ वर्ष अघिको हो । म भर्खरै कक्षा ८ उत्तीर्ण गरेर कक्षा ९ मा प्रवेश गरेको थिएँ । म अलि ठट्यौली स्वभावको थिएँ । त्यही भएर नै होला, मेरा केटा साथीहरूभन्दा केटी साथीहरू धेरै थिए । उनी ९ कक्षामा म पढ्ने विद्यालयमा भर्ना भइन् । केही दिनमै मैले उनलाई पनि आफ्नो साथी बनाएँ । दुई-तीन महिनापछि उनी मेरो असल एवं घनिष्ठ मित्र बन्न पुगिन् । खै कसरी हो, म उनलाई एकतर्फी माया गर्न थालेछु । यो कुरा उनलाई थाहा थिएन । म उनलाई एकोहोरो हेरिरहन्थेँ । उनी विद्यालय नआएको दिन मेरा लागि शून्य हुन्थ्यो र छट्पटिन्थेँ । फेरि पनि म उनीसामु प्रेम प्रस्ताव राख्न सकिरहेको थिइनँ । म सोच्थेँ– यदि मैले उनीसामु प्रेम प्रस्ताव राखें भने कतै हाम्रो मित्रता पो टुट्ने हो कि ?

साथीहरू भन्थे प्रस्ताव राख, तर मभित्र त्यति ठूलो साहस थिएन । एसएलसी परीक्षा पनि नजिक आइरहेको थियो । पढाइ खासै राम्रो भैरहेको थिएन । हामी साथीहरू मिलेर ट्युसन पढ्न थाल्यौं । उनी पनि ट्युसन पढ्न आउँथिन् ।

यही क्रममा भ्यालेन्टाइन डे अर्थात् प्रेमदिवस नजिक आइरहेको थियो । साथीहरूको करमा मैले प्रेमदिवसको अवसर पारेर उनीसामु प्रेमप्रस्ताव राख्ने विचार गरेँ । मनमा डर लागिरहेको थियो । मैले एक जना साथीमार्फत पत्र पठाएँ । पत्र पठाएपछि मेरो मनमा कता-कता डर लाग्यो । म सोच्थेँ कतै पत्रले गर्दा हाम्रो सम्बन्ध बिग्रिने हो कि ? सोच्दा-सोच्दै त्यो रात मलाई निद्रा लागेन । भोलिपल्ट ट्युसनमा मैले उनलाई देखेँ । उनी मलाई ठूल्ठूला आँखा पारेर हेर्न थालिन् । ट्युसन सकिएपछि उनी भन्न थालिन्- तिमी मलाई माया गर्छौ भने आएर भन्न सक्थ्यौ नि ? साथीमार्फत किन पत्र पठायौ ? तिमीले के सोचेका छौ ? तिमी त केटा मान्छे केही हुँदैन तर म केटी मान्छे मेरो के हुन्छ भन्ने कुरा तिमीले किन सोचेनौ ? मैले भनें- सरी, मबाट गल्ती भयो, तर उनले मान्दै मानिनन् र भनिन्- तिमी आजदेखि मसँग नबोल्नू । यति भनेर उनी त्यहाँबाट हिँडिन् । म छाँगाबाट खसेजस्तै भएँ । म खुब रोएँ तर के गर्ने ? एसएलसी परीक्षा पनि नजिक थियो । परीक्षा दियौँ तर उनको र मेरो दुवै जनाको रिजल्ट बिग्रियो । दुवै जनाको एक- एक विषय लाग्यो र पूरक परीक्षा दियौँ । दुवै जना पास भएर कक्षा ११ मा प्रवेश गर्‍यौँ । दिन बित्दै गए र करिब सात महिनापछि बल्ल हाम्रो बोलचाल सुरु भयो ।

हामी दुवैजना सँगै हिँड्थ्यौँ । हामी पहिलेको भन्दा पनि नजिक भएका थियौँ । ५-६ महिनासम्म हामी एकदमै नजिक भयौँ । दिनहुँजसो भेट भैरहन्थ्यो । पछि उनी मबाट अलिअलि टाढा भएजस्तो लाग्न थाल्यो । उनले मलाई भेट्न नचाहेको जस्तो लाग्न थाल्यो । मैले सोध्दा उनी भन्थिन्- पारिवारिक कारणले गर्दा हो । हुन पनि हो, उनी बाहुनकी छोरी, म क्षेत्रीको छोरा ।

एक दिन बिहान म विद्यालय जाँदै थिएँ, उनीसँग बाटोमा भेट भयो । म खुसी भएँ तर उनी निराश थिइन् । उनले भनिन्– हेर, तिम्रो र मेरो सम्बन्ध योभन्दा अघि बढ्न सक्दैन । हामी एउटा असल साथी मात्र बन्न सक्छौँ, त्योभन्दा बढी नसोंच । मेरो घरबाट मेरो विवाहको प्रस्ताव आइरहेको छ, त्यसैले प्लिज मलाई भुल्ने प्रयास गर । उनले यो कुरा यति सजिलै भनिन् कि मानौँ हामी कुनै खेल खेलिरहेका छौँ ।

म त्यो ठाउँमा बस्नै सक्दिन जस्तो लाग्न थाल्यो । त्यही भएर म +२ उत्तीर्ण गरेर काठमाडौँ आएँ । म काठमाडौँ आएको करिब नौ महिनापछि उनको विवाह भएको थाहा पाएँ । मेरा आँखाबाट आँसु झरे । आँसु झार्नुबाहेक म अरू के नै गर्न सक्थेँ र ? म भने अझै पनि निष्ठुरीको यादमा पलपल तड्पिरहेको छु । म आफैसँग प्रश्न गरिरहेको छु– आखिर मबाट के गल्ती भयो ? दोष कसको थियो ?

– एलोन

● साथी ●

मिलनसार स्वभावका अनिल कुमार स्याङ्तान 'बाबा'को उचाइ ५ फिट ८ इन्च छ । ड्राइभिङ पेसामा कार्यरत अनिलले प्लस टुसम्मको अध्ययन पूरा गरेका छन् । २५ वर्षीय अनिल गहुँगोरो वर्णका छन् । मनको कुरा बुझ्ने, सुखदुःखमा साथ दिने जीवनसाथीको खोजीमा रहेका अनिललाइ कलंकी, काठमाडौं-१४ मा पत्राचार गर्न सकिन्छ ।

५ फिट ८ इन्च उचाइका दिनेश शर्मा 'डेनिस' ले प्लस टु अध्ययन पूरा गरेका छन् । २० वर्षीय दिनेश हालसम्म अविवाहित छन् । पत्रमित्रता, अध्ययन तथा भ्रमणमा रुचि राख्ने दिनेश धनी-गरिबको भेदभाव नराख्ने, मित्रता नतोड्ने, छोटा पहिरन नलगाउने युवतीलाई साथी बनाउने चाहना राख्छन् । दिनेशलाई साथी बनाउन चाहनेले दुलेगौंडा-९ बेलचौतारा, तनहुँमा पत्राचार गर्न सक्छन् ।

कुपन सन्देश

सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।

पाउने :

पठाउने :

सन्देश :

साप्ताहिक साथीका लागि फर्म

साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।

नाम : ....

उमेर : .... उचाइ : ....

पेसा : .... शिक्षा : ....

स्वभाव :...................................... वैवाहिक स्थिति : ....

अभिरुचि : ....वर्ण : ....

इमेल : ....

ठेगाना :..

तपाई कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

....

....

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

राजापुरको रेडलाइट एरियामा रौनक छैन

राजापुर (बर्दिया)– डेढ दशकअघिको रौनक छैन अब राजापुर गाविसको अनन्तपुर रेड लाइड एरियामा । साँझ पर्नासाथ ओठमा लाली टल्काउँदै, जीउमा अत्तर अनि आकर्षक पोसाकमा गीत गाउँदै ग्राहक तान्न सडकमा आउने बदिनीहरू अर्थात् अनन्तपुर भारतका मुम्बई, कोलकाता अथवा दिल्लीका रेडलाईट एरियाभन्दा कम थिएन ।

भीडभाड हुने यो क्षेत्र अहिले विरान छ । मुलुक परिवर्तनसँगै बादी समाजमा निकै परिवर्तन देखिएको छ । बादी समुदाय २०१०-०११ सालमा सल्यानबाट राजापुर, पत्थरबोझी, बनघुस्री आदि क्षेत्रमा आएको बताउँछन् । देहव्यापार पेसा क्रमशः न्युन हुँदै गए पनि फाट्टफुट्ट रूपमा लुकीछिपी चलिरहेको बादीहरू बताउँछन् । यहाँका अधिकांश बदिनी देहव्यापार त्याग्दै वैवाहिक जीवनमा बाँधिन थालेको मालु नेपाली (बदिनी) बताउँछिन् । बादी समुदायका अगुवा काली नेपाली भन्छन्– 'ब्राह्ण, क्षेत्री, ठकुरी, थारु, बादी र भारतीय नागरिकसँग चेलीहरूले वैवाहिक जीवनमा बाँधिसकेका छन् । राजापुर–६ मा बादी समुदायको कुल ३० घरपरिवार छ । वैवाहिक सम्बन्धमा गाँसिएका बदिनीहरूले मर्यादित जीवन बिताउदै पसल वा खेती गरी आय आर्जन गरी रहेको उनले बताए।

मादल बजाउने, गीत गाउने, नाच्ने र माछा मार्ने उनीहरूको पुर्ख्यौली पेसा भए पनि पछि गएर यौन व्यवसायमा लागेको बादीहरू बताउँछन् । नेपालीले भने– हाम्रा चेलीबेटीहरू सम्मानित जीवन बिताउन चाहन्छन् । राजा-रजौटाले विवाह, भोज-भतेरमा गीत गाउन, नचाउन लान्थे, पछि उनीहरूले यौनशोषण गर्दै पेसामा लाग्न बाध्यता गराएको आरोप बादीहरूको छ । अहिले यो समुदायका बालबालिका स्थानीय अमर सहिद दशरथ चन्द उच्च माध्यमिक विद्यालयमा पढ्न जाने गरेका छन् । यो क्षेत्रबाट बादी समुदायका कोही पनि एसएलसी उत्तीर्ण नभएको मालु नेपालीले बताइन् ।

अधिकांशले देहव्यापार पेसा त्यागे पनि पाँच-सात जनाले लुकी-छिपी यो व्यवसाय अँगालेको निरु नेपालीले बताइन् । अधिकांश भारतीय र त्यसपछि नेपाली ग्राहक आउने यस क्षेत्रमा सबैको निगरानीले खुलेआम पहिलेको जस्तो व्यवसाय हुँदैन । यो समुदायमा हालसम्म कसैलाई एड्स नभएको दाबी उनीहरूको छ । यौनसम्पर्क राख्ने ग्राहकले अनिवार्य कन्डमको प्रयोग गर्नुपर्छ । नटेर्ने ग्राहकलाई हामी सम्पर्क राख्न दिँदैनौ, -रैतवी नेपालीले भनिन् ।

बादी समुदाय पश्चिममा सल्यान, दाङ, बाँके, सुर्खेत, बर्दिया, कैलाली आदि जिल्लामा छरिएको छ । कैलालीको मुढा, सत्ती, बाँकेको गगनगन्ज, सुर्खेतको छिन्चु, दाङको घोराही, लमही र बर्दियाको पत्थरबोझी, वनघुस्री, १२ नम्बर आदि ठाउँमा बादीहरूको बसोबास छ । रोजगारी नपाएका एक दर्जनभन्दा बढी बादी भारतको मुम्बईलगायतका सहरमा पुगेका छन् । व्यवसाय छाडेका कतिपयले राजापुरलगायत कैलालीमा पसल थापेर आयआर्जन गरेको उनीहरू बताउँछन् ।

सरकारी तथा गैरसरकारी संघ-संस्थाले कुनै सहयोग नगरेका कारण पेट पाल्न केही यस्तो पेसा अँगाल्न बाध्य भएको उनीहरूको गुनासो छ । सरकारले यसतर्फ गम्भीर भै आयमूलक कार्यक्रम ल्याए यौन व्यवसायमा बाध्यतावश लागेकाहरूले पनि यो पेसा त्याग्दै सुन्दर जीवन बिताउने दाबी उद्योग व्यापार संघ, राजापुरका अध्यक्ष मानबहादुर क्षेत्री बताउँछन् । केही वर्षअघि केही गैरसरकारी संघ-संस्थाले यो समुदायका लागि सीपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरेका थिए तर अहिले त्यसले निरन्तरता पाएको छैन, -मालुले बताइन् ।

–कमल पन्थी

प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?

प्रेमविवाह नै राम्रो नि। किनकि अहिलेका युवायुवती सबैले प्रेम गरिसकेका हुन्छन् अनि फेरि परम्परागत विवाह गर्दा आफूले प्रेम गरेकी युवतीलाई पाइन्न कि भन्ने डर।

नारायण कुँवर

प्रेमविवाह राम्रो नि। के गर्नु पहिले थाहा भएन र परम्परागत विवाह गरियो। अहिले जीवन नै डामाडोल भएको छ।

कमल जिसी (२५)

यस्तो विवाहमा दुई व्यक्तिबीच आपसी सम्झदारी कायम हुन्छ र आफ्नो प्रेमीसँग विवाह गरेको खण्डमा अगामी दिनहरू सजिलै बित्छन् र आफ्ना हरेक इच्छा-आकांक्षाहरू पनि सजिलै पूरा हुन्छन्।

सुजिता पौडेल, चितवन

म चाहिं प्रेमविवाह नै राम्रो हुन्छ भन्छु किनभने प्रेमविवाहमा एक-अर्काको भावना राम्रोसँग बुझिएको हुन्छ र ऊसँग लाइफ बिताउन सजिलो हुन्छ।

गोपाल सुब्बा (१९)

मलाई त प्रेमविवाह नै राम्रो हुन्छ जस्तो लाग्छ, किनभने प्रेमविवाहमा मिसअन्डरस्ट्यान्डिङको सम्भावना कम हुन्छ अनि गोप्य कुरा, मेरो पनि प्रेमविवाह हुने प्रवल सम्भावना छ।

मीनबहादुर परियार, सिरहा

प्रेमविवाह राम्रो हुन्छ। प्रेममा एक-अर्काको बानी-व्यवहार विवाहअगावै थाहा पाइन्छ।

अनिल विश्वकर्मा (१७), **सिरहा**

प्रेमविवाह, किनभने पहिलेदेखिका अनुभवी हुन्छन्।

bhai_bibekpearl@yahoo.com

प्रेमविवाहभन्दा परम्परागत विवाह नै राम्रो हुन्छ। किनभने प्रेमविवाह भनेको केही दिनका लागि मात्र हुन्छ, यसले पछिको सम्बन्धलाई निरन्तरता दिन सक्दैन तर परम्परा विवाहले सबैको मन जिती समाजमा पनि राम्रो व्यवहार देखाउँछ। त्यसैले परम्परा विवाह नै राम्रो हुन्छ।

देवराज दाहाल

मलाई त प्रेमविवाह नै राम्रो लाग्छ। किनभने जीवनसाथीलाई राम्रोसँग बुझ्ने मौका पाइन्छ।

नन्दलाल श्रेष्ठ, (२४), **सिन्धुली**

प्रेमविवाह, किनकि प्रेम दुई आत्माको मिलन हो।

प्रदीप चौलागाईं, देवघाट

● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. सबैभन्दा ठूलो धर्म के हो ?
२. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
३. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
४. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
५. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
६. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
७. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
८. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
९. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
१०. पढेर जानिन्छ कि परेर ?

● यौन जिज्ञासा र समाधान ●

डा. राजेन्द्र भद्रा

प्रश्न : म सानैदेखि (९ देखि १५ वर्षको उमेरमा) १२ जना केटासँग यौनआनन्द लिन्थे। हामीहरू एक-अर्काको लिंग पनि खेलाउँथ्यौं। त्यो उमेरमा मलाई युवतीहरूसँग पनि यौनसम्पर्क राख्न रुचि हुन्थ्यो, तर अहिले आफैंले मूल्यांकन गर्दा केटीसँग यौनसम्पर्क राख्न त्यति रुची लाग्दैन, तर केटाहरूसँग भने विभिन्न किसिमले यौन आनन्द लिन्छु। अहिले मेरा करिब पाँच जना पुरुष यौन साथी छन्। उनीहरूसँग म मुखमैथुन, हस्तमैथुन र गुद्धद्वार मैथुन गराएर यौनसन्तुष्टि लिन्छु र उनीहरूलाई पनि सन्तुष्ट पार्छु। मेरो लिङ्ग अरूको दाँजोमा सानो छ, अर्थात् १३ सेन्टिमिटर लम्बाइ र १० सेन्टिमिटर मोटो छ। मेरो स्खलन पनि चाँडै हुन्छ। मेरो हिंडाइ-बोलाइ पनि केटीकै जस्तो छ भन्छन्। त्यसैले मैले विवाह गरेपछि धेरै दुःख पाउँछु जस्तो छ। मैले के गर्नुपर्ला ? कहाँ जानुपर्ला ? मेरो व्यवहार कसरी परिवर्तन गर्न सकिन्छ ?

–बी.एस

उत्तर : तपाईंको यौन परिचय

मानिस जन्मजात नै यौनिक हुने भए पनि किशोरावस्थामा विशेष गरी यौनभावना प्रबल हुनुका साथै स्पष्ट रूपमा प्रकट भएर आउँछ। यसरी आउने यौनभावनाको कुरा गर्दा हामी सामान्यतः विपरीत लिङ्गप्रति आकर्षित हुन्छौं र धेरैजसो पुस्तक-पत्रपत्रिकाहरू पनि यसरी नै प्रस्तुत भएको पाउँछौं, तर अर्को यथार्थ के हो भने धेरैजसो व्यक्तिका लागि यो कुरा सत्य भए पनि सबैका लागि सत्य नहुन सक्छ। कतिपय व्यक्ति समान लिङ्ग भएकै व्यक्तिप्रति यौनका दृष्टिकोणले एक-अर्काप्रति आकर्षित हुन्छन्। यौनका दृष्टिकोणले विपरीत लिङ्गीप्रति आकर्षित हुने व्यक्तिलाई हामी 'विपरीत लिङ्गी' यौन परिचय भएको व्यक्ति भन्छौं, आफ्नो जस्तै समान लिङ्ग भएको व्यक्तिप्रति आकर्षित हुन्छन् भने 'समलिङ्गी' यौन परिचय भएको व्यक्ति भन्छौं।

किशोरावस्थाको उतार-चढावका केही वर्ष विभिन्न किसिमका क्रियाकलापमा संलग्न हुने चाहना हुन्छ र कतिपय आफूलाई नौला लाग्ने कुरा प्रयोग गर्न खोज्छन्, तर पछि आफ्नो प्राकृतिक स्वभावमा मिल्ने क्रियाकलापमै संलग्न हुन्छन्। तपाईंको केटीसँगको रुचि यसैका कारणले भएको हुनुपर्छ। कोही दुवै थरीका लिङ्गप्रति आकर्षित हुन्छन्, जसलाई द्विलिङ्गी भनिन्छ।

विवाह गर्दा दुःख हुन्छ ?

सामान्यतः समाजमा धेरैजसो व्यक्तिले अनुसरण गर्ने व्यवहार तथा चलनलाई नै ठीक मानिन्छ र त्यसदेखि बाहिरको व्यवहारलाई अप्राकृतिक मानिन्छ, तर यथार्थ के हो भने प्राकृतिक नै भए पनि धेरै जनाले गर्नेभन्दा फरक किसिमको व्यवहार गर्ने व्यक्तिहरू पनि समाजमा पाइन्छन्। समलैंगिकतालाई संसारका धेरैजसो समाजले तटस्थ भएर नहेर्ने भएकाले परिवार अनि समाजका अरू मानिसलाई थाहा भए त्यसका विभिन्न अप्ठ्याराहरूको सामना गर्नुपर्ने हुन्छ। तपाईंले महिलासँग विवाह गर्ने कि पुरुषसँग विवाह गर्ने भन्ने कुरा खुलाउनुभएको छैन।

अहिलेको समाजको कुरा गर्दा, तपाईंको कुनै महिलासँग विवाह भए पनि पुरुषसँग विवाह भए पनि त्यसका आफ्नै अप्ठ्याराहरू हुन सक्छन्। तपाईं यदि पूर्ण रूपमा समलैंगिक हुनुहुन्छ भने त्यसलाई परिवर्तन गर्न गाह्रो हुनेछ। परिवर्तन गर्ने यस्ता प्रयासहरूले समलिङ्गी व्यक्ति स्वयं तथा सम्बन्धीहरूलाई कठिनाइ नै थप्छ। त्यसैले सबैभन्दा राम्रो उपाय मानसिक तथा सामाजिक दुवै तवरले तालमेल मिलाउने प्रयास गर्नुपर्छ। आफ्नो यौन परिचयसँग भएको आफ्नै मानसिक द्वन्द्व कम गर्न परामर्श लिन सकिन्छ। अर्कातिर तपाईंका आफन्त, छिमेकी तथा साथीभाइका लागि पनि यो त्यति सजिलो विषय हुँदैन र उहाँहरूलाई पनि तपाईंको स्थिति र यसको प्राकृतिकताको कुरा सम्झाई सामाञ्जस्यता ल्याउने प्रयास अपरिहार्य हुन्छ। समलैङ्गिकताको क्षेत्रमा कार्य गरिरहेका संस्थाहरूले पनि तपाईंलाई मद्दत गर्न सक्छन्।

कसरी एचआईभीबाट सुरक्षित बनाउने ?

यौनसम्पर्कबाट एचआईभी वा यौनरोग सर्ने कुरा त धेरैलाई थाहै छ, तर यहाँ विभिन्न यौन क्रियाकलापअनुसार एचआईभी सर्ने जोखिम पनि फरक-फरक हुन्छ। सामान्यतः यस्तो जोखिम विशेष गरी हाम्रो शरीरबाट निस्कने तरल वस्तुको प्रकार र त्यसको सम्पर्कमा कत्तिको पाइन्छ भन्ने आधारमा गरिन्छ।

त्यस्ता तरल पदार्थ एक-अर्काको सम्पर्कमा नआउने किसिमको क्रियाकलापमा एचआईभी सर्ने सम्भावना हुँदैन, त्यसैले त्यसलाई जोखिम नभएको मानिन्छ। सुख्खा चुम्बन, अन्य कुनै चिल्लो पदार्थ प्रयोग गरेर साथीले गरिदिएको हस्तमैथुन वा स्वस्थ छालामा दिसा वा पिसाबको सम्पर्क यसका उदाहरण हुन्। अर्को थरी जसमा सैद्धान्तिक रूपमा एचआईभी सर्ने सम्भावना भए पनि वास्तविक रुपमा एचआईभी सरेको कुनै घटना नभए त्यसलाई सैद्धान्तिक जोखिम भनिन्छ। थूकको सम्पर्क हुने गरी गरिने चुम्बन, कन्डम लगाएर गरिएको मुखमैथुन, औंला यौनअंगमा पसाउनु, यौन अंगबाट आएको रसको सम्पर्कमा आउने गरी साथीबाट गरिएको हस्तमैथुन यसका उदाहरण हुन्। रगत, वीर्य वा योनिरसको सम्पर्कमा आउने भए पनि थोरैलाई मात्र यसरी सर्ने गरेको देखिएको यौन क्रियाकलापलाई कम जोखिमपूर्ण मानिन्छ। कन्डम नलगाई गरिएका मुखमैथुन वा कन्डम लगाई गरिएका योनि तथा गुदामैथुन यसका उदाहरण हुन्। रगत, वीर्य वा योनिरसको सम्पर्कमा आउने र धेरैलाई सर्ने यौन क्रियाकलापलाई धेरै जोखिमपूर्ण भनिन्छ। कन्डम नलगाई गरिएका योनि तथा गुदा मैथुन यसका उदाहरण हुन्। तपाईंले आफ्नो क्रियाकलापलाई कत्तिको जोखिममा पर्दो रहेछ भन्ने कुरा थाहा पाइसक्नुभयो होला। सानै उमेरदेखि तपाईंको त धेरै जनासँग यौनसम्पर्क भैसकेको रहेछ, अनि जति धेरै यौनसाथी त्यति नै जोखिम बढ्ने सम्भावना हुन्छ भन्ने कुरा पनि बिर्सनु हुँदैन।

के तपाईमा यौन सम्बन्धी समस्या छ ?
पुरूषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।
सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।
महिला वा पुरुषहरूमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२

नि:शुल्क ब्युटिसियन तालिम
विदेशबाट तालिम प्राप्त ब्युटिसियनहरुबाट अत्याधुनिक मेशिनबाट Basic, Advance, Diploma, Teachers Trainings Beautician course संचालन हुँदैछ। तालिम पछि पार्लर खोल्न सक्ने।
विदेश जानेहरुको लागि Special Short Course पनि उपलब्धछ।
साथै Hair Straight र Permining Guaranteeकासाथ गरिन्छ।
Sabina Beauty Care & Training Centre
पकनाजोल चोक (People's Campus नजिक)
९८४१५५४७५७, ४२५१६३५

प्लाष्टिक सर्जरी
प्लाष्टिक तथा कस्मेटिक सर्जरीको लागि
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हात्तिवन, हरिसिद्धि, ललितपुर
फोन : ५२५०६६५
Website : www.nepsanepal.com

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

थाहै नदिई जाँड-रक्सी छुटाउन
यौन शक्ति शीघ्र स्खलन रोकी, उत्तेजना बढाउने Imported Japani Oil
• मोटोपना घटाउन/तौल बढाउन १२ Kg सम्म
• अनुहारको चाँया-पोतो, Pimples साथै Wrinkles को ग्यारेण्टी उपचार
Breast Care @ 1275/-
डेलिभरि सुविधा
0% Side Effect, 100 % effective
4442133, 4438630
98511-10326, 9845159169 चितवन:

सीमापारिका मोबाइलमा नेपाली गीत

शिव मुखिया

मोबाइल रिङ टोन (आरबीटी) र कलर रिङ ब्याक टोन (सीआरबीटी) मा नेपाली, हिन्दी तथा अंग्रेजी गीत उपलब्ध गराउँदै आएको डिजिटेनमेन्ट प्रा.लि.ले आफ्नो सेवा थप विस्तार गरेको छ। उसले नेपाली गीतलाई भारतीय टेलिकममार्फत विस्तार गरेको हो। भारतका एयरटेल, भोडाफोन, टाटा इन्डिकम वा रिलाइन्समध्ये कुनै पनि मोबाइल सेवाबाट नेपाली गीत सुन्न सकिने सुविधा डिजिटेनमेन्टले उपलब्ध गराएको हो। 'अब भारतका मोबाइल प्रयोगकर्ताहरूले समेत नेपाली गीत डाउनलोड गरेर आरबीटी एवं सीआरबीटीमा राख्न सक्नेछन्,' डिजिटेनमेन्टका ज्ञानेन्द्र शाक्यले साप्ताहिकसँग भने- 'यसले नेपाली गीतलाई सीमापारिसम्म फैलाउन मद्दत गर्छ।'

भारतीय मोबाइल सेवा प्रयोग गरिरहेकाहरूका लागि डिजिटेनमेन्टले गीतको कोड उपलब्ध गराउनेछ। आफ्नो म्यासेज बक्समा गीतको कोड लेखेर पठाएपछि आफ्नो मोबाइलको आरबीटी र सीआरबीटीमा गीत डाउनलोड गर्न सकिनेछ। यसका लागि टाटा इन्डिकम प्रयोगकर्ताले १२८०० मा, रिलाइन्स प्रयोगकर्ताले ५१२३४ मा र भोडाफोन प्रयोगकर्ताले ५६७८९ मा गीतको कोड टाइप गरेर सन्देश पठाउनुपर्नेछ। एयरटेल प्रयोगकर्ताले भने गीतको कोड डायल गरेर मन परेको गीत राख्न सक्नेछन्। 'भारतमा ठूलो संख्यामा नेपाली छन्,' शाक्य भन्छन्- 'उनीहरूले आफ्नो मोबाइल सेटमा नेपाली गीत राखेर गर्व गर्न सक्छन्।'

डिजिटेनमेन्टले आइपियुस मार्फत पनि नेपाली गीत उपलब्ध गराएको छ। आइपियुसमा उपलब्ध गीत इँएस, युके, अस्ट्रेलिया, जापान आदि मुलुकका प्रयोगकर्ताले इन्टरनेटको माध्यमबाट आफ्नो मोबाइलको रिङ टोन वा कलर रिङ ब्याक टोनमा राख्न सक्नेछन्। यसका लागि हाल १० हजार उत्कृष्ट नेपाली गीत आइपियुसमा पठाइसकेको डिजिटेनमेन्टले जनाएको छ। प्रयोगकर्ताले डब्लु डब्लु डब्लु डट आइपियुस डटकममा गएर आफ्नो रोजाइको नेपाली गीत डाउनलाड गरेर मोबाइलमा राख्न सक्छन्।

डिजिटेनमेन्टले विस्तार गरेको यो सेवाले मोबाइल प्रयोगकर्तालाई मात्र फाइदा पुग्नेछैन, यसले नेपाली गीत-संगीत क्षेत्रमा आबद्ध व्यक्तिहरूलाई समेत राम्रै लाभ मिल्नेछ। सानो क्षेत्रमा सीमित नेपाली गीत-संगीतले फराकिलो ठाउँ त पाउनेछ नै, यसमार्फत भित्रिने रोयल्टीले समेत सर्जकहरूलाई सहयोग पुग्नेछ। 'प्रयोगकर्ताले प्रयोग गरेको आधारमा भित्रिने रोयल्टी ती सम्बन्धित गीतका गायक-संगीतकारले पाउनेछन्।' शाक्य भन्छन्। डिजिटेनमेन्टले नेपालमा नेपाल टेलिकम र मेरो मोबाइल प्रयोगकर्ताको लागि आरबीटी र सीआरबीटी सेवा प्रदान गर्दै आएको छ।

सोनु भइन् डान्सिङ स्टार

बुटवल– १ हजार ५ सयभन्दा बढी प्रतिस्पर्धीलाई पछि पार्दै बुटवलकी सोनु घिमिरे घिन्ताङ नेपाली डान्सिङ स्टारको उपाधि जित्न सफल भइन्। एनटिभी-२ बाट प्रसारण हुँदै आएको नृत्य प्रतियोगिताको फाइनलमा काठमाडौंकी केकी अधिकारी र सन्तोष भुजेललाई पछि पार्दै सोनुले उपाधि जितेकी हुन्। यी तीन जनाबीच दर्शकले पठाएको एसएमएस भोटका आधारमा उपाधि घोषणा गरिएको हो।

उपाधि विजेता सोनुले २७ हजार २ सय ७५ र ७ सय २५ तथा सन्तोषले १ हजार ६ सय ४५ मत मात्र पाएका थिए। बुटवलको अरनिको मेमोरियल बोर्डिङ स्कुल कक्षा ९ मा अध्ययनरत १४ वर्षीया सोनु काठमाडौंबाहिरकी एक मात्र प्रतियोगी हुन्। उपाधिसँगै सोनुले ५० हजार नगद, निर्देशक श्याम भट्टराईको चलचित्रमा अभिनय गर्ने अवसर तथा अन्य उपहार पाएकी छिन्। आयोजकले गरेको एक वर्षको अनुबन्धको प्रस्ताव भने उनले पढाइका कारण अस्वीकार गरिन्। उपाधि जितेपछि सोनुलाई विभिन्न संघ-संस्थाले बाजागाजासहित अबिरजात्रा गरेर सम्मान गरे। लुम्बिनी अञ्चलस्तरीय किड्स ट्यालेन्ट सोमा नृत्यतर्फ प्रथम भैसकेकी सोनुले भविष्यमा नृत्य प्रशिक्षक बनेर बुटवलको गरिमा उचो बनाउने लक्ष्य रहेको बताइन्।

– टोपराज शर्मा

कक्षा ९ वा TEST/S.L.C. फेल हुनुभयो ?
सिधै कक्षा १० मा भर्ना भई S.L.C. पास गर्नुहोस्।
प्राइभेट SLC मा भर्ना खुल्यो
➢ कक्षा ८ पास गरी पढाइ छाड्नेहरुको लागि समेत
सम्पर्क:
SEA PUBLIC ACADEMY
Galkopakha, Thamel
Ph :- 4351046, 9851093445
जि.शि.का.बाट अनुमति प्राप्त, प्राइभेट जगतमा चिर परिचित नाम

Protein Hair
फोन: ४११०७३३

एकता, विस्तार र गुणस्तरीयता, शिक्षामा बर्षौदेखिको हाम्रो प्रतिवद्धता ।
प्राईभेट TEST/SLC 2066
को लागि कक्षा १० मा
नयाँ भर्ना खुल्यो
कक्षा ९ वा टेष्ट/एस.एल.सी. फेल भएका, कक्षा ८ वा ९ उतीर्ण गरी विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि कक्षा १० मा धमाधम भर्ना लिईदैछ।
Shift: Morning/Day
Medium: Nepali/English
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
कालीमाटी
Merit Academy
Ph: 4285664
चावहिल
Bright Future
Ph: 4463073
काटेश्वर
Harvard Int'l Academy
Ph: 4601434

बाटो पत्ता लगाउनु होस्



पत्याउनु हुन्छ ?



अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री बब हकले एक पटक १२ सेकेन्डमा १ दशमलव १८ लिटर बियर पिएका थिए ।

दिल्लीको द ग्राण्ड होटलमा ग्राहकलाई बिक्री गरिने मोर्टलाक ह्विस्की १९३६ विश्वमै सर्वाधिक महँगो मूल्यमा बिक्री हुने ह्विीस्की ब्राण्ड हो । उक्त ह्विस्की एक प्यागको २४ हजार भा.रु. र १ बोतलको ६ लाख भा. रु. पर्छ ।

विश्वभर मदिरा पारखीहरूले मदिराजन्य पेयपदार्थका लागि प्रतिवर्ष १६ खर्ब ६० अर्ब डलर खर्च गर्ने गरेका छन् ।

साप्ताहिक कोठेपद- १

१									■
	२							■	३
		४					■	■	
			५			६			
				७				८	
	■				■	९			१०
११				१२		■	१३		
	■	■	१४	१५			■		
	■	१६		१७					
■	१८			१९					

दायाँ

१ नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता (९)
२. रूसको एक प्रसिद्ध सहर (७)
४. विश्वविद्यालयबाट दिइने विशेष उपाधि (५)
५. कृष्णको एक नाम (४)
६. न्याय दिने व्यक्ति बस्ने आसन (४)
७. काठमाडौंको एक बस्ती (६)
९. हिन्दू धर्मग्रन्थ (३)
११. सबैभन्दा सानो (४)
१२. जग्गा दर्ता किताब (२)
१३. महिला (३)
१५. दल्ने काम (३)
१६. शान्ति, चैन (३)
१७. सम्मान भावले शिर निहुराउनु (५)
१८. रामायणका एक पात्र (३)
१९. न्युजिल्यान्डका क्रिकेटर (६)

तल

१. हास्यकलाकार (७)
२. सेवा गर्न योग्य (४)
३. हावा (३)
४. पग्लेको, गलेको (४)
५ एक प्रकारको मिठाई (४)
७. समर्थन गर्ने काम (५)
८. सेनापति (५)
१०. अशेष मल्लको कृति (५)
११. रामका भाइ (३)
१४. मनोरञ्जनका निम्ति गरिने विलास (३)

१० वटा फरक खोज्न सक्नु हुन्छ ?



अंक र अक्षर चिन्नुहोस



तल दिइएको चित्रमा लुकेका जनावरहरू पत्ता लगाउनुहोस्



दस मिनेटमा

पुरुषले महिलामा खोज्ने कुरा

सम्भवतः सबैले के सोच्छन् भने पुरुषले महिलामा खोज्ने कुरा सुन्दर मुहार र फिगर हो, तर पुरुषले महिलालाई हेर्दा दस मिनेटमा खोज्ने कुरा अनुमान लगाएभन्दा धेरै फरक हुन सक्छ।

पहिलो मिनेटमा

के महिला आकर्षक छिन्– प्राकृतिक रूपले नै पुरुष महिलाको शारीरिक आकर्षणप्रति मोहित हुन्छन्। यद्यपि सुन्दर मुखाकृति, आकर्षक फिगरसँगै अन्य कुरा पनि उत्तिकै प्राथमिकतामा रहन्छ। हुन सक्छ, मात्र हाँसो नै आकर्षणका लागि पर्याप्त होला। यसका अतिरिक्त आवाज, उठ्ने-बस्ने तरिका, कुरा गर्ने शैली आदिले महिलालाई पुरुषको नजरमा आकर्षक बनाउँछ।

दोस्रो मिनेटमा

के उनको आफ्नो स्टाइल छ– स्टाइलिस देखिन डिजाइनर वा ब्रान्डेड पहिरनमै सजिनु आवश्यक छैन। यसमा धेरै धनराशि पनि खर्चिनु पर्दैन। पुरुषलाई ट्रेन्डी युवती आकर्षक लाग्छन्। अलग शैली र अन्दाजको सलबार-सुट, जिन्स वा साडीको छनौट कुनै पनि पुरुषको नजरमा विशेष बन्न पुग्छ।

तेस्रो मिनेटमा

के उनमा लालच छ– युवतीको पहिलो वाक्य नै 'मलाई के गिफ्ट दिने' बाट प्रारम्भ हुन्छ भने त्यहाँ पुरुषले तुरुन्तै अनुमान लगाउन सक्छ, उनी आफूप्रति भन्दा पर्समा बढी रुचि राखिरहेकी छिन्। अन्य कुरामा पनि यदि घुमीफिरी कुरा पैसामै आएर अडिन्छ भने वा ख्यालठट्टामै भए पनि पैसाकै कुरा हुन्छ भने युवतीमा पैसाप्रति लालच छ भन्ने बुझ्न सकिन्छ।

चौथो मिनेटमा

के मलाई प्रयोग गरिरहेकी त छैनन्– कैयन् अवस्थामा युवतीहरू आफूले रोजेको युवकलाई आफ्नो बनाउन, उसका मित्रलाई सिँढीका रूपमा प्रयोग गर्छन्। पुरुषहरू यस विषयमा बढी सावधान हुन्छन्। उनीहरू सुन्दर युवतीले आफूप्रति रुचि राख्दैछिन् भन्ने थाहा पाएपछि त्यसपछाडिको कारण जान्न चाहन्छन्, कतै आफूलाई प्रयोग गर्न खोजिरहेकी त छैनन् ? त्यसैले पुरुषहरू विनम्रतापूर्वक केही समय कुरा गर्ने मनको सफा युवतीलाई कम आकर्षक भए पनि रुचाउँछन्। परन्तु चारा हालेर आफूतिर आकर्षित गर्न खोज्ने सुन्दर युवतीप्रति शंका गर्छन्– कतै आफू प्रयोग त भैरहेको छैन ?

पाँचौं मिनेटमा

कतै पहिलेदेखि नै ब्वाइफ्रेन्ड त छैन– अधिकतर पुरुष युवतीका सामु चिया-कफीको प्रस्ताव राख्छन्। यदि युवती सहज रूपमा उक्त प्रस्तावप्रति समर्थन जनाउँछिन् भने केटी पट्टिई भन्ने अनुमान पुरुषको हुन्छ, तर यदि युवतीले आनाकानी गरे, बहाना बनाए वा सकारात्मक उत्तर नदिए युवती पहिले नै बुक भैसकेको अनुमान लगाइन्छ।

छैटौं मिनेटमा

कतै सम्बन्ध स्थापित गर्न आतुर त छैन– यदि युवतीले कुनै युवकसित पहिलो परिचयमै उसको नामका पछाडि जी नलगाई नामबाटै सम्बोधन गर्ने वा नामलाई छोट्याएर सहजता अँगाल्नु खोजे पुरुषले युवतीको मनोभावना राम्रोसँग बुझ्छन्।

सातौं मिनेटमा

कतै आफूसित झुन्डिने त होइन– यदि कुनै युवती मित्रताको सम्बन्धका बीच आफ्नो पूर्वब्वाइफ्रेन्डलाई फोन गर्छिन्, कुराकानीका बखत बारम्बार उसका कुरा गर्छिन् भने स्वाभाविक रूपमा ती युवतीको उनको पूर्व ब्वाइफ्रेन्डसितको सम्बन्ध अझै पनि टुटेको छैन। यो अवस्थामा पुरुषले आफूलाई ती युवतीको पूर्व ब्वाइफ्रेन्डको प्रतिस्पर्धीका रूपमा पाउँछ।

आठौं मिनेटमा

के उनी आफ्ना मित्रप्रति रुचि राख्छिन्– हरेक पुरुषलाई के कुराले महत्त्व राख्छ भने उसको जीवनमा आएकी युवतीले उसका मित्रहरूलाई आफूबाट कति कति टाढा राख्छिन् ? यदि कुराकानीका बखत आफ्ना मित्रहरूसित ख्यालठट्टा गर्छिन् भने यसले अवश्य पनि पुरुषको मनलाई जलाउँछ।

नवौं मिनेटमा

कतै उनी ईर्ष्यालु छिन् कि– यदि कुराकानीका बखत युवती आफ्नो फ्रेन्डलाई कसैले नहेरोस्, कोही तेस्रो व्यक्तिको उपस्थिति नहोस् वा कसैका बारेमा कुरा नहोस् भन्ने स्थिति रहे पुरुषले ती युवतीमा ईर्ष्याको अनुभव गर्न सक्छ। यस्तो प्रवृत्तिका कारण सम्बन्ध सुदृढ नहुने अनुमान लगाएर पुरुष यस प्रकारको स्वभाव भएका युवतीबाट चाँडै टाढिन चाहन्छन्।

दसौं मिनेटमा

के उनले रुचि लिइरहेकी छिन्– जुन युवतीसित उनको सम्बन्ध छ, ती युवतीले आफूप्रति रुचि राख्छिन् कि राख्दिनन् ? यदि उनी आफ्नो कुराप्रति ध्यान दिन्छिन्, बुझ्छिन् भने यो एउटा राम्रो संकेत हो। यदि कुराकानीका बखत कुनै तेस्रो व्यक्ति अचानक प्रवेश भए उक्त व्यक्तिप्रति बढी व्यस्त भएर आफ्नो परवाह नगरेपछि सम्बन्धका बारेमा पुनर्विचार गर्नुपर्ने अवस्था उत्पन्न हुनसक्छ।

–रोजिन शाक्य

> प्राकृतिक रुपले नै पुरुष महिलाको शारीरिक आकर्षणप्रति मोहित हुन्छन्। यद्यपि सुन्दर मुखाकृति, आकर्षक फिगरसँगै अन्य कुरा पनि उत्तिकै प्राथमिकतामा रहन्छ।
>
> पुरुषलाई ट्रेन्डी युवती आकर्षक लाग्छन्। अलग शैली र अन्दाजको सलबार-सुट, जिन्स वा साडीको छनौट कुनै पनि पुरुषको नजरमा विशेष बन्न पुग्छ।
>
> पुरुष विनम्रतापूर्वक केही समय कुरा गर्ने मनको सफा युवतीलाई कम आकर्षक भए पनि रुचाउँछन्। परन्तु चारा हालेर आफूतिर आकर्षित गर्न खोज्ने सुन्दर युवतीप्रति शंका गर्छन् कतै आफू प्रयोग त भैरहेको छैन ?

श्रीमतीको फिलिङ कसरी जान्ने ?

महिलाहरू जति भावुक हुन्छन् त्यति नै आफ्ना श्रीमान् वा प्रेमीप्रति नरम हुन्छन्। यौन क्रियामा कुनै आनन्दको अनुभूति नभए पनि उनी आफू पूर्णरूपले तृप्त भैसकेको दर्शाउने प्रयास गर्छिन्। उनलाई यौन क्रियामा तब अतृप्ति महसुस हुन्छ जब उनका श्रीमान् वा प्रेमी उनीप्रति संवेदनशील हुँदैनन्। वात्स्यायनले पनि यो कुरामा समर्थन जनाएका छन् कि पुरुषहरूले महिलालाई यो आनन्दोत्सवका लागि सस्नेह धन्यवाद दिनुपर्छ, किनकि कैयन् अवस्थामा महिलालाई पूर्णरूपमा आनन्द प्राप्त नभए पनि उनले यस विषयमा आफ्नो साथीलाई चाल पाउन दिन्नन्। यस्तो विशेषता महिलामा मात्र हुन्छ, पुरुषमा होइन। पुरुषमा धैर्यताको कमी हुन्छ र महिलाको यौन क्रियासम्बन्धी व्यवहार अलि कमजोर भैहाले उसले तुरुन्तै प्रतिक्रिया दिइहाल्छ। उनले यति पनि सोच्दैनन् कि उनी अरू होइनन् आफ्नै श्रीमती वा प्रेमिका हुन्। यद्यपि महिलाबाट यसप्रकार प्रक्रियामा प्रतिक्रिया आउने सम्भावना अत्यन्त कम हुन्छ।

यौन तृप्ति-अतृप्तिको मामिला सहज भने छैन। जस्तै कोही यदि आफूबाट खुसी छ भने उसले कमी-कमजोरी एवं गल्तीलाई बेवास्ता गर्छ र कुनै कमेन्ट पनि दिँदैन। यदि व्यक्ति रिसाएको छ भने वा इर्ष्या गर्छ भने उसले आफ्ना राम्रा पक्षलाई पनि सहन सक्दैन। ठीक यस्तै स्थिति वैवाहिक जीवनमा पनि हुन्छ। आपसी चाहना एवं रुचिमा श्रीमती श्रीमान्लाई चाहन्छिन्। बदलाको भावना, इर्ष्या र वैचारिक रूपमा मतभेद छैन भने यौन प्रक्रियामा श्रीमतीले श्रीमान्लाई पर्याप्त साथ दिन्छिन्।

यौन तृप्ति वा चरमसुख प्राप्त नभएको स्थितिमा पनि उनी तृप्तिको अनुभूति गर्छिन् अर्थात् मतभेद छैन भने श्रीमान्को कमजोर शारीरिक क्रियाप्रति कुनै गुनासो गर्दिनन्। यद्यपि मतभेद भए राम्रो क्रियाबाट पनि सन्तुष्टि प्राप्त हुँदैन। जसले यौन क्रियाको यो अर्थ राम्रोसँग बुझ्छन् उनीहरू स्वयं यसमा आनन्दको अनुभूति गर्छन् र आफ्नो साथीलाई पनि यसको आनन्द अनुभव गराउन क्रियाशील रहन्छन्। यस स्थितिमा पुरुषले के बुझ्नु आवश्यक छ भने श्रीमतीलाई यौन आनन्द तब मात्र प्राप्त हुन्छ जब उनले चरमसुखको अनुभूति गर्छिन्। श्रीमान्ले श्रीमतीले कस्तो अनुभव गरिरहेकी छिन् भनेर उनको मुहारको भावलाई पढ्नु आवश्यक छ। यदि श्रीमतीले यौन क्रियामा श्रीमान्को तुलनामा बढी रुचि लिएको अनुभव भए के बुझ्नुपर्छ भने उनलाई यौन आनन्द प्राप्त भैरहेको छ। यसैबेला श्रीमान्ले आफ्नो सक्रियता बढाउनुपर्छ जसले गर्दा श्रीमतीलाई परम आनन्दको अनुभूति प्राप्त होस्। यस्तो अवस्थामा श्रीमतीलाई कस्तो महसुस भैरहेको छ भन्ने कुरा सोधिरहनु आवश्यक हुँदैन। यदि श्रीमान्को नजर श्रीमतीको क्रियाकलाप र मुहारको भावमा भए श्रीमतीको अनुभूति राम्रोसँग बुझ्न सकिन्छ र सोहीअनुरूप श्रीमतीलाई सहयोग र साथ दिन सकिन्छ।

वात्स्यायनका अनुसार यौन वंशवृद्धिको माध्यम पनि हो। श्रीमतीकै कोखमा भावी पुस्ताको भ्रूण बीजारोपण हुन्छ, अतः यौनसम्पर्कमा श्रीमतीको विशेष रूपमा ख्याल राख्ने दायित्व श्रीमान्को हुन्छ। यी पलमा श्रीमतीले श्रीमान्बाट आर्गेज्मको अनुभूति गर्छिन् र उनको मनमा श्रीमान्प्रति कुनै इर्ष्या, द्वेष, रीस रहँदैन। अतः कोखमा आउने शिशु प्रसन्न मन भएको, स्वस्थ शरीर भएको हुन्छ। श्रीमान्ले के कुरामा विशेष ध्यान राख्नुपर्छ भने यौनसम्बन्ध मनोरञ्जनका लागि मात्र होइन गर्भधारणका लागि पनि हो। श्रीमतीलाई यो क्षण दुःख दिने, रीस देखाउने, मानसिक रूपमा दबाब दिने, अतृप्त बनाउने, उनको इच्छाको बेवास्ता गर्ने जस्ता व्यवहार गर्नुहुँदैन। यौन सम्बन्ध वंशवृद्धिका लागि नभएर शारीरिक इच्छाको पूर्ति वा मनोरञ्जनका लागि मात्र भैरहेको स्थितिमा पनि दुवै पक्षले एक-अर्काको चाहना एवं भावनाको कदर गर्दै प्रसन्नतापूर्वक यो प्रक्रियाको आनन्द लिनु आवश्यक छ। किनकि सन्तुष्टि तब मात्र प्राप्त हुन्छ जब दुवै पक्ष प्रसन्न मनले सक्रिय हुन्छन् र एक-अर्कालाई सहयोग एवं साथ दिन्छन्।

बाहुन-छेत्रीले घन्काए पञ्चैबाजा

नवदीप अजनवी

नुवाकोट, गोकर्ण खतिवडा दमाई होइनन्, जनै लगाउने खाँटी ब्राह्मण हुन् तर उनी सहनाई बजाउँदै विवाह र व्रतबन्धतिर कुद्छन्। उनका पिता गंगादत्त खतिवडा अहिले पनि पुरेत्याइँ गर्दै हिंड्छन्। गाउँका थुप्रै विवाहमा जग्गेमा बसेर मन्त्र पढ्दै विवाह गराउने पिता र जग्गे बाहिर पञ्चैबाजा टोलीमा सहनाई बजाउने छोरा सँगसँगै हुन्छन्। पिता गंगादत्तलाई छोरा गोकर्णले सहनाई बजाएकोमा कुनै अनौठो लागेको छैन, न त उनले आफ्नो 'जात' गएको नै मानेका छन्। पिता गंगादत्त छोराको कामलाई सामाजिक एवं सांस्कृतिक क्रान्तिका रूपमा लिन्छन्। हो, सीप र जाँगर भए सिर्जना र संस्कृतिलाई जातको पर्खालले छेक्दैन भन्ने कुरा गोकर्णले मात्र होइन खाल्टेका थुप्रै बाहुन-छेत्री युवाले प्रमाणित गरेका छन्।

नुवाकोटको पश्चिमी सिमानासँग जोडिएको धादिङ जिल्लाको खाल्टे गाविसको डाँडागाउँका बाहुन-छेत्री युवाहरूले पञ्चैबाजा बजाएर जातियताको परम्परागत पर्खाल भत्काएका छन्। कुनै बेला पञ्चैबाजा छुँदासम्म जात जान्छ भनेर 'छिटो' (पानी छर्कने) हालेर चोखो हुने सामाजिक संस्कारमा हुर्किएका बाहुन-छेत्रीले अहिले सबैलाई अचम्मित तुल्याउँदै विवाह र व्रतबन्ध आदि समारोहहरूमा आफैंले पञ्चैबाजा घन्काउँदै सहभागिता जनाइरहेका छन्।

यी युवाहरूले मानिसको मूल्यांकन जातका आधारमा नभै कामको बाँडफाँड र सीपका आधारमा हुन्छ भन्ने सन्देश फैलाउन पञ्चैबाजा बजाउन थालेको बताएका छन्। पुरानो सोंचाइबाट निर्देशित समाजमा सांस्कृतिक चेतना विस्तारका लागि उनीहरूले 'शुभप्रभात सांस्कृतिक परिवार' नामक समूह नै गठन गरेका छन्। यो परिवारमा बाजा बजाउने तथा नबजाउने तर बाजाको संरक्षण एवं सम्बर्द्धन गर्न चाहने स्थानीय युवाहरू सम्मिलित छन्। परिवारमा अहिले २६ जना २० देखि ३० वर्ष बीचका युवा सक्रिय छन्।

समूहका सदस्यहरू एकै स्वरमा भन्छन्- 'जातीय भेदभावका आधारमा कामको बाँडफाँड गर्ने चलन तोड्नुपर्ने मान्यतालाई स्थापित गर्न यो कार्य गरिएको हो।'

शुभप्रभात सांस्कृतिक परिवारले पञ्चैबाजाका लागि आवश्यक सहनाई, नरसिंगा, दमाह, ट्याम्के, झ्याली, ढोलकी आदि गाउँका २२ जना व्यक्तिसँग एक-एक हजार सापटी लिएर खरिद गरेका हुन्। उनीहरूसँग बाजा बजाउँदा लगाउने छुट्टै पोसाक पनि छ। कतैबाट विवाह, व्रतबन्धमा निम्ता आउनासाथ उनीहरू कालो टोपी, कालो स्टकोट, खैरो दौरासुरुवाल र एकै खालका कपडाका जुत्ता लगाएर निस्किहाल्छन्।

ब्राह्मण र छेत्रीहरू मात्र सदस्य रहेको यो समूहले औपचारिक रूपमा तीन वर्षअघि कोसिखोला (नुवाकोट-धादिङ सिमाना) को पुल उद्घाटन गर्दा पञ्चैबाजा बजाएको थियो। पञ्चैबाजाप्रति अत्यन्त लगाव राख्ने यो समूहले कसरी सिक्यो त बाजा बजाउन ? नरसिंगा बजाउन ठिक्क परेका ध्रुवप्रसाद खतिवडाले भने- 'बाजा किनेर घरमै ल्याई महिनादिनसम्म अभ्यास गरेपछि नजान्ने कुरै भएन।'

अहिले यो समूहको पञ्चैबाजा नुवाकोटको बुधसिङ, दुईपीपल, रातमाटे, तारुका, सिम्मुटार र धादिङको खाल्टे, कुमपुर, कल्लेरी केवलपुर, बैरेनी आदि गाउँमा घन्कने गरेको छ। कम्मरमा ढोलकी भिरेका दीपक खतिवडाले भने 'जातिगत काम भनेर नेपालीको पहिचान झल्कने संस्कृतिलाई लोप हुन दिनु हुँदैन।'

उनीहरूले उत्सवहरूमा एक हजारदेखि पाँच हजारसम्म शुल्क लिने गरेका छन्। बाजाको माग बढ्न थालेपछि अहिले उनीहरूले पारिश्रमिक पनि राम्रो पाउँदै आएका छन्। स्थानीय शिक्षिका अप्सरा रानामगर भन्छिन्- समाजमा आफूलाई कथित उच्च जात भन्नेहरूलाई यो एक प्रकारको गतिलो झापड हो। जान्नेले मन्त्र पढ्ने र बाजा बजाउने दुवै कार्य गर्न हुन्छ भन्ने मान्यता राख्न थालिसकेका छन् गाउँलेहरूले पनि। दमाई लिन गाउँदेखि टाढा-टाढा जानुपरेको घटना स्मरण गर्दै तारुकाका शिक्षक मदन बराल भन्छन्- 'विवाह, व्रतबन्धजस्ता उत्सवहरूमा बाजा बजाउने दमाई नपाएर हैरान हुन्थ्यौं तर बाहुनहरूले बाजा बजाउन थालेपछि निकै सजिलो भएको छ।'

यस भेकमा बाजा बजाउने धादिङको भोर्ले र नुवोकाटका तारुका, बुधसिङ, बेलकोटका दमाईहरू थिए तर दमाईहरू वैकल्पिक व्यवसायको खोजीमा गाउँबाट विस्तारै पलायन हुन थालेपछि बाजा बजाउने दमाईहरू जुटाउन चारैतिर भौंतारिनुपरेको तीतो अनुभव गाउलेहरूसँग छन्। उता वर्षौंदेखि बाजा बजाउँदै आएका केही दर्जी (परियार) लाई भने आफनो काम खोसिएकोमा पीर लागेको छ। तारुकाका सन्तबहादुर नेपालीले भने- 'वर्षमा आठ-दसवटा विवाहमा बाजा बजाउँदा यसो पैसाको मुख देख्न पाइन्थ्यो तर बिष्टहरूले नै बाजा बजाउन थालेपछि कहिलेकाहीं आउने दुई-चार पैसाको बाटो पनि बन्द भयो।'

नेपाली भिडियो अन्तिम चरणमा

अमेरिकी विदेश मन्त्रालय तथा यसका साझेदारहरूले अन्तर्राष्ट्रिय डेमोक्रेसी भिडियो च्यालेञ्ज प्रतियोगिताको अन्तिम चरणमा प्रवेश गर्ने १८ प्रतियोगी भिडियो सार्वजनिक गरेका छन्। यो अनलाइन प्रतियोगितामा सहभागीहरूलाई 'प्रजातन्त्र भनेको …' वाक्यांश पूरा गर्दै छोटो भिडियो पेश गर्न आह्वान गरिएको थियो, जसमध्ये सार्वजनिक मतदानबाट ६ वटा भिडियोलाईविजेताका छनौट गरिन्छ। मतदान अहिले खुला गरिएको छ र www.youtube.com/democracychallenge मा गएर अमेरिकी समयअनुसार जून १५ तारिख (२०६६ असार १) मध्यरातसम्म मतदान गर्न सकिनेछ।

विभिन्न ९५ देशका ९ सय प्रतियोगीमध्ये अन्तिम चरणमा प्रवेश गर्ने १८ भिडियो छानिएका हुन्, जसमा ब्राजिल, कोट डिभ्वा, जर्मनी, भारत, इरान, जापान, नेपाल, फिलिपिन्स, पोल्यान्ड, सर्बिया, सिंगापुर, संयुक्त अरब इमिरेट्स, युगान्डा, संयुक्त राज्य अमेरिका, उज्बेकिस्तान र जाम्बियाका भिडियो छन्। यी भिडियोले प्रजातन्त्रका बारेमा विभिन्न ठाउँका विचार र आवाज प्रस्तुत गर्छन्। अन्तिम चरणका प्रतियोगीहरू एक स्वतन्त्र निर्णायक समूहबाट छानिएका हुन्।

पश्चिमी गोलार्द्ध, युरोप, मध्यएसिया/उत्तर अफ्रिका, सब-सहारा अफ्रिका, दक्षिणी तथा मध्य एसिया, तथा पूवी एसिया/प्यासिफिक-हरेक क्षेत्रबाट एकएक गरेर जम्मा छ जना विजेताको घोषणा यही असारमा गरिनेछ। विजेताहरूलाई यही भदौ-असोजमा वासिङ्गटन, न्यूयोर्क र हलिउडको भ्रमणमा लगिनेछ। उक्त यात्रामा टेलिभिजन/चलचित्र सेटको भ्रमण, चलचित्रकर्मी, प्रजातन्त्रका पक्षधर, मिडिया तथा सरकारी अधिकारीसँगको भेट तथा विजेताको भिडियो प्रदर्शनजस्ता कार्यक्रम समावेश छन्।

साप्ताहिक Classified Advertisement

रोजगार

नयाँ अफिसको लागि कर्मचारी चाहियो ९७४११४६७२१

शिक्षित/अशिक्षित महिला/पुरुष तुरुन्त चाहियो ९०००।-६६३५४०१, ९८०३४२१५२६

Aupair girls 20 salary 30000 to 40000 5531884, 9803386712

सम्पर्क

Computer Laptop, I-pod, Chinese mobile & Branded mobile 100% repair & sales with home service 9841535094, 4785419

Test नदिइ SLC ४३६१७१२, सोह्रखुट्टे

लिङ्कको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क: ९८४१५०६१३४

स्तन घटाउन, बढाउन तथा गुप्ताङ्ग टाईट गर्न ९८४९०५११६१ (फोन लेडिजको लागि मात्र)

यौन सन्तुष्टि, लिङ्गको लम्वाई, मोटाई बढाउन, चाहे अनुसार

उपचार

शारीरिक तौल घटाउन, बढाउन, ४२७६०६८, ९८०३५०२२५९

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका कान्तिपुर बर्गीकृत संकलन काउण्टर तथा सिधा मोवाइल ९८४१-२०५९७७ मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

६० घण्टामै उद्घोषक !!
विल्कुलै नयाँ प्रयोग र प्रविधि
RJ/VJ/MC
प्रलोभन र आश्वासनमा नफस्नुहोस् ।
लगानी खेर जान सक्छ ।
सञ्चार क्षेत्रमा अझै पनि दक्ष सञ्चारकर्मीको आवश्यकता छ ।
आउनुहोस् ... हामी तपाईंको सहयोगी बन्छौं ।
JANAS MEDIA
Ph.: 9841457750, 2141246
(कोटेश्वर प्रहरी कार्यालयसँगै)

आवश्यकता
NGO बाट विगत ४ वर्षदेखि सञ्चालित संस्थालाई कर्मचारीहरुको आवश्यकता।
पार्टटाइम, फुलटाईम जबको व्यबस्था।
मासिक आम्दानी- ९५००+गाडीभाडा
सख्या- ७ महिला/७ पुरुष
योग्यता: साधरण लेखपढ, Test, SLC +2 + Computer
सम्पर्क:
२०७२५४५, ९८४१४९३०२६, ९८०३०७५९८१ चाबहिल
नोट: SLC +2 दिएका विद्यार्थीलाई बिशेष ग्राहयता। शनिबार पनि अफिस खुल्ला रहनेछ

छैटौं केसीसी अन्तरकलेज राष्ट्रिय क्रिकेट ट्वान्टी-२० प्रतियोगिता

सीसीआरसीलाई उपाधि

साप्ताहिक समाचार

काठमाडौं- आयोजक कान्तिपुर सिटी कलेज (केसीसी) लाई ८ विकेटले पराजित गर्दै क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सीसीआरसी) ले क्रिष्ट बैंक छैटौं केसीसी अन्तरकलेज राष्ट्रिय क्रिकेट ट्वान्टी-२० प्रतियोगिताको उपाधि हात पारेको छ।

कीर्तिपूरस्थित क्रिकेट मैदानमा भएको फाइनल खेलमा पहिले ब्याटिङ गर्दै आयोजक केसीसी 'रातो' ले २० ओभरमा ८ विकेटको क्षति बेहोर्दै १ सय रन बनाएको थियो। आयोजक समितिले कुनै पनि टिमले राष्ट्रिय प्रतियोगिता खेलेका, उमेर समूहका खेलाडीलगायत राष्ट्रिय टिममा रहेर पनि कुनै कलेजसँग आबद्ध नभएका खेलाडीलाई समावेश गर्न पाउने नियम राखेर प्रतियोगितालाई रोचक बनाउने प्रयास गरेका थिए, तर फाइनलमा केसीसीका तर्फबाट प्रारम्भिक ब्याट्सम्यानका रूपमा आएका मेहबुब आलम आक्रामक खेलको थालनी गर्दै १८ बलमा २२ रन बनाएर पेभिलियन फर्किए। आलमलाई आउट गरेका सीसीआरसीका विजय थापाले मनोज वैश्यलाई पनि २२ रनमै पेभिलियन पठाए, साथै थापाले दीपेन्द्र चौधरीलाई १ रनमा आउट गरेपछि केसीसी धरमराउँदो स्थितिमा पुग्यो। नेपाली राष्ट्रिय टिमका कप्तान विनोद दास क्रिजमा आए पनि उनले १७ रनको योगदान दिएर प्रतिद्वन्द्वी टिमलाई १ सय १ रनको विजय लक्ष्य मात्र दिन सके।

प्रतिउत्तरमा उत्रिएको सीसीआरसीका प्रारम्भिक ब्याट्सम्यान अनिल मण्डल र पवन दासले १३ ओभरमा ८६ रनको साझेदारी गरेपछि टिम विजयको नजिक पुगेको थियो। पवनको विकेट गए पनि अनिल अर्धशतक खेल्दै ६२ रनमा आउट भए। यो अवस्थामा सीसीआरसीलाई ३ रनको मात्र आवश्यकता थियो। १६ दशमलव २ ओभरमा सीसीआरसीले १ सय ३ रन बनाएर उपाधि हात पार्‍यो। आफ्नो टिमलाई विजयको मुखमा पुऱ्याएबापत अनिल मण्डल म्यान अफ दि म्याच घोषित भए भने प्रतियोगिता अवधिभर सर्वाधिक २ सय ३५ रन बनाएबापत उनी नै म्यान अफ दि सिरिज भए। फाइनलमा केसीसीबाट खेल्ने क्रममा एक बलमा आउट भएका दीपेन्द्र चौधरी सर्वश्रेष्ठ ब्याट्सम्यान र सीसीआरसी कलेजका स्पिनर राज श्रेष्ठ सर्वश्रेष्ठ बलर घोषित भए।

प्रतियोगिताको क्वाटरफाइनलमा केसीसीले नेसनल क्याम्पसलाई र ट्रिटन कलेजले पूर्वाञ्चल युनिभर्सिटी स्कुल अफ इन्जिनियरिङलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका थिए। यसैगरी पूर्वविजेता क्लासिक कलेज इन्टरनेसन गोल्डेन गेट इन्टरनेसनललाई र सीसीआरसी आयोजक केसीसी नीलोलाई पराजित गरेर सेमिफाइनल पुगेका थिए। सेमिफाइनलमा केसीसी रातोले ट्रिटनलाई १ विकेटले पराजित गर्दै फाइनलको यात्रा तय गरेको थियो। अर्को सेमिफाइनलमा सीसीआरसीले क्लासिक कलेज इन्टरनेसनललाई ५ विकेटले पराजित गर्दै फाइनलको सिट सुरक्षित गरेको थियो।

अधिराज्यका १२ वटा कलेजले सहभागिता जनाएको यो प्रतियोगितालाई ४ समूहमा विभाजन गरेर लिग कम नकआउटका आधारमा खेलाइएको थियो। करिब ७ लाख रुपैयाँ खर्च भएको प्रतियोगितामा विजेता टिमलाई २५ हजार रुपैयाँ र उपविजेता टिमलाई १० हजार रुपैयाँ पुरस्कार दिइएको थियो। यसैगरी म्यान अफ दि सिरिजलाई ५ हजार रुपैयाँ र बेस्ट ब्याट्सम्यान तथा बलरलाई ३/३ हजार रुपैयाँ प्रदान गरिएको थियो।

सत्यनारायण मा.वि.लाई उपाधि

विराटनगरमा सञ्चालन भएको अन्तरविद्यालय क्रिकेट प्रतियोगिताको उपाधि सत्यनारायण मा.वि.ले जितेको छ। फाइनलमा सत्यनारायणले नमुना मा.वि.लाई ६८ रनले पराजित गरेको थियो। टस जिती ब्याटिङ रोजेको सत्यनारायणले १९ ओभरमा अलआउट हुँदै १ सय ३३ रनको योगफल तयार पारेको थियो।

सत्यनारायणका लागि म्यान अफ द फाइनल सुरेन्द्र टुडुले २२, सोनु कामतले २०, राकेश कामतले १९ र जितेन्द्र कामतले १७ रनको योगदान दिएका थिए। नमुनाका लागि सन्दीप देवले ४ विकेट लिएका थिए।

१ सय ३४ रनको विजयी लक्ष्य पछ्याएको नमूनाले १५ दशमलव १ ओभरमा अलआउट हुँदै मात्र ६७ रन बनायो। नमुनाका लागि कसैले पनि दोहोरो अंकको रन जोड्न सकेनन्। सत्यनारायणका लागि अजय यादवले ३ विकेट लिए।

प्रतियोगिताको बेस्ट ब्याट्समेन सत्यनारायणका सुरेन्द्र टुडु भए भने बेस्ट बलर नमुनाका दीपेन्द्र मण्डल र म्यान अफ द सिरिज जानकीका राजु गुप्ता घोषित भए।

यो फाइनलले म्याच पूर्व महिलाहरूको टिम आदर्श बालिका मा.वि. र बुद्ध बोर्डिङ स्कुल बनिगाका बीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता भएको थियो। सोही अवसरमा एसीसी यु-१९ महिला टोलीकी सदस्य सविना कार्कीलाई ५ हजार १ नगद र प्रमाणपत्रसहित सम्मान गरिएको थियो।

सञ्जीव खनाल

• मैदान बाहिर •

लाम्पार्डलाई आपत

चेल्सी क्लबका फुटबलर फ्र्यांक लाम्पार्ड अहिले श्रीमती र प्रेमिकाका कारण तनावग्रस्त छन्। श्रीमती एलिन रिभ्ससँग गत फेब्रुअरी महिनामा पारपाचुके भए पनि उनीहरूबीचको अंश विवाद मिलेको छैन। लाम्पार्डकी श्रीमतीले आफू र दुई छोरीको बसोबास, खानपिन एवं पढाइका बारेमा लाम्पार्डले केही पनि नसोंचेको बताउँदै हिंड्न थालेपछि लाम्पार्डलाई थप आपत परेको हो। श्रीमतीको यस्तो अभिव्यक्ति आएपछि लाम्पार्डले हालै एक रेडियोमा अन्तर्वार्ता दिँदै आफूलाई श्रीमतीले छोरीहरूको नाम अघि सारेर तनाव दिएको बताए। लाम्पार्डका अनुसार आफ्नी आमाको मृत्यु भएको एक वर्षको कार्यक्रम सकिएपछि श्रीमती र छोरीहरूको व्यवस्था गर्ने बताउँदा पनि श्रीमतीले नमानेको बताए। श्रीमती एलिनले आफू सामान्य □ल्याटमा बस्नुपरेको तर लाम्पार्ड भने ८५ लाख पाउन्ड पर्ने घरमा बसिरहेको बताएकी थिइन्। प्रतिसाता १ लाख २० हजार पाउन्ड कमाउने लाम्पार्डले श्रीमती एलिनले पारपाचुके गरेपछि सस्किया बक्सफोर्डसँग आफ्नो घनिष्ठता बढाएका छन् तर सस्किया एलिनभन्दा बढी खर्चालु भएका कारण उनलाई थप आपत् परेको छ।

स्टेफनी राइस नै सेक्सी खेलाडी

विश्व महिला पौडीमा रूप र सीपका कारणले तहल्का मच्चाइरहेकी अस्ट्रेलियन स्वीमर स्टेफनी राइस सन् २००९ को सर्वाधिक कामोत्तेजक खेलाडी छानिएकी छिन्। पुरुषप्रधान एफएचएम म्यागजिनले गरेको सर्वेक्षणमा राइस सन् २००९ का कामोत्तेजक महिलाहरूको सूचीमा ३० औं स्थानमा रहे पनि खेलाडीहरूको सूचीमा भने अग्रस्थानमा रहन सफल भइन्। सर्वेक्षणमा गायिका एवं फुटबल खेलाडी एस्ले कोलकी श्रीमती चेरी कोलले शीर्षस्थान हासिल गरेकी थिइन्। सर्वेक्षणमा सर्वियाकी एन्ना इभानोभिच ३२ औं स्थान रहिन्। शरीर र सौन्दर्यका कारण राइसले यो उपाधि पाएको एफएचएम म्यागजिनका सम्पादकले बताएका छन्। सर्वेक्षणमा अस्ट्रेलियाको राष्ट्रिय टोलिमा रहेर फुटबल एवं क्रिकेट खेल्ने एलिसी पिरेले ८२ औं स्थान र टेनिस खेलाडी जेलिना डोकीले ९३ औं स्थान हासिल गरेकी छिन्। राइसको सौन्दर्य एवं खेलमा पाएको सफलताका कारण अहिले स्पोर्ट्स वेयर कम्पनीहरू उनलाई प्रायोजन गर्न प्रतीक्षारत छन्।

मिस्किना अब टेलिभिजनमा

लिन्ड्से डेभनपोर्ट आमा बनेर पुनः खेलमा फर्किएपछि अहिले टेनिसका पारखीहरूको ध्यान एनास्थिसिया मिस्किनातर्फ केन्द्रित छ। सन् २००४ मा रूसका लागि पहिलो महिला ग्रान्डस्ल्याम फ्रेन्च ओपन जितेकी मिस्किनाले टपलेस फोटो सुट गरेपछि उनको सौन्दर्यलाई मारिया सारापोभाको समकक्षमा राखियो तर सन् २००७ मा कुर्कुच्चामा चोट लागेपछि उनी कोर्टमा फर्कन सकिनन्। आफ्ना टेनिस प्रशिक्षक जेन्स गेर्लाचसँग विवाह गरेकी मिस्किना गत वर्ष गर्भवती भइन्। उनको खेल र सौन्दर्यबाट मुग्ध भएकाहरू उनलाई अहिले लिन्ड्से डेभनपोर्टसँग तुलना गर्छन्। लिन्ड्से आमा बनेर पुनः टेनिस कोर्टमा फर्किएको घटना सम्झनेहरू अहिले मिस्किना पनि आमा बनेपछि कोर्टमा फर्कनेछिन् भन्ने अनुमान गरिरहेका छन्। मिस्किना टेनिसमा फर्कने हुन् कि होइनन्, उनी आफैले भने निर्णय गरिसकेकी छैनन् तर उनले हालै एक टेलिभिजन कम्पनीसँग कार्यक्रम चलाउने सम्झौता गरेको उनका श्रीमान्ले बताएका छन्।

पुलिसको अनुपस्थितिमा रेगर अगाडि

हिमेशरत्न बज्राचार्य

काठमाडौं- फुटबलमा 'इफ एन्ड बट्स' अर्थात 'यदी र तर' चल्दैन। यद्यपि प्रशिक्षक विराटकृष्ण श्रेष्ठको भनाइ सापटी लिने हो भने एएफसी प्रेसिडेन्ट्सकप छनौट समूह 'ए' मा नेपाल पुलिस क्लबले राम्रो खेल्यो, तर सेमिफाइनलमा भने पुगेन्। यदि उत्कृष्ट प्रदर्शनसँगै पुलिसले स्पष्ट जित पनि हात पारेको भए, सफलतापूर्वक छनौट चरण पार गर्ने थियो। लगातार तेस्रो पटक दोस्रो दर्जाको एसियाली क्लब च्याम्पियनसिप खेलिरहेको पुलिससँग यसपल्ट आफ्नै घरेलु मैदान र दर्शकसामु खेल्ने अवसर थियो। दुई वर्षअघि उप-विजेतासमेत रहेको पुलिसले प्रशिक्षक श्रेष्ठको नेतृत्वमा अपेक्षाभन्दा राम्रो खेलेको थियो। छनौट चरणको नियम लागू भएयता पुलिसले पुराना संस्करणमा त्यसलाई पार गरेको थियो। यस्तोमा पुलिसले समूह 'ए' को छनौटमा राम्रो खेल्ने अपेक्षा थियो। छनौट अगाडि पुलिसका अनुभवी खेलाडी अनन्त थापाले भनेका थिए, 'हामीले घरेलु दर्शकलाई निराश पार्ने छैनौं।' यसपल्ट पुलिसका प्रतिद्वन्द्वी थिए, डिफेन्डिङ च्याम्पियन रेगर ताडाजसँगै पाकिस्तानको वाप्डा र चिनिया ताइपेयीको ताइवान पावर कम्पनी। तीनवटै टिम पुलिसका पुराना प्रतिद्वन्द्वी हुन्। अनन्तको वाचा ताइवान पावर कम्पनीविरुद्धको पहिलो खेलमै तुहियो।

ठूलो अपेक्षासहित मैदानमा ओर्लिएको पुलिस चिनियाँ ताइपेयी टिमविरुद्ध ३-२ ले पराजित भयो। त्यसमा पुलिसले ताइवान पावर कम्पनीलाई दबाबमा राखेपनि पर्याप्त अवसर सदुपयोग गर्न सकेन्। त्यसमाथि राष्ट्रिय गोलरक्षकसमेत रहेका रितेश थापाले शृङ्खलावद्ध भुल गरे। उनको अविश्वसनीय खराब प्रदर्शनले ताइवान पावर कम्पनीले गोलको सहज अवसर पायो। पुलिसका तर्फबाट गोल गर्ने खेलाडी भने भोला सिलवाल र चेतन घिमिरे रहे। पुलिस दोस्रो खेलमा पनि निराशजनक रूपमा वाप्डासँग गोलरहित बराबरीमा रोकियो। त्यसमा पनि पुसिलले एकपछि अर्को आक्रमण बुन्यो, तर प्रत्येक आक्रमणमा निर्णायक 'टच' दिन सकेन्। खेल लगभग एकपक्षीय थियो, तर वाप्डा बराबरीको नतिजा निकाल्न सफल भयो। त्यसबीचका खेलमा वाप्डाले रेगर ताडाजलाई गोलरहित बराबरीमा रोकेको थियो। अर्को खेलमा रेगर ताडाजले ताइवान पावर कम्पनीलाई तनावपूर्ण खेलमा ३-१ ले हरायो। उक्त खेल कति तनावपूर्ण थियो भने प्रतिस्पर्धाको समाप्तीमा रेगर ताडाज १० र ताइवान पावर कम्पनी ९ खेलाडीमा सीमित थियो। सुरुवाती चार खेलको समाप्तिमा पुलिसको सम्भावना भने कायम थियो। यस्तोमा आफ्नो अन्तिम खेलमा पुलिसले रेगर ताडाजलाई हराउनु पर्ने थियो र अन्तिम खेल बराबरीमा टुंगिनुपर्ने थियो। दुवै नतिजा नेपाली टिमको पक्षमा रहेन।

रेगर ताडाजविरुद्धको खेल रोमाञ्चक २-२ को बराबरीमा रोकियो। त्यसमा पुलिस दुईपल्ट पछाडि रहेर पनि खेलमा फर्किएको हो। पुलिसका लागि दुवै गोल चेतनले गरे। अन्तिम खेलमा वाप्डाले ताइवान पावर कम्पनीलाई ३-१ ले हरायो। रेगर ताडाज र ताइवान पावर कम्पनी दुवै समान ५ अंकमा रहे। दुवैको एक जित र दुई बराबर रह्यो। ताजाकिस्तानी टिम भने गोल अन्तरमा शीर्ष स्थानमा रह्यो र अन्तिम चार पुग्यो। उत्कृष्ट दोस्रो समूह उप-विजेताका रूपमा पाकिस्तानी टिमको सम्भावना कायम रहनेछ। ताइवान पावर कम्पनीले ३ अंक जोड्यो भने पुलिस २ अंकमै सीमित हुँदै निराशाजनक रूपमा अन्तिम स्थानमा पुग्यो। 'छनौट सुरु हुनुअघि हामीले सहज सफलता प्राप्त गर्ने अपेक्षा गरेका थियौं, तर नतिजा त्यस्तो भएन। पुलिसका लागि यो निराशाजक नतिजा हो,' प्रशिक्षक श्रेष्ठले निचोड निकाले। समग्रमा यो प्रतियोगिता नेपाली फुटबलकै लागि निराशजनक रह्यो।

५ प्रश्न

किरण चेम्जोङ नेपाली राष्ट्रिय फुटबल टिमका कान्छा गोलरक्षक हुन्। नबिल थ्रीस्टार क्लबबाट खेल्ने २० वर्षीय चेम्जोङलाई ६ फिटको उचाइले पनि गोलपोस्ट सम्हाल्न निकै साथ दिएको छ। धनकुटा जिल्लास्थित राजारानीका किरणको परिवारमा आमा र एक दिदी हुनुहन्छ।



के कुरामा सन्तुष्टि अनुभव हुन्छ ?

प्रशिक्षकको आशाअनुसार उत्कृष्ट खेल देखाउन सकेको अवस्थामा एकदमै सन्तुष्टि मिल्छ।

मन पर्ने खेलाडी ?

गोलरक्षकमा रिटायर्ड उपेन्द्रमान सिंह र चेल्सीका पिटर चेक, अनि इङ्ल्यान्डका डेविड बेकह्याम र पोर्चुगलका क्रिस्टियानो रोनाल्डो। संन्यास लिइसकेका हरि खड्का र घाइते भै खेलमा फर्कने तयारीमा रहेका प्रदीप महर्जनको खेल पनि राम्रो लाग्छ।

गर्लफ्रेन्ड छिन् हैन ? डेटिङमा कतिको गइन्छ ?

छिन्, उनी धरानकी हुन्। गेम नहुँदा घरमै रहेको बेला सातामा एक दिन डेटिङमा जान्छौं। व्यस्त हुँदा भने फोनमै मात्र गफगाफ हुन्छ।

विवाह कहिले गर्ने ?

विवाहका बारेमा सोचेको छैन।

घुम्न मन पर्ने स्थान ?

आफ्नै घर भएको राजारानी। जहाँ तालसँगै अनुपम प्राकृतिक सुन्दरता छ। इलाम र पोखरा पनि राम्रो लाग्छ।

-राजु घिसिङ

हिमालको काखमा सांगीतिक उत्सव

साप्ताहिक समाचार

सोलुखुम्बु– आगामी शुक्रबार विश्व सगरमाथा दिवस मनाइँदैछ। पहिलो पटक सगरमाथा आरोहण गरिएको दिनलाई सगरमाथा दिवसका रूपमा मनाइए पनि सगरमाथा क्षेत्रमा अघिल्लो सातादेखि नै कार्यक्रमहरू भैरहेका छन्। गत शनिबार सोलुखुम्बुको जिविस प्रांगणमा आयोजित दोस्रो सोलु सांगीतिक उत्सव तथा अल नेपाल म्युजिकल टुर विद डिजे तेन्जिङमा राजधानीबाट गएका एक दर्जनभन्दा बढी संगीतकर्मी एवं हास्यकलाकारले स्थानीय दर्शकहरूलाई करिब आठ घण्टासम्म मनोरञ्जन प्रदान गरे।

स्थानीय शुभतारा बहुउद्देश्य सहकारी संस्थाले आयोजना गरेको उक्त कार्यक्रमको प्रारम्भमा गायक रोज मोक्तानले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे। मोक्तानले कलकत्ते काइँयो, झिम्काइदेऊ परेली, हिमाली पाखैमा लगायत पाँच गीत गाएर सांगीतिक कार्यक्रमको थालनीलाई मनोरञ्जक बनाए। त्यसपछि गायक मिङ्मा शेर्पाको पालो आयो। उनले नमुना बनाइदियौ, जामा-जामा जाली रुमाल खस्यो पानीमा, लालुपाते फुल्यो बनैमा, रेलै घुमेरजस्ता लोकभाकाका गीत गाउँदा हिमाली क्षेत्रका दर्शकहरू नाच्न बाध्य भए। गायिका रेश्मा सुनुवार मञ्चमा प्रवेश गर्नासाथ दर्शकले 'मैं ठूली भै'छु रे' गाउन आग्रह गरे। उनले पनि यही गीतबाट आफ्नो प्रस्तुति प्रारम्भ गरिन्। पहिलो गीतदेखि नै दर्शक नचाउन थालेकी रेश्माले झिम्काइदेऊ परेली लगायतका पाँचवटा गीत प्रस्तुत गरिसक्दा पनि दर्शकहरू थाकेका थिएनन्। प्रायः हिमाली क्षेत्रकै गीत गाउने गायक अभिनाश घिसिङले सोलुमा पनि त्यस्तै भाकाका गीत गाए। उनले 'हुर्रे हुर्रे...' लगायत अन्य गीत गाएर कार्यक्रमलाई मनोरञ्जक बनाए।

सीताराम कट्टेल (धुर्मस), कुञ्जना घिमिरे (सुन्तली) तथा केदार घिमिरे (माग्ने बूढा) लाई 'मेरी बास्सै' मा मात्र देखिरहेका सोलुखुम्बुका दर्शक उनीहरूलाई आफ्नो थलोमा पाउँदा हर्षित देखिन्थे। सांगीतिक कार्यक्रमको बीचैमा टेलिश्रृंखलाकै हाउभाउ तथा पहिरनमा प्रस्तुत भएका तीन जना चर्चित हास्यकलाकारहरू स्टेजमा प्रवेश गर्नासाथ दर्शकदीर्घामा हाँसोको फोहोरा छुट्यो। उनीहरूको प्रहसनले संगीतमा झुमिरहेका दर्शकलाई हाँस्न बाध्य बनायो। कार्यक्रमको उत्तरार्द्धमा डिजे तेन्जिङको डिजे सेसन प्रारम्भ भयो। उनले नेपाली, हिन्दी तथा अंग्रेजी गीतका रिमिक्स भर्सनहरू बजाउँदै करिब तीन घण्टा कार्यक्रमस्थललाई नै डान्स फ्लोरमा परिणत गरेका थिए। साप्ताहिकको समेत सहभागिता रहेको यो रमाइलो कार्यक्रम राति दस बजेसम्म चलेको थियो।

म्युजिकल एभरेस्ट

यसबीच आगामी जेठ ११ गते (सोमबार) लुम्लामा अल नेपाल म्युजिक टुर विद डिजे तेन्जिङअन्तर्गत 'म्युजिकल एभरेष्ट' शीर्षकको सांगीतिक कार्यक्रम हुँदैछ। हिमालयन युथ क्लब लुक्ला तथा इफो इन्टरटेन्मेन्टले संयुक्त रूपमा आयोजना गर्न लागेको उक्त कार्यक्रममा डिजे तेन्जिङका अतिरिक्त शीतल-शिवानी मोक्तानका साथै गायकहरू रोज मोक्तान, अभिनाश घिसिङ तथा मिङ्मा शेर्पा सहभागी हुनेछन्। कार्यक्रममा हास्यकलाकार नारद खतिवडाको हास्यप्रस्तुतिलाई पनि समेटिनेछ। यो कार्यक्रममा सहभागिता जनाउन कलाकारहरूको एक समूह भोलि शनिबार नै त्यसतर्फ प्रस्थान गर्दैछ।

'म्युजिकल एभरेस्ट' शीर्षकमै यो कार्यक्रम सगरमाथा दिवसका दिन अर्थात् आगामी शनिबार नाम्चेबजारमा पनि प्रस्तुत गरिनेछ। युथ ग्रुप तथा इफो इन्टरटेन्मेन्टले संयुक्त रूपमा आयोजना गर्ने नाम्चेको कार्यक्रममा लुक्लाको कार्यक्रमकै कलाकारहरू सहभागी हुनेछन्। विश्वभरिका पाँच हजारभन्दा बढी पर्यटकको सहभागितामा एभरेस्ट म्याराथुन पनि सोही दिन हुने भएकाले लुक्लाको कार्यक्रममा दर्शक सहभागिता अत्यधिक रहने आशा कार्यक्रमका संयोजक डिजे तेन्जिङको छ।

बलिउडका नेपालीको सीपलाई कलिउडमा

वीरेन्द्र पौडेल

बलिउड नगरी मुम्बईस्थित फिल्मसिटीको भ्रमण, अध्ययन र फिल्म कार्पोरेसनसँग छलफल गर्न गत शनिबार मुम्बई आएको नेपाल चलचित्र विकास बोर्डको समूहले मंगलबार बलिउडमा स्थापित भैसकेका र संघर्षरत हिन्दी चलचित्र क्षेत्रसँग सम्बन्धित नेपालीहरूसँग विशेष छलफल गरेको छ। अध्यक्ष गणेश भण्डारी, सदस्य युवराज लामा तथा सदस्य सचिव राजेन्द्र नेपाल सहभागी विशेष अन्तर्क्रियामा मुम्बईमा लामो समयदेखि विभिन्न क्षेत्रमा कार्यरत नेपालीहरूले बोर्डका पदाधिकारीहरूलाई विभिन्न सुझाव दिएका छन्। उनीहरूले बलिउडमा सिकेको काम र प्रविधिलाई नेपाली चलचित्रमा प्रयोग गर्ने इच्छा पनि व्यक्त गरेका छन्।

प्रवासी नेपालीहरूले नेपाली चलचित्रको कथामा नयाँपन हुनुपर्ने, प्रविधिको विकास हुनुपर्ने, समाजलाई चेतना दिने खालका चलचित्रहरू बन्नुपर्ने, भारतमा नेपाली चलचित्रको प्रदर्शनलाई व्यवस्थित गरिनुपर्ने, अवैध रूपमा भैरहेको पाइरेसीलाई रोक्नुपर्ने एवं प्रवासीको लगानीमा बन्न लागेका चलचित्रहरूलाई सहयोग गरिनुपर्ने जस्ता कुराहरू विकास बोर्डका पदाधिकारीसमक्ष राखेका छन्। अन्तर्क्रियामा बोल्ने प्रायः सबै प्राविधिक तथा कलाकारले बलिउडमा नाम, काम र दाम हुँदाहुँदै पनि नेपालमै गएर केही गर्ने भित्री इच्छा भएको र त्यसका लागि चलचित्र विकास बोर्डले विशेष पहल गर्नुपर्ने बताएका छन्।

मुम्बईमा रहँदा बोर्डका पदाधिकारीले आइतबार मुम्बईको फिल्म सिटीको अध्ययन भ्रमण गरेका छन् भने सोमबार फिल्म कार्पोरेसनसँग छलफल गरेका छन्। उक्त अवसरमा नेपाली चलचित्र र हिन्दी चलचित्र क्षेत्रको सम्बन्ध, अन्तर्देशीय चलचित्रको आदन-प्रदान, प्राविधिक सहयोग, जनशक्तिको आदान-प्रदान, प्रशिक्षणका विषयमा छलफल गरेको बताइन्छ। छलफलमा नेपाल चलचित्र विकास बोर्डको टोलीले हिन्दी चलचित्रहरूको छायाङ्कन नेपालमा समेत गर्न आमन्त्रण गरेको छ भने भारतमा नेपाली चलचित्रलाई सहज रूपमा चलाउन आइपर्ने बाधा-अड्चनहरूको समाधान गर्ने विषयमा समेत चर्चा भएको छ।

यसैगरी सोमबार नै टोलीले भारतीय अभिनेता देवानन्दसँग पनि भेट गरेको छ। बोर्डका सदस्यहरू मंगलबार नै चेन्नईको फिल्मसिटी अवलोकन गर्न त्यसतर्फ लागेका थिए।

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
परीक्षा दिएर बसेकाहरुलाई विशेष छुट
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
परीक्षा दिएर बसेकाहरुलाई विशेष छुट
DIGITAL VIDEO-EDITING & ANIMATION
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

20% off for SLC Student
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
20% Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 014483414
Adwait Marg Old Buspark: Tel: 4232866
Lagankhel: Tel: 5004018

प्राईभेट
Test/SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका / जागिरे उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै विधार्थीहरुलाई समेटने गरी
दश कक्षामा भर्ना खुल्यो
● जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
● पुस्तकालय र होस्टेलको व्यवस्था
● अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004....
सिमित सिटमा फारम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा
(कोलम्बस कलेजको ठिक अगाडी)
फोन नं. 4781061,9841387697

मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
Guarantee
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
१२ वर्ष पूरानो
३०% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर :४४९५५८१
कालिमाटी :०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

गलोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎ 4484098,2134544

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd
PACIFIC
Jamal, Kathmandu
4232196

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

होटल तालिम
SLC दिएर बसेका विद्यार्थीहरुका लागि विशेष छुट मा निम्न विषयहरूमा भर्ना लिइदैछ।
विशेष छुटमा

विषय	पुरानो शुल्क	छुट सहितको शुल्क
Cook	~~8000~~	5000
Waiter	~~3000~~	1500

साथमा
Bakery/Bar Tender/Front office House keeping/Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
National Employment Training Center Pvt. Ltd.
NETC
चुच्चेपाटी, चावहिल
४४९००१६
२०२३३६७

३ महिनामा ४" उचाइ बढाउने
♦ केश झर्न तुरन्तै रोकी उमार्ने
♦ १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
♦ जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
♦ तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
♦ १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
♦ प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
♦ ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5550195
Mo:9841556532
शाखा कार्यालय बनेपा 011- 660924

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।